पुस – २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १८ | **२०७५, पुस १६–३०** | पूर्णाङ्क ६३६



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री खगेन्द्रप्रसाद अधिकारी, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मन्दिरा शाही
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री यशोदा निरौला
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
सिनियर बुकबाइन्डर श्री विद्यानन्द पोखरेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| संयुक्त इजलास | ११ | इजलास नं. १० | २ |
| इजलास नं. १ | ५ | इजलास नं. ११ | २ |
| इजलास नं. २ | २ | इजलास नं. १२ | ५ |
| इजलास नं. ३ | ९ | इजलास नं. १३ | ३ |
| इजलास नं. ४ | ३ | इजलास नं. १४ | २ |
| इजलास नं. ५ | २ | इजलास नं. १५ | ५ |
| इजलास नं. ६ | १ | इजलास नं. १६ | ३ |
| इजलास नं. ७ | ५ | इजलास नं. १७ | १ |
| इजलास नं. ८ | ४ | इजलास नं. १९ | ४ |
| | | एकल इजलास | २ |
| जम्मा | ४२ | जम्मा | २९ |

**कूल जम्मा** **४२ + २९ = ७१**

# नेपाल कानून पत्रिका

मा प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् गृहपृष्ठमा देखिने **शब्दबाट फैसला खोज्नुहोस्** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गर्नुहोस् । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा वेबसाइटको दोस्रो शीर्षकमा रहेको **वृहत् खोज** खोलेर विभिन्न किसिमले फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेत हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७५, पुस – २, पृष्ठ १**

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

# Toll Free Number

# १६६०–०१–३३३–५५

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.२०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| संयुक्त इजलास | | | १ - ९ |
| १. | परमादेश | रामशरण पाण्डे वि. नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ, काठमाडौंसमेत | |
| २. | उत्प्रेषण / निषेधाज्ञा | सुलमान मियाँ वि. अब्दुल्लाह मियाँ हजामसमेत | |
| ३. | उत्प्रेषण / निषेधाज्ञा / परमादेश | हबिब खाँन वि. वीरगञ्ज भन्सार कार्यालय, पर्सासमेत | |
| ४. | निषेधाज्ञा / परमादेश | राजकुमार साह तेली वि. बारा जिल्ला अदालतसमेत | |
| ५. | उत्प्रेषण / परमादेश | गोपीलाल भट्टराईसमेत वि. मालपोत कार्यालय, धनकुटासमेत | |
| ६. | भ्रष्टाचार (सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता) | नेपाल सरकार वि. हरि बखतीसमेत | |
| ७. | भ्रष्टाचार राजश्व हिनामिना | नेपाल सरकार वि. फणिन्द्रराज खरेल | |
| ८. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. अच्युतकुमार श्रेष्ठसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | रामबहादुर थापा वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | भेषबहादुर कार्की वि. भमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुरेश परियारसमेत | |
| इजलास नं. १ | | | ९ - १३ |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. देवनारायण मुसहर | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रोशन तामाङ | |
| १४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मोहन साह कानु | |
| १५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भीमलाल पाण्डे | |
| १६. | अवहेलनामा सजाय गरिपाऊँ | पुष्पराज पाण्डेय वि. चन्द्रमणी पौडेलसमेत | |
| इजलास नं. २ | | | १३ - १४ |
| १७. | उत्प्रेषण | कुमारप्रसाद श्रीवास्तव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत | |
| १८. | निषेधाज्ञा | विनोदप्रसाद साह वि. सूर्यप्रसाद उपाध्याय | |
| इजलास नं. ३ | | | १४ - २० |
| १९. | परमादेश | राजनहरि श्रेष्ठ वि. परमानन्द यादव | |
| २०. | निषेधाज्ञा | कला रेग्मी (पंगेनी) वि. सुस्मिता महर्जन | |
| २१. | निषेधाज्ञा | चुलिया देवी गिरी वि. लिलादेवी गिरी | |
| २२. | निषेधाज्ञा | चन्द्रकुमारी उपाध्याय वि. यशोदा श्रेष्ठसमेत | |

| | | |
|---|---|---|
| २३. | निषेधाज्ञा | सूर्ज महर्जन वि. मथुरा कटुवालसमेत |
| २४. | उत्प्रेषण / परमादेश | सलिम मियाँसमेत वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत |
| २५. | जबरजस्ती करणी | नेपाल सरकार वि. काशीनाथ पौडेल |
| २६. | करार बमोजिम रूपैयाँ दिलाई पाऊँ | अरूणकुमार थापासमेत वि. सानुकान्छा श्रेष्ठ |
| २७. | उत्प्रेषण / परमादेश | डम्बर चन्द वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत |
| २८. | उत्प्रेषण | सन्जिव शर्मा दास वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत |
| **इजलास नं. ४** | | **२० - २२** |
| २९. | हातहतियार खरखजाना | नेपाल सरकार वि. आकाश भन्ने नवराज श्रेष्ठसमेत |
| ३०. | लागु औषध खैरो हेरोइन | अनिला श्रेष्ठ वि. नेपाल सरकार |
| ३१. | वैदेशिक रोजगार ठगी | नेपाल सरकार वि. शंकरप्रसाद चापागाई |
| **इजलास नं. ५** | | **२२ - २९** |
| ३२. | गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. निरञ्जनप्रसाद चालिसे |
| ३३. | लागु औषध बुप्रिनर्फिन | नेपाल सरकार वि. प्रेम भन्ने राज पुन |
| **इजलास नं. ६** | | **२९** |
| ३४. | उत्प्रेषण | यक्षध्वज कार्की वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहचल, काठमाडौंसमेत |
| **इजलास नं. ७** | | **२९ - ३४** |
| ३५. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. रत्ना सापकोटा |
| ३६. | भ्रष्टाचार (परीक्षाको परिमाण फेरबदल) | नेपाल सरकार वि. रेशमबहादुर थापा |
| ३७. | उत्प्रेषण / परमादेश | चन्द्रकिशन साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत |
| ३८. | उत्प्रेषण / परमादेश | अर्जुनकुमार साह वि. जिल्ला प्रशासन कार्यालय, महोत्तरीसमेत |
| ३९. | भ्रष्टाचार (रकम हिनामिना) | नेपाल सरकार वि. रणधिरकुमार यादवसमेत |
| **इजलास नं. ८** | | **३४ - ३७** |
| ४०. | खिचोला छोडाई नामसारी | सुनरपतिया धनुकाएनसमेत वि. जटही धनुकाइनसमेत |
| ४१. | उत्प्रेषण | कुमार रिजाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |

| | | |
|---|---|---|
| ४२. | उत्प्रेषण | राजेन्द्र तिवारी वि. आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं.३ लाजिम्पाटसमेत |
| ४३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामबाबु महतो भन्ने रामबाबु प्रसाद सिंह |
| **इजलास नं. १०** | | **३७ - ३८** |
| ४४. | नकबजनी चोरी | नेपाल सरकार वि. दिलबहादुर बस्नेतसमेत |
| ४५. | निषेधाज्ञा | गीता बस्नेत वि. भावनामैया तण्डुकार |
| **इजलास नं. ११** | | **३९ - ४१** |
| ४६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. बलिराम यादवसमेत |
| ४७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिलु भन्ने दिलिप पुनमगर |
| **इजलास नं. १२** | | **४१ - ४५** |
| ४८. | कर्तव्य ज्यान | प्रहलादकुमार पासवान वि. नेपाल सरकार |
| ४९. | घर भत्काई चलन चलाई पाऊँ | राजेश खड्कासमेत वि. हीरा शाह |
| ५०. | अंश | थिरबहादुर सुनारसमेत वि. प्रतिमान सुनार |
| ५१. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. कान्ति राना गुरूङसमेत |
| ५२. | गलत लिखत लेखी लेखाई उजुरीकर्ता लाई दु:ख हैरानी दिई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको | नेपाल सरकार वि. बाबुराम पाण्डेसमेत |
| **इजलास नं. १३** | | **४६ - ४८** |
| ५३. | उत्प्रेषण / परमादेश | जयराज पन्त वि. पुनरावेदन अदालत, महेन्द्रनगर, कञ्चनपुरसमेत |
| ५४. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. रिठु तामाङसमेत |
| ५५. | वैदेशिक रोजगार कसुर | दुर्गाराज न्यौपाने वि. नेपाल सरकार |
| **इजलास नं. १४** | | **४८ - ४९** |
| ५६. | डाँका | नेपाल सरकार वि. हेम्जो भन्ने सुरज टुडुसमेत |
| ५७. | डाँका | नेपाल सरकार वि. हेमप्रसाद कडरियामेसत |
| **इजलास नं. १५** | | **४९ - ५२** |
| ५८. | निर्णय दर्ता बदर | हरिशंकर थापामगर वि. हरिप्रसाद जोशीसमेत |
| ५९. | निकासा खुलाई बाटो कायम गरिपाउँ | हेराकाजी महर्जनसमेत वि. इन्सान महर्जन |

| | | |
|---|---|---|
| ६०. | जग्गा खिचोला | विजयकुमार राय वि. बेचनकुमार राय |
| **इजलास नं. १६** | | **५३ - ५४** |
| ६१. | लेनदेन | शिवप्रसाद अर्याल वि. जयराम ताम्राकार |
| ६२. | उत्प्रेषण / परमादेश र प्रतिषेध | चन्द्रबहादुर चोङ्याङसमेत वि. शिक्षा मन्त्रालय, केशरमहलसमेत |
| **इजलास नं. १७** | | **५४ - ५५** |
| ६३. | उत्प्रेषण | दिपेन्द्रप्रसाद पटेल वि. नरेश राउत कुर्मीसमेत |
| **इजलास नं. १९** | | **५६ - ५९** |
| ६४. | उत्प्रेषण | कोपिला चुडाल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत |
| ६५. | कर्तव्य ज्यान | सागर अधिकारी वि. नेपाल सरकार |
| ६६. | कर्तव्य ज्यान | दिपक चौधरी वि. नेपाल सरकार |
| ६७. | दोहोरो दर्ता स्रेस्ता सुधार | मालपोत कार्यालय, सुनसरी वि. बन्हु चौधरी |
| **एकल इजलास** | | **६०** |
| ६८. | उत्प्रेषण | खड्कलाल घर्ती वि. उच्च अदालत, पोखरा, बागलुङ इजलास बागलुङसमेत |
| ६९. | बन्दी प्रत्यक्षीकरण | सबिना राउत खड्का वि. महानगरीय परिसर, टेकुसमेत |

**संयुक्त इजलास**

१

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०३८९, परमादेश, *रामशरण पाण्डे वि. नेपाल चेम्बर अफ कमर्स, कान्तिपथ, काठमाडौंसमेत*

निवेदकले आफूसमेत निर्वाचित भएको कार्यसमितिको निर्वाचन २०६५ साल चैत्रदेखि नेपाल चेम्बर अफ कमर्सको विधानअनुसार ३ वर्षको कार्यकाल भएको र सोबमोजिमको कार्यकाल पूरा नहुँदै विपक्षीहरूले विधान संशोधन गरी अवैधानिक रूपमा नयाँ कार्यसमितिको निर्वाचन गरेको भन्ने मुख्य दाबी गरेको देखिने।

पुनरावेदकसमेत रहेको विधान संशोधन मस्यौदा कमिटिबाट सिफारिस भएबमोजिम साधारण सभाबाट पारित विधानको संशोधनलाई स्वीकृतिप्राप्त गर्न नेपाल सरकारसमक्ष पठाएको र नेपाल सरकारबाट स्वीकृति प्राप्त भएको भन्ने देखिँदैन। नेपाल सरकारको स्वीकृति नहुन्जेलसम्म साधारणसभाबाट पारित संशोधित विधानले पूर्णता पाउन सक्दैन। यसरी पूर्णता नै नपाएको र पूर्णता नपाउँदै लागू हुन नसक्ने हुँदा लागू नै नभएको विधानलाई बदर गर्नका लागि उत्प्रेषणको आदेश जारी गर्नुको कुनै औचित्य नदेखिने।

नेपाल चेम्बर अफ कमर्सको कार्यसमितिमा आफ्नो कार्यकाल ३ वर्षको भएकाले पूरा कार्यकाल काम गर्न दिनु भन्ने परमादेश तथा निषेधाज्ञाको आदेश जारी गरिपाउँ भन्ने निवेदकको मागका सम्बन्धमा हेर्दा यी निवेदक मिति २०६५।१२।२३ मा ३ वर्षका लागि निर्वाचित भएको देखिएको र निजको कार्यकाल मिति २०६८।१२।२२ सम्म भएको देखिन्छ । हाल पुनरावेदक / निवेदकको कार्यकाल व्यतित भइसकेको र नयाँ कार्यसमितिको निर्वाचन भई कार्यरत रहेकोले निजलाई आफ्नो कार्यकाल भर काम गर्न दिनु भनी परमादेश तथा निषेधाज्ञाको आदेश जारी गर्नुको कुनै औचित्य नै नरहेको हुँदा मागबमोजिमको आदेश जारी हुन सक्ने अवस्था नदेखिने।

अतः पूर्णता नपाएको विधान संशोधनलाई बदर गर्न उत्प्रेषणको आदेश र निवेदकको पदको विधानबमोजिमको कार्यकाल समाप्त भएपछि निजलाई सोही पदको हैसियतमा काम गर्न नरोक्नु भनी परमादेश, निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने कुनै औचित्यता नरहेकोले निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।१२।२९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

२

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०६९४, उत्प्रेषण / निषेधाज्ञा, *सुलमान मियाँ वि. अब्दुल्लाह मियाँ हजामसमेत*

पुनरावेदक / निवेदकले नगरपालिकाको सार्वजनिक सम्पत्ति भनी दाबी गरेको वीरगञ्ज उपमहानगरपालिका वडा नं.१९ को कि.नं. ५१ र ५२ का जग्गाहरू साबिक इनर्वाभाठा गाउँ पञ्चायतले मिति २०३४।९।२६ को तत्कालीन गाउँ पञ्चायत कार्यालयको गाउँसभाको निर्णयले विपक्षीमध्येका नेपाल राष्ट्रिय प्राथमिक विद्यालयलाई उपभोग गर्न दिएको तथ्य मिसिल संलग्न रहेको गाउँ पञ्चायतको कार्यालय, इनर्वाभाठाको मिति २०३४।१०।२५ को पत्र र विद्यालयको तर्फबाट पेस भएको लिखित जवाफबाट देखिन्छ । गाउँ पञ्चायतले दिएको जग्गा हालको जिल्ला पर्सा वीरगञ्ज उपमहानगरपालिका वडा नं.१९ कि.नं.५१ र ५२ कायम भएको कुरामा विवाद नदेखिने।

विद्यालय सार्वजनिक शैक्षिक संस्था भएको र सार्वजनिक संस्थाको रूपमा रहेको विद्यालयले पोखरी

उपभोग गरेको कार्यलाई सार्वजनिक हितविपरीत भएको भन्ने अर्थ गर्न मिल्ने आधार कारण निवेदकले प्रस्तुत गर्न सकेको नदेखिएको र उक्त पोखरी विद्यालयले निजी तथा व्यक्तिगत प्रयोजनका लागि नभई विद्यालयकै प्रयोजनका लागि ठेक्कामा लगाएको देखिन्छ। विवादित पोखरी तत्कालीन गाउँ पञ्चायतले श्री नेपाल राष्ट्रिय प्राथमिक विद्यालयलाई दिई २०३४ सालदेखि नै विद्यालयको भोगमा रहेको र २०३४ सालदेखि विद्यालयले उपभोग गरी आएको पोखरीको माछा लिलाम बढाबढ गरी ठेक्का लगाउने कार्यबाट सार्वजनिक हित सरोकारमा प्रतिकूल असर पर्न गएको भन्ने कुरा निवेदकले प्रस्ट गर्न सकेको नदेखिने।

अतः विद्यालयको पोखरी ठेक्कामा लगाउने कार्य सार्वजनिक हितविपरीतको कार्य भन्न मिल्ने नदेखिएको हुँदा निवेदन मागबमोजिम उत्प्रेषणयुक्त निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने नभई निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६९।२।३१ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: अमिररत्न महर्जन

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

३

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०६४९, उत्प्रेषण / निषेधाज्ञा / परमादेश, *हबिब खाँन वि. वीरगञ्ज भन्सार कार्यालय, पर्सासमेत*

निवेदकले आफूले पटकपटक भन्सार कार्यालयमा गई लाग्ने महसुल लिई क्रेन फिर्ता दिन अनुरोध गरेको भन्ने दाबी लिएको भए पनि भन्सार कार्यालयमा गई क्रेन फिर्ता माग गरेको भन्ने कुनै लिखत तथा प्रमाण पेस गर्न सकेको देखिँदैन। साथै भन्सार कार्यालयले प्रकाशन गरेको ७ दिने सूचनाका सम्बन्धमा समेत अन्यथा भन्न सकेको देखिँदैन। यसरी निवेदकले दाबी गरेजस्तो भन्सार कार्यालयमा गई आफ्ना मालवस्तु क्रेन फिर्ता लैजान माग गरेको भन्ने कागज प्रमाणबाट पुष्टि गर्न नसकी निवेदनमा दाबी मात्र गरेको र भन्सार कार्यालय, तथा भन्सार अधिकृतलाई जफत भएका मालवस्तु कानूनी प्रक्रिया पूरा गरी लिलाम गर्न सक्ने अधिकार भन्सार ऐन, २०६४ को दफा ४७ तथा दफा ५० ले प्रदान गरेको देखिने।

अतः कानूनले निर्धारण गरेको कार्यविधि पूरा गरी लिलामको प्रक्रिया अगाडि बढिसकेको, ऐनले नै भन्सार अधिकृतलाई लिलाम गर्नसक्ने गरी अधिकार प्रदान गरेको कुरामा हस्तक्षेप गरी सोलाई प्रभाव पार्नु मनासिब हुने नदेखिएकोसमेतका आधारमा निवेदकले माग गरेबमोजिमको आदेश जारी हुन सक्ने अवस्था र स्थिति नरहेकोले निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।११।३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

४

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-१०१०, निषेधाज्ञा / परमादेश, *राजकुमार साह तेली वि. बारा जिल्ला अदालतसमेत*

बिगो भराई पाउँ भन्ने निवेदनमा जेथाले नखाम्ने भएकाले कैदमा राखी फैसला कार्यान्वयन गर्न माग गरी विपक्षीमध्येका उत्तरा बरालले बारा जिल्ला अदालतमा निवेदन दिएकोमा आफूले जेथा देखाई जेथाबाट बिगो असुल गरी लिनु पर्नेमा थुनामा राख्ने गरी बारा जिल्ला अदालतले कारबाही प्रक्रिया अगाडि बढाएको भन्ने आधारमा प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। यी पुनरावेदक / निवेदकको निवेदन दाबीबमोजिम अदालतबाट फैसला कार्यान्वयनको सिलसिलामा निवेदकलाई थुनामा राख्ने गरी कुनै

आदेश भएको नदेखिएको र त्यस्तो आदेश भएको भनी पुनरावेदक / निवेदकले खुलाउन सकेकोसमेत देखिँदैन । लेनदेन मुद्दामा अदालतबाट भएको फैसलाबमोजिम बिगो भराउने प्रक्रियाको थालनी भएको देखिएको र फैसलाबमोजिम बिगो भराइदिने कार्य गर्ने अधिकार कानूनले जिल्ला अदालतलाई प्रदान गरेको देखिने।

निवेदकले आफ्नो नाममा रहेको जग्गा देखाई सो जग्गाबाट बिगो भराइदिनु पर्ने हो भनी हुलाकबाट निवेदन पठाएको भन्ने निवेदन दाबी रहेकोमा बारा जिल्ला अदालतले उक्त निवेदन मिसिल सामेल राखी कारबाही भइरहेको भन्ने आफ्नो लिखित जवाफमा उल्लेख गरेको देखिँदा अहिले नै थुनामा राखी फैसला कार्यान्वयन गर्न लागेको भन्ने अनुमानका आधारमा निवेदन दिएको देखियो । विपक्षीमध्येकी उत्तरा बरालले बिगोबापत कैदमा राखी फैसला कार्यान्वयन गरिपाउँ भनी निवेदन दिएको देखिन्छ । निवेदकले माग गरेअनुसार पुनरावेदक / निवेदकलाई कैदमा नै राख्ने वा कानूनबमोजिम जेथाबाट बिगो भराइदिने भनी कानूनबमोजिम निर्णय गर्ने अधिकार विपक्षीमध्येको बारा जिल्ला अदालतको भएको र बिगो भराइदिने कारबाहीको क्रममा सम्पत्ति देखाउने मौका यी पुनरावेदक / निवेदकलाई प्रदान गरेको भन्ने कुरा मिसिल संलग्न अदालतबाट भएको आदेशको बेहोराबाट समेत देखिन्छ। यसरी अधिकारप्राप्त निकाय अदालतबाट कारबाही भइरहेको अवस्थामा अनुमानकै भरमा निर्णयमा पुग्न उचित हुँदैन । अदालतबाट फैसला कार्यान्वयनका क्रममा पुनरावेदक / निवेदकको कानूनी हकमा आघात पर्ने गरी कुनै कार्य वा निर्णय भएमा त्यसलाई सच्याउनको लागि अवलम्बन गर्ने मार्ग नभएको पनि नहुने।

अतः उल्लिखित तथ्य एवम् विवेचनासमेतको आधारमा अधिकारप्राप्त निकाय अदालतमा कारबाहीयुक्त अवस्थामा रहेको विषयमा असर पर्ने गरी निवेदकले माग गरेअनुसारको निषेधाज्ञा र परमादेशको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नहुँदा निषेधाज्ञा र परमादेशको आदेश जारी गर्नुपर्ने नदेखिँदा निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।८।९ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७१-CI-००४३, उत्प्रेषण / परमादेश, *गोपीलाल भट्टराईसमेत वि. मालपोत कार्यालय, धनकुटासमेत*

पुनरावेदक / निवेदकहरूले दाबी गरेका जग्गाहरू मालपोत कार्यालय, धनकुटाको मिति २०६४।१२।११ को निर्णयले पुनरावेदक / निवेदकहरूका नाममा दर्ता भएको भन्ने कुरा मिसिलबाट देखिन्छ। उक्त जग्गा दर्ता बदर गरी नेपाल सरकारको नाममा दर्ता कायम गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७०।३।२ मा मालपोत कार्यालय, धनकुटालाई पत्र लेखेको देखिन्छ । सो पत्रमा सरकारी, ऐलानी तथा पर्ती जग्गाहरू गैरकानूनी तवरबाट व्यक्तिका नाममा दर्ता गराएको पाइएकोले मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (२) बमोजिम नेपाल सरकारको नाममा कायम गर्न भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम लेखी पठाएको भन्ने बेहोरा उल्लेख भएको देखिने।

मालपोत कार्यालयको लिखित जवाफ हेर्दा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको पत्र तथा निर्देशनअनुसार उक्त जग्गाको दर्ता बदर गरी नेपाल सरकारका नाममा कायम गरिएको भन्ने बेहोरा उल्लेख भएबाट अख्तियार दुरूपयोग अनुसन्धान आयोगको

मिति २०७०।३।२ को पत्रका आधारमा मालपोत कार्यालय, धनकुटाले पुनरावेदक / निवेदकहरूका नामको जग्गाको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गरिएको भन्ने पुष्टि हुन आउने।

पुनरावेदक / निवेदकहरूले उक्त जग्गा नेपाल सरकारका नाममा कायम गर्नु भनी निर्देशन दिने अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई विपक्षी नबनाई निर्देशनबमोजिम जग्गा नेपाल सरकारको नाममा कायम हुने गरी निर्णय गर्ने मालपोत कार्यालय, तथा नापी कार्यालय, धनकुटालाई मात्र विपक्षी बनाएको देखिँदा निवेदन मागबमोजिमको आदेश जारी गर्नुको कुनै औचित्य हुने देखिँदैन । तसर्थ निवेदन मागबमोजिमको आदेश जारी नभई निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, धनकुटाबाट भएको आदेश मिलेको छैन भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। उक्त आदेश मिलेकै देखिन आउने।

अतः उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा विपक्षी बनाउनु पर्ने निकायलाई विपक्षी नबनाएकोले निवेदकहरूको मागअनुसारको उत्प्रेषणयुक्त परमादेशको आदेश जारी गर्नुको औचित्य रहेको नदेखिँदा निवेदन खारेज हुने ठहर गरी पुनरावेदन अदालत, धनकुटाबाट मिति २०७०।१२।१० मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-१०८१, भ्रष्टाचार (सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता), *नेपाल सरकार वि. हरि बखतीसमेत*

दाबीको ललितपुर उपमहानगरपालिका वडा नं. ३ङ को साबिक कि.नं. २१४ हालको कि.नं. ८८२ को क्षेत्रफल ०–१३–३–० जग्गाका सम्बन्धमा ललितपुर उपमहानगरपालिकाबाट प्राप्त हुन आएको मिति २०२२।४।२६ को नगरसभाको निर्णय नं. १२ को निर्णयमा शक्तिबहादुर खत्रीले आफ्नो जाउलाखेलको घर जग्गा नयाँ बन्ने चिडियाखानामा परेकाले घर भत्काई घरबास बनाउन नपाई काठपात लडी मक्की जाने अवस्था परेकाले जनकमायाले नगर पञ्चायतबाटै पाएको जग्गादेखि उत्तरतर्फको जग्गा घर बनाउनलाई पाउँ भनी निवेदन दिएकोमा सोही निवेदनका आधारमा मिति २०२२।६।४ को नगरसभाबाट २ वर्षभित्र घरबास नभए नगर पञ्चायतले नियन्त्रण गर्ने गरी नगर पञ्चायतले अपनाएको नीतिअनुसारको तिरो लिने गरी निज शक्तिबहादुर खत्रीलाई घरबासका लागि जग्गा उपलब्ध गराउने निर्णय भएको देखिने।

मिति २०२२।६।२८ मा ललितपुर नगर पञ्चायतले सोहीबमोजिमको जग्गा शक्तिबहादुर खत्री क्षेत्रीलाई हालैदेखि चलन गर्नु भनी चलन पुर्जीसमेत दिएको देखियो । साथै ललितपुर नगरपञ्चायतबाट मिति २०२२।९।११ मा नि.नं. ६९ भनी उल्लेख गरी नक्सा पास गरेकोसमेत देखिन्छ । यसैगरी ललितपुर नगरपञ्चायत कार्यालयबाट मिति २०३३।८।४ मा नगर योजना समिति ललितपुरलाई च.नं. ४७२ को पत्रबाट जनकमायालाई सोही नगर पञ्चायत कार्यालयबाटै दिएको जग्गाभन्दा उत्तरतर्फको लम्बाई ८८ फिट र चौडाई ५८ फिट जग्गामा घर तयार भइसकेको र सीमानासमेत छुट्याई दिएको भन्ने उल्लेख गरी पत्र पठाएको देखिएबाट सो जग्गामा त्यतिबेला नै घर निर्माण भएको भन्ने देखिने।

निवेदक शक्तिबहादुर खत्रीले आफ्नो घर जग्गा चिडियाखानामा परेको कारणबाट नगर पञ्चायतले निजलाई जग्गा उपलब्ध गराई नक्सा पास गराई घर निर्माण गरी खानेपानी, विद्युत्समेतको सुविधा लिई भोगचलन गरी बसेको व्यक्तिको भोगचलन गरेको जग्गाको दर्ता गर्ने कारबाहीका सन्दर्भमा प्रस्तुत

भ्रष्टाचारको कसुरको आरोप रहेको देखिन्छ। निवेदक शक्तिबहादुर खत्री र निजका हकवालाले ४५ वर्षदेखि निरन्तर रूपमा भोगचलन गरी आएको देखिएको र उक्त जग्गा दर्ता गर्ने क्रममा प्रतिवादीहरूले यति रकम लिनु खानु गरेको भन्ने नदेखिएको र प्रतिवादीहरूको बदनियत रहेको भन्ने प्रमाणित हुन सकेको नदेखिँदा प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालतबाट भएको फैसला अन्यथा भयो भन्न सकिने अवस्था देखिन नआउने।

अत: उल्लिखित आधार, तथ्य र विवेचनासमेतका आधारमा अभियोग दाबीबमोजिम प्रत्यर्थी / प्रतिवादीहरूले बदनियत राखी भ्रष्टाचार गरी सार्वजनिक जग्गा दर्ता गरी आरोपित कसुर गरेको प्रमाणित हुन सकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रत्यर्थी / प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।५।३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-०७८२, भ्रष्टाचार राजश्व हिनामिना, *नेपाल सरकार वि. फणिन्द्रराज खरेल*

प्रतिवादीले बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको २०६३।७।१५ को निर्णयमा मध्यवर्ती क्षेत्रअन्तर्गत उपभोक्ता समितिहरूले वातावरणीय सन्तुलन नबिग्रने गरी आफ्नो क्षेत्रभित्रको नदीखोलाबाट नियमानुसार शुल्क लिई उपभोक्तालाई उपभोगको लागि ढुंगा, गिट्टी, बालुवा र माटो उपलब्ध गराउने भन्ने उल्लेख भएको देखिन्छ। उक्त निर्णयको बेहोरा हेर्दा उपभोक्ता समितिहरूले वातावरणीय सन्तुलन नबिग्रने गरी ढुङ्गा, गिट्टी, बालुवा र माटो उपभोक्तालाई उपभोगका लागि उपलब्ध गराउने भन्ने उल्लेख भएबाट वातावरणीय सन्तुलन बिग्रने गरी वन पैदावर उपभोग गर्न निर्णय गराएको भन्ने अभियोग दाबी पुष्टि हुन सक्ने नदेखिने।

प्रतिवादी फणिन्द्रराज खरेल आफू बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयमा कार्यरत रहेको अवस्थामा बर्दिया राष्ट्रिय निकुञ्ज मध्यवर्तीक्षेत्र व्यवस्थापन समितिको २०६३।७।१५ को निर्णयमा मध्यवर्ती क्षेत्रअन्तर्गत उपभोक्ता समितिहरूले वातावरणीय सन्तुलन नबिग्रने गरी आफ्नो क्षेत्रभित्रको नदीखोलाबाट नियमानुसार शुल्क लिई उपभोक्तालाई उपभोगको लागि ढुंगा, गिट्टी, बालुवा र माटो उपलब्ध गराउने भन्ने उल्लेख भएको देखिन्छ । त्यसरी उपभोक्ता समितिहरूले उपभोक्ताको उपभोगका लागि वन पैदावार उपलब्ध गराउँदा लिइने शुल्कबाट उठेको दस्तुर राजश्व दाखिला गर्नुपर्ने स्पष्ट कानूनी व्यवस्था रहेको देखिँदैन । उपभोक्ता समितिहरूले उपलब्ध गराएको उपर्युक्त वन पैदावारबापतको दस्तुर प्रतिवादीले उठाई राजश्वमा दाखिला नगरी हिनामिना गरेको भन्ने पुष्टि नहुनुको साथै दस्तुर उठाउने उपभोक्ता समितिहरूउपर कुनै दाबी लिएको नदेखिएकोसमेतका आधारमा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई विशेष अदालतबाट भएको फैसला त्रुटिपूर्ण रहेको भन्ने पुनरावेदन जिकिर तथा यस अदालतबाट अ.बं.२०२ नं बमोजिम प्रत्यर्थी झिकाउने गरी भएको आदेशमा उल्लिखित आधारसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारण तथा कानूनी व्यवस्था एवम् विवेचनासमेतका आधारमा यी प्रतिवादीले मध्यवर्ती क्षेत्रभित्रका उपभोक्ता समितिहरूलाई कुनै दस्तुर नलिई ढुङ्गा, गिट्टी, बालुवा र माटो उपभोग गर्न अनुमति दिने गरी निर्णय गराई राजश्व चुहावट गरेको, चुहावट गर्न मद्दत पुर्‍याएको वा सो गर्न दुरूत्साहन गरेको वा राजश्व उठाई दाखिला नगरी हिनामिना गरेको कुरा ठोस रूपमा प्रमाणित

नभएकोले प्रतिवादी फणिन्द्रराज खरेलले आरोप दाबीबाट सफाइ पाउने भई नेपाल सरकारको दाबी पुग्न नसक्ने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०६९।९।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर २० गते रोज २ शुभम्।

८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-CR-२११४, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. अच्युतकुमार श्रेष्ठसमेत*

सिन्धुली जिल्ला, नेत्रकाली गा.वि.स.को वडा नं. ५, ६ र ७ मा कुलो खनी पेल्ट्रिक सेट जडान गरी विद्युत् उत्पादन गर्न गा.वि.स.को कार्यालयबाट रू.५,००,०००।- रकम विनियोजन भई सो काम सम्पन्न गर्न अच्युतकुमार श्रेष्ठको अध्यक्षतामा उपभोक्ता समिति गठन गरी अध्यक्ष प्रतिवादी अच्युतकुमार श्रेष्ठसँग सम्झौता भएको र सो कार्यको स्टिमेट गर्ने तथा स्थलगत निरीक्षण गरी कार्य सम्पन्न प्रतिवेदन बनाउने कार्य प्राविधिक सहायक प्रतिवादी शम्भुबहादुर योञ्जनले गरेको कुरामा विवाद रहेको नदेखिने।

उक्त विद्युत् कुलो निर्माण गर्न उपभोक्ता समितिका अध्यक्ष प्रतिवादी अच्युतकुमार श्रेष्ठसँग सम्झौता भएअनुसारको कार्य सम्पन्न नभएको र कुलो निर्माणको कार्यमा विनियोजन भएको बजेट सो कार्यमा खर्च नगरी उक्त रकमबाट सम्झौताविपरीत सोही रकमबाट ३१ थान सोलारसेट रू.४,०३,०००।- मा खरिद गरी प्रतिवादी अच्युतकुमार श्रेष्ठले आफूखुसी बाँडेको र प्राविधिक सहायक प्रतिवादी शम्भुबहादुर योञ्जनले मिलेमतोमा गलत रूपमा कार्य सम्पन्न प्रतिवेदन बनाई पेस्की फछ्र्यौट तथा रकम भुक्तानी गर्ने गराउने कार्यमा सहयोग गरेको भन्ने आरोप दाबी रहेकोमा प्रतिवादी अच्युतकुमार श्रेष्ठले मौकामा कागज गर्दा सम्झौताअनुसारको कार्य सम्पन्न गरी कामदारहरूलाई ज्याला वितरण गरिएको र कामदारहरूले आफूहरूले पाएको ज्यालाबाट सोलारसेट खरिद गरेका हुन् भनी बयान गरेको देखिने।

विद्युत् योजनामा अनियमितता भएको भन्ने उजुरी परेका आधारमा आयोजनाको स्थलगत निरीक्षण गरी प्रतिवेदन पठाइदिन भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट जिल्ला विकास समितिको कार्यालय, सिन्धुलीमा पत्राचार भएबमोजिम इन्जिनियर रामदेव ठाकुरसमेतको टोली गठन गरी सो टोलीलाई स्थलगत निरीक्षण गरी प्रतिवेदन पेस गर्न जिल्ला प्राविधिक कार्यालय, सिन्धुलीबाट खटाई पठाइएको देखिने।

उपभोक्ता समितिको अध्यक्ष अच्युतकुमार श्रेष्ठले सम्झौताअनुसारको कार्य सम्पन्न गरेको र कामदारले आफूले पाएको ज्याला रकमबाट आफूखुसी श्रमिकहरूले नै सोलारसेट खरिद गरेको भन्ने उल्लेख गर्नुको साथै सो योजनामा उपभोक्ता समितिमा विवाद आएपछि पेल्ट्रिक सेट खरिद नगरी श्रमिकहरूले कुलो खनेको रकम बुझी लिई उपभोक्ताहरूले आफूखुसी २१ वाटको सोलार सेट रू.१२,०००।– का दरले ३१ वटा सोलारसेट खरिद गरी आफूखुसी बाली रहेको तथा रू.३,८७,९४२।३७ कुलो निर्माणमा खर्च भएको भनी प्रतिवेदन दिएको देखिने।

स्थलगत अध्ययन टोलीले दिएको प्रतिवेदनमा रू.३,८७,९४२।३७ रकम बराबरको कुलो निर्माणको कार्य भएको भन्ने देखिएको र रू.५,००,१६०।– कामदारलाई ज्यालाबापत वितरण भएको भनी प्रतिवादी शम्भुबहादुर योञ्जनले सोको प्रमाणको रूपमा भरपाई पेस गरेको देखिएकोले उक्त विद्युत् कुलो योजनामा गा.वि.स. बाट निकासा भएको रकम रू.५,००,०००।– भन्दा बढी रकम खर्च भएको देखिएको र इन्जिनियरसहितको टोलीले पेस गरेको

प्रतिवेदनमा श्रमिकहरूले आफूले ज्यालास्वरूप पाएको रकमबाट सोलार सेट खरिद गरेको भन्ने बेहोरा उल्लेख भएबाट अभियोग दाबीबमोजिम भ्रष्टाचार गरी रकम हिनामिना भएको भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उल्लिखित आधार कारण एवम् विवेचनासमेतका आधारमा उक्त योजनामा निकासा भएको रकमभन्दा बढी रकम खर्च भएको देखिएको र प्रतिवादीहरूले भ्रष्टाचार गरी रकम हिनामिना गरेको भन्ने प्रस्ट रूपमा प्रमाणित हुन सकेको नदेखिँदा वादी नेपाल सरकारको अभियोग दाबी पुग्न नसकी प्रतिवादीहरू अच्युतकुमार श्रेष्ठ र शम्भुबहादुर योञ्जनले आरोपित कसुरबाट सफाइ पाउने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७३।१।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटर: रामशरण तिमल्सिना

इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०१३७, उत्प्रेषण / परमादेश, *रामबहादुर थापा वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

जिल्ला शिक्षा कार्यालय, नुवाकोटको च.नं. ८०५ मिति २०७२।९।१३ को पत्र हेर्दा शिक्षक सेवा आयोग, सानोठिमी, भक्तपुरको च.नं.१३४३ मिति २०७२।९।१२ को सिफारिसअनुसार शिक्षा कार्यालय, नुवाकोटको मिति २०७२।९।१३ को निर्णयानुसार निवेदक रामबहादुर थापा शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित) को नियम ३५(२ख) बमोजिम मिति २०७२।६।१ देखि जेष्ठता कायम हुने गरी मा.वि. द्वितीय श्रेणीको शिक्षक पदबाट मा.वि. प्रथम श्रेणीको शिक्षक पदमा बढुवा नियुक्ति गरिएको देखिने।

निवेदकको बढुवाको विषय समावेश रहेको प्रस्तुत रिट निवेदन जिकिरबमोजिम निवेदकको बढुवा भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्यभित्र प्रवेश गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

१०

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०४५३, उत्प्रेषण / परमादेश, *भेषबहादुर कार्की वि. भमिसुधार तथा व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

यु.एन. पार्कको नाममा रहेको साबिक कि.नं.१२७ हालको कि.नं.२९ क्षेत्रफल २-३-०-१ को विवादित जग्गा पूर्णबहादुर तण्डुकारसमेतका नाममा दर्ता हुनुपर्ने भनी अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा परेको उजुरी निवेदनमा आयोगले मिति २०६६।९।२१ मा निवेदक पूर्णबहादुर तण्डुकारसमेतको भोगमा रहेको कि.नं.१२७ नं.को जग्गा कटाई बाँकी जग्गा यु.एन. पार्कको नाममा दर्ता गर्ने गरी मालपोत कार्यालय, डिल्लीबजारबाट मिति २०५९।९।१३ मा भएको निर्णय कार्यान्वयनको लागि लिखित पत्राचार गरी निर्देशन दिएको देखिन्छ। सा.कि. नं. १२७ हालको कि.नं. २९ क्षे.फ. २-३-०-१ को निवेदकहरूको जग्गा नकटाई सबै जग्गा यु.एन. पार्कको नाममा दर्ता गर्ने मालपोत कार्यालयको निर्णय सच्याउन अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ख बमोजिम आयोगले उपर्युक्त दुष्परिणाम सच्याउने आदेश दिएको देखिने।

रिट निवेदक भेषबहादुर कार्की तत्कालीन अवस्थामा मालपोत कार्यालय, डिल्लीबजारको कार्यालय, प्रमुख नभई फाँटवाला अधिकृत रहेको र मन्त्रालयबाट काजमा रहेको देखिन्छ। अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दिएको आदेश

निर्देशनको पालना गर्ने प्रमुख दायित्व कार्यालय, प्रमुखमा रहने कुरामा विवाद छैन। मालपोत कार्यालयले जग्गा दर्ता सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट प्राप्त भएको आदेश, निर्देशन र पत्राचार सोझै कार्यान्वयन गर्ने नभई यससम्बन्धी प्रचलित कानूनको दायरामा रहेर गर्नुपर्ने कुरामा पनि विवाद छैन। नेपाल सरकार / यु.एन. पार्कको नाममा रहेको जग्गा अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनअनुसार व्यक्ति विशेषको नाममा दर्ता गर्नुपर्ने भए सोको लागि मोठलगायत अन्य आवश्यक कागजातको अध्ययन गरी निष्कर्षमा पुग्नुपर्नेमा यी निवेदकबाट त्यसो भए गरेको देखिएन। यस्तो अवस्थामा निवेदकलाई भएको विभागीय कारबाहीलाई अन्यथा भन्न सकिने अवस्था देखिएन। निवेदकले गरेको पदीय दुरूपयोगको छानबिन गरी प्राप्त प्रतिवेदनको आधारमा कारबाही गरिएको हो भन्ने भनाई विपक्षी भूमिसुधार तथा व्यवस्था मन्त्रालय र ऐ.का सचिवको रहेको छ। साथै निवेदक मन्त्रालयबाट मालपोत कार्यालयमा काजमा रहेको बखत गरेको काममा कारबाहीमा परे पनि कारबाहीको समयमा काज फिर्ता भई मन्त्रालयमा फिर्ता भइसकेको अवस्था हुँदा निवेदकलाई मन्त्रालयका सचिवबाट विभागीय कारबाही गरिएको कुरामा समेत अन्यथा देखिन नआउने।

निवेदकलाई ३ तलब वृद्धि रोक्का गरेको भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिवको मिति २०६८।२।२३ को निर्णय केही उल्टी गरी २ तलब वृद्धि रोक्का गर्ने गरी प्रशासकीय अदालतबाट मिति २०६९।३।२१ मा भएको फैसला कानूनसम्मत देखिएको हुँदा रिट निवेदन मागबमोजिम आदेश जारी हुने अवस्था देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

११

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-RC-००४०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुरेश परियारसमेत*

मृतकको बायाँ आँखामा चोट लागी निलो भई बन्द अवस्थामा रहेको, बायाँ कानबाट रगत बगेको, चिउँडोमा चोट लागेको, बायाँ खुट्टाको पासुला र गोली गाँठोमा चोट लागेको घाउ खत भएको भन्ने लास जाँच मुचुल्का रहेको देखिन्छ। मृतकको पोस्टमार्टम रिपोर्टमा मृत्युको कारणमा टाउकोमा चोट लागी मृत्यु भएको (Blunt force injury to head) भन्ने उल्लेख भएको र शव परीक्षण गर्ने डाक्टरले अदालतमा उपस्थित भई मृतक शरीरको विभिन्न भागमा घाउ चोट हुनुका साथै देब्रे कन्चटको हड्डी दबेको, मगजको देब्रे भागमा झिल्लीभन्दा भित्र १०० मि.ली. लिटर बराबरको रगत भएको भन्ने बेहोरा लेखाई शव परीक्षण प्रतिवेदनलाई समर्थन गरी बकपत्र गरिदिएको पाइन्छ। लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र प्रतिवेदक डाक्टरले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रसमेतबाट मृतकको शरीरका विभिन्न भागमा प्रतिवादीहरू सुरेश परियार र चित्र केशव श्रेष्ठको कुटपिटको कारण लागेको चोटपटक र टाउकोमा चोट पुगेको कारण मृतकको मृत्यु भएको कुरा पुष्टि हुने।

प्रतिवादीहरू र मृतकको बाटोमा भेट भएको र प्रतिवादीमध्येका सुरेश परियारले पहिला मृतकलाई धकेलेको र सोपश्चात अर्का प्रतिवादी चित्र केशव श्रेष्ठले समेत कुटपिट गर्नुका साथै निजहरूले चीरपट दाउरा र लात मुक्काले प्रहार गर्दा सोही चोटका कारण निज जीतबहादुर कार्कीको मृत्यु भएको पुष्टि भएकाले प्रतिवादीहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहऱ्याई सुरू जिल्ला अदालतबाट भएको फैसला सदर हुने।

प्रतिवादीहरूलाई जन्मकैदको सजाय गर्दा

चर्को पर्ने हो कि भन्ने लागि अ.बं.१८८ नं. को बमोजिम प्रतिवादी सुरेश परियारलाई १२(बाह्र) वर्ष सजाय हुन र अर्का प्रतिवादी चित्र केशव श्रेष्ठको हकमा निजको मृतकसँग वादविवाद परेको नदेखिएको र निजले प्रतिवादी सुरेश परियारले मृतकलाई दाउराले हानेपछि मात्र केही न्यून चोट मात्र हानेको देखिनुका साथै मृतकलाई मार्नु पर्ने कारणसमेत नभएको आधारमा निजलाई ५(पाँच) वर्ष कैद सजाय हुन पर्ने भनी पुनरावेदन अदालत, सुर्खेतबाट व्यक्त भएको मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिमको रायसमेत मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७३ साल मङ्सिर ६ गते रोज २ शुभम्।

## इजलास नं. १

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-RC-०१८८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. देवनारायण मुसहर*

जाहेरवाली सीतादेवी वारदातको प्रत्यक्षदर्शी रहेकी र निज वारदात समयमा मृतक पति शिवनारायण मुसहरसँगै आफ्नो घरमा बसेको अवस्थामा प्रतिवादीसमेतका अन्य प्रतिवादी घरमा आई सहप्रतिवादी बुधन मुसहरले शिवनारायणलाई पक्रेको, रूदनीदेवी र कुमियादेवी मुसहर्नीले जाहेरवालीलाई पक्रेको मौकामा प्रतिवादी देवनारायण मुसहरले धारिलो हतियार खुकुरीले शिवनारायणको छातीमा प्रहार गरेको भनी घटना सिलसिलेवार रूपमा उल्लेख गर्दै जाहेरवालीले किटानी जाहेरी दिएको पाइन्छ। सो जाहेरी बेहोरालाई जाहेरवालीले अदालतमा बकपत्र गर्दासमेत समर्थन गरी बकपत्र गरेको देखिँदा जाहेरवालीको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

वारदात मिति २०६३।११।१८ भएको तथ्यमा विवाद छैन। उक्त दिनको घटनाको सम्बन्धमा घटना विवरण कागज गर्ने सुवा मुसहरले आफू बेलुकी करिब ८ बजेको समयमा हबुल्ला मियाँ अन्सारीको घरमा गफ गरिरहेको अवस्थामा जाहेरवाली सीतादेवी मुसहर्नीले मेरो श्रीमान्लाई बचाउ, बचाउ भनी गरेको हल्ला सुनी हतारहतार शिवनारायणको घरतर्फ जाँदा शिवनारायणको घरबाट देवनारायण मुसहर हातमा धारिलो हतियार बोकी निस्कँदै थिए, निजले हातमा हतियार बोकी मलाई खेद्न थालेकोले आफू डरले गाउँमा पसी हो-होल्ला गर्न थाले भनी लेखाएको बेहोराबाट जाहेरवालीको जाहेरी र बकपत्रलाई थप पुष्टि गरेको र शिवनारायण मुसहरलाई मौकामा पक्री मार्नमा संयोग पारी दिने सहप्रतिवादी बुधन मुसहरलाई जन्मकैदको सजाय हुने गरी यस अदालतबाट भएको मिति २०६९।१।२२ को फैसला अन्तिम भएको देखिएकोसमेत परिप्रेक्ष्यमा देवनारायण मुसहरले नै मृतक शिवनारायण मुसहरलाई धारिलो हतियार खुकुरी प्रहार गरेको चोट पीडाका कारण शिवनारायणको मृत्यु भएको तथ्य थप पुष्टि भएको देखिने।

प्रतिवादी देवनारायण मुसहर आफ्नी पत्नी प्रतिवादी रूदनीदेवी मुसहर्नीसहित वारदातस्थलबाटै फरार भएको देखिन्छ। वारदातमा आफ्नो संलग्नता नरहेको भए परिवारसहित फरार हुनुपर्ने अवस्था नरहेको र अदालतबाट जारी भएको म्यादमा हाजिर भई सत्य तथ्य खुलाई आफूहरू निर्दोष रहेको कुरा उल्लेख गर्नुपर्नेमा त्यसो गर्न नसकेबाट प्रतिवादी निर्दोष रहेछन् भनी मान्न मिल्ने देखिएन। प्रतिवादी आफ्नो भाइको मृत्यु भएको अवस्थामा फरार हुनुले पनि शिवनारायणको मृत्यु गराउनुमा निजको नै संलग्नता रहेको पुष्टि हुने।

अतः जाहेरवालीको किटानी जाहेरी दरखास्त, निजले अदालतमा गरेको बकपत्र, अनुसन्धानको

क्रममा घटना विवरण कागज गर्ने सुवा मुसहरले वारदातको सम्बन्धमा खुलाइदिएको विवरण र लास जाँच प्रतिवेदनसमेतका कागज प्रमाणबाट प्रतिवादी देवनारायण मुसहरले खुकुरीले निर्मम तवरबाट प्रहार गरेको चोटको पीडाले मृतक शिवनारायण मुसहरको मृत्यु भएको देखिँदा पुनरावेदन अदालत, विराटनगरले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको मिति २०७२।८।२७ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-RC-००४६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रोशन तामाङ*

प्रतिवादीको श्रीमतीको मृत्यु कुनै रोग लागेको कारण भएको होइन भन्ने कुरा शव परीक्षण प्रतिवेदनमा मृतकका शरीरका विभिन्न भागमा कडा चिजवस्तु प्रहारको चोट पटकबाट भएको उल्लेख भएकोले प्रस्ट भएको देखिँदा प्रतिवादीले अदालतमा गरेको इन्कारी बयान प्रमाणमा लिन मिल्ने देखिएन । प्रतिवादीले राति मृतकलाई कुटपिट गरेको देखेको भनी मनिष तामाङले मौकामा लेखाएको घटना विवरण कागजबाट पनि देखिएको छ। त्यस कुरालाई प्रतिवादीले अन्यथा भन्न सकेको देखिँदैन । प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयान, शव परीक्षण प्रतिवेदन र घटनास्थल तथा लास जाँच मुचुल्काबाट समर्थित भएको हुँदा प्रतिवादीले मौकामा गरेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष अभियोग स्वीकार गरी गरेको बयान घटनास्थल, लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट समर्थित भइरहेबाट प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सजाय गर्ने गरेको फैसलालाई अन्यथा भन्न मिलेन । अतः माथि गरिएको विवेचना, आधार र कारणबाट पुनरावेदन अदालत, विराटनगरले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको मिति २०७३।३।२० को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

प्रतिवादी र मृतक श्रीमान् श्रीमती भएको देखिन्छ । निजहरू दुवैजना नसाको सुरमा रहेको समयमा भएको वादविवाद र झैझगडा हुँदा प्रतिवादीले कुनै हतियार प्रयोग नगरी हातको मुक्काले प्रहार गर्दा मृतकको शरीरमा चोटपटक लागी सोही चोट पीडाको कारण मृतकको मृत्यु भएको, प्रतिवादीको श्रीमती मार्नु पर्नेसम्मको पूर्वरिसइवी, योजना केही नदेखिएकोसमेतका परिस्थितिलाई मध्यनजर राख्दा घटना भवितव्यले भएको हो कि भन्नेसम्मको अवस्था देखिएकोले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने हुँदा १० वर्षको कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालत, विराटनगरको राय पनि सदर हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-RC-००८३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मोहन साह कानु*

प्रतिवादीको श्रीमतीले परपुरूषसँग यौन सम्पर्क राख्ने गरेको भन्ने आधारमा मात्र मानिसको मृत्यु गराउनुलाई उचित मान्न मिल्दैन । विधायिकाले कुनै पनि प्रकारले कसैको ज्यान कर्तव्य गर्न हुँदैन भनेर नै मुलुकी ऐन, ज्यानसम्बन्धी महलमा सजाय हुने कानूनी व्यवस्था गरेको हो। अदालतले तथ्य र उक्त

कानूनी व्यवस्थाको सामिप्यतामा न्याय निरूपण गर्ने हो। प्रतिवादी अदालतमा इन्कारी रहेको कारणले मात्र प्रतिवादीले सफाइ पाउने आधार हुन नसक्ने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष मृतकको मृत्यु गर्दाको सबै कुरा सिलसिलेवार रूपमा लेखाएकोमा अदालतमा जाहेरवाला र श्रीमतीको मिलेमतोले छोरीको कर्तव्य भएको भने पनि त्यसलाई न त मौकाको बयानमा भन्न सकेको देखिन्छ। न त अदालतको बयानमा त्यसको युक्तियुक्त आधार र कारण देखाउन सकेको पाइन्छ। उपर्युक्तबमोजिम प्रतिवादीले मौकामा आफैँले स्वेच्छाले गरेको बयानमा आफैँलाई दोषी देखाएकोसमेतका आधार र कारणले प्रतिवादीको मौकाको बयान प्रमाण ऐन, २०३१ को दफा ९ र मृतककी आमा सवितादेवीले गरेको बकपत्र दफा १८ बमोजिम प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने।

अतः गरिएको विवेचना, आधार र कारणबाट पुनरावेदन अदालत, हेटौंडाले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको मिति २०७३।३।२१ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

प्रतिवादीले १ वर्षकी बालिकाको कर्तव्य गर्नुपर्ने मुख्य कारण नै निज विदेश मलेसिया गएको समयमा निजको श्रीमतीले परपुरूषको यौन सम्पर्कबाट छोरी जातक जन्माएको भन्ने देखिन्छ। अरूको यौन सम्पर्कबाट जन्मिएको बच्चा सामाजिक लोक लज्जाको कारण हाम्रो समाजमा पाच्य हुन नसक्ने पृष्ठभूमिमा भएको वारदात भवितव्यबाट भएको हो कि भन्न सकिने हुँदा प्रतिवादीलाई हदैसम्मको सजाय गर्नुभन्दा मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुने देखिएकाले प्रतिवादीलाई १० वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-RC-००८६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भीमलाल पाण्डे*

जाहेरवालाले जाहेरी दरखास्तमा प्रतिवादीले रामलाल पाण्डेलाई सल्लाको दाउराले टाउकोमा प्रहार गरी सख्त घाइते बनाएकोले उपचारको लागि लैजाँदा उपचारको क्रममा मृत्यु भएको भनी कागज लेखाएकोमा अदालतमा पनि सोही बेहोरा समर्थन गरी बकपत्र गरेको देखिँदा प्रतिवादी भीमलाल पाण्डेको बयान प्रमाण ऐन, २०३१ को दफा ९ र जाहेरवालाको बकपत्र ऐ. को दफा १८ बमोजिम निज प्रतिवादी विरूद्ध प्रमाणमा लिन मिल्ने नै देखिने।

प्रतिवादी एक जनाले रामलाल पाण्डेलाई सल्लाको दाउराले टाउकोमा प्रहार गरेको देखिन्छ। त्यसकारण रामलालको मृत्यु हुनुमा भीमलालको संलग्नता देखियो। लास जाँच मुचुल्कामा दाउरा प्रहारबाट भएका त्यति धेरै चोटपटक लागेको देखिएकोमा प्रतिवादीले आफूले मृतकको टाउकोमा दाउरा प्रहार गरेको स्वीकार गरेको देखिन्छ। त्यसरी प्रतिवादीले अभियोग स्वीकार गरी गरेको बयान, घटनास्थल, लासजाँच मुचुल्का र शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणहरूबाट समर्थित भइरहेबाट निजलाई ज्यानसम्बन्धी महलको १३ नं. को देहाय ३ बमोजिम सजाय गर्ने गरेको फैसलालाई अन्यथा भन्न नमिल्ने।

अतः पुनरावेदन अदालत, बुटवलले माथि उल्लेख भएका आधार र कारण देखाई प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको मिति २०७२।५।२७ को फैसला मिलेकै देखिँदा साधकको रोहमा सदर हुने।

प्रतिवादीले आफ्नो भाइलाई मार्नु पर्नेसम्मको पूर्वरिसइवी, योजना केही नदेखिएको, मृतकले नै प्रतिवादीलाई पहिले सेउलीले प्रहार गरेको कारण

झगडा भई प्रतिवादीले मृतकको सोही कार्यबाट आवेशमा आई तत्काल सल्लाको दाउराले प्रहार गर्दा टाउकोमा लागि मृतकको मृत्यु भएको र घटनामा सामान्य सल्लाको दाउरा प्रयोग भएको देखिँदा प्रतिवादीद्वारा घटित घटना भवितव्यले भएको हो कि भन्न सकिने भएकाले प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले १० वर्षको कैद सजाय गर्दा पनि कानूनको मक्सद पूरा हुने हुँदा प्रतिवादीलाई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने गरी व्यक्त भएको पुनरावेदन अदालत, बुटवलको राय पनि सदर हुने ।

इजलास अधिकृतः भीमबहादुर निरौला

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-MS-००१७, अवहेलनामा सजाय गरिपाऊँ, *पुष्पराज पाण्डेय वि. चन्द्रमणी पौडेलसमेत*

चिकित्सा शिक्षासम्बन्धी नेपाल सरकारको नीति कार्यान्वयनमा कमी कमजोरी भई सर्वसाधारण जनताको जनस्वास्थ्यसम्बन्धी हितमा असर पर्छ कि भनी सर्वसाधारण जनताको जानकारीको लागि समाचार सम्प्रेषण गरेका हुन्छन् । समाचार प्रकाशन गर्नु आफैँमा अदालतको आदेशको अवहेलना हुन नसक्ने ।

अदालतले जहिले पनि शासक वर्ग सरकार वा सरकारी संस्थाबाट शासित वर्गको रूपमा रहेका सर्वसाधारणको लागि संविधान कानून र राज्यका नीतिले प्रदान गरेका हक अधिकारको सुनिश्चितता हुने गरी काम गरेको छ छैन भनी मुद्दा मामिलाको रोहमा फैसला आदेशमार्फत सधैँ सरकार र सार्वजनिक जवाहदेहीका पदमा रही कार्य गर्ने व्यक्तिलाई सजग गराइरहेको हुने ।

चिकित्सा शिक्षा सञ्चालन गर्दा सर्वसाधारण जनताको हित र कल्याणको उपेक्षा हुन जान्छ कि भनी विपक्षीमध्येको अख्तियार दुरूपयोग अनुसन्धान आयोगले नेपाल सरकारको चिकित्सासम्बन्धी नीति नियम कार्यान्वयन गर्ने विपक्षी शिक्षा मन्त्रालयसमेतका निकायहरूलाई ती निकाय आफैँले जारी गरेका सर्तहरूको कार्यान्वयन भयो भएन भनी पत्रमार्फत स्मरण गराउन सक्ने नै देखिने ।

सार्वजनिक जनताको हित र कल्याणसँग सरोकार राख्ने चिकित्सा शिक्षाको अनुमति प्रदान गर्दा मन्त्रालय स्वयम्ले आफूले बनाएको नीति निर्देशन र सर्तको अवलम्बन गरेको छ, छैन भनी सार्वजनिक दायित्व बहन गर्ने शिक्षा मन्त्रालयमा गरिएको पत्राचारलाई निवेदकले दाबी गरेजस्तो यस अदालतको आदेश पालना गर्न रोक लगाएको भनी भन्न मिल्ने देखिन नआउने ।

अदालतको आदेश कार्यान्वयनका क्रममा विपक्षी कार्यान्वयन गर्ने अख्तियारी भएको शिक्षा मन्त्रालय र सार्वजनिक जवाफदेहीको पदमा बस्ने व्यक्तिले गरेका कार्यमा अख्तियारको दुरूपयोग भएको देखेमा सो सम्बन्धमा अनुसन्धान गर्ने संवैधानिक र कानूनी जिम्मेवारी भएको विपक्षी अख्तियार दुरूपयोग अनुसन्धान आयोगले चिकित्सा शिक्षा नीतिको कार्यान्वयन सम्बन्धमा पत्राचार गरी निजहरूसँग सोधपुछ गरेको कार्यलाई नै अदालतको अवहेलना मान्न उपयुक्त नहुने ।

अदालतबाट भएको फैसला आदेश कार्यान्वयन गर्ने दायित्व सम्बन्धित सबै पक्षको हुन्छ । आदेश कार्यान्वयन गर्ने अभिभारा भएका विपक्षीहरूले गरेका पत्राचारसमेतका काम कारबाहीबाट आदेश कार्यान्वयनमा असर पर्न गएमा त्यस्तो पक्षलाई विपक्षी बनाई फैसला कार्यान्वयनको प्रक्रियाबाटै उपचारप्राप्त गर्न सकिने नै हुन्छ । फैसला कार्यान्वयनको सिलसिलामा भए गरेको पत्राचारबाट अदालतको आदेश कार्यान्वयन हुन अवरोध सिर्जना भएमा अवरोध गर्ने पक्षलाई नै जिम्मेवार बनाई फैसला कार्यान्वयनको प्रक्रियाबाटै

उपचारमा जानुपर्नेमा अदालतको अवहेलनामा सजाय गरिपाउँ भनी निवेदकले लिएको प्रस्तुत निवेदन दाबीअनुरूप विपक्षीहरूलाई अवहेलनामा सजाय गर्ने आधार नहुँदा निवेदकको निवेदन दाबी पुग्न नसक्ने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७४ साल वैशाख २५ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०७५२, उत्प्रेषण, *कुमारप्रसाद श्रीवास्तव वि. अख्तियार दुरूपयोग अनुसन्धान आयोग, टंगाल, काठमाडौंसमेत*

कसैकोउपर लगाइएको आरोप सम्बन्धमा निर्णय गर्दा कानून, तथ्य र प्रमाणको आधारमा विवेकपूर्ण मूल्याङ्कन गरी निर्णय गर्ने अधिकारीले निर्णय गर्नु वाञ्छनीय हुन्छ। तर कसैको निर्देशन गरिने निर्णयलाई कानूनबमोजिमको र न्यायिक विवेकयुक्त निर्णय मान्न मिल्दैन। त्यस्तो निर्णय पूर्वाग्रही (Bias) निर्णय हुने हुँदा प्राकृतिक न्याय सिद्धान्तविपरीत हुने।

विपक्षी भन्सार अधिकृतको मिति २०७१।७।२६ को निर्णय निर्णयकर्ताले तथ्य, कानून र प्रमाणको मूल्याङ्कन आफ्नो सद्विवेक प्रयोग गरेर निष्कर्षमा पुगेको नभई केवल अख्तियार दुरूपयोग अनुसन्धान आयोगको निर्देशनबमोजिम निर्णय भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत पूर्वाग्राही निर्णय र सोको कार्यान्वयन स्वरूपको देखिन आएकाले यस्तो निर्देशित निर्णय त्रुटिपूर्ण देखिन आउने।

तसर्थ विपक्षी भन्सार अधिकृतको मिति २०७१।७।२६ निर्णय र सो निर्णयलाई सदर गर्ने भन्सार विभागको मिति २०७१।९।२० को निर्णय अख्तियार दुरूपयोग आयोगको मिति २०७०।१२।२३ को बैठकको निर्णयअनुसारको निर्देशित निर्णय देखिन आई पूर्वाग्राहीपूर्ण देखिएको र भन्सार एजेन्टसम्बन्धी निर्देशिका, २०५३ ले भन्सार एजेन्टको लागि दशम् कक्षासम्म अध्ययन गरेको शैक्षिक योग्यता निर्धारण गरेको भन्ने विपक्षीको लिखित जवाफ भएकोमा निवेदकको शैक्षिक योग्यताको प्रमाणपत्र झुट्ठा ठहरिएको प्रमाणिक आधार प्रस्तुत नै नगरी भन्सार ऐन, २०६४ को दफा ५५(२) बमोजिम भन्सार एजेन्टको इजाजतपत्र रद्द गर्ने गरेको विपक्षीहरूको निर्णय गैरकानूनी देखिन आएकोले उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७४ साल साउन १६गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-११७४, निषेधाज्ञा, *विनोदप्रसाद साह वि. सूर्यप्रसाद उपाध्याय*

शान्ति सुरक्षा गरिपाउँ भन्ने निवेदन जिल्ला प्रशासन कार्यालयमा परेकोमा सोमाथि कारबाही हुँदा अन्य कानूनबमोजिमको क्षेत्राधिकार नाघ्न मिल्दैन। सम्बन्धित निकायले आफ्नो क्षेत्रधिकारभित्र रही गरेको कार्यमा अन्यथा नदेखिएसम्म कानूनविपरीत भएको मान्न मिल्ने अवस्था रहँदैन। त्यसरी शान्ति सुरक्षाको लागि निवदेन लिई कानूनी प्रक्रिया अपनाएकै कारण जिल्ला प्रशासन कार्यालयले क्षेत्राधिकार नाघेको भनी भन्न नसकिने।

नागरिक अधिकार ऐन, २०१२ को दफा ६ को उपदफा (४)(५)(६)(७) समेतको कानूनी व्यवस्था हेर्दा उक्त अधिकारहरू "प्रचलित कानूनबमोजिमको अधिनमा रही सबै नागरिकहरूलाई देहायका अधिकारहरू हुनेछन्" भनी दफा ६ मा उल्लेख भएको देखिन्छ। "नागरिकहरूलाई" भन्ने नेपाल ऐनमा उल्लिखित वाक्यांशले नेपाली नागरिकलाई इङ्गित गरिएको प्रस्ट देखिने हुँदा ती कानूनबमोजिमका

हकहरू नेपाली नागरिकले उपभोग गर्न र हनन् भएको खण्डमा उपचार पाउने।

अतः निवेदकले दाबी गरेको घर जग्गाको सम्बन्धमा आफ्नो निर्विवाद हक देखाउन नसकेको अवस्था र सोको प्रमाणलगायत पेस गर्नुपर्ने नागरिकताको प्रमाणसमेतको अभावमा अनिश्चित हकलाई निश्चित हकसरह स्थापित गराउने गरी निषेधाज्ञाको आदेश जारी गर्न मिल्ने अवस्था देखिँदैन भने गैरकानूनी तरिकाले कानूनभन्दा बाहिर गई गरेको कुनै पनि कार्यले कानूनी सार्थकता प्राप्त गर्न नसक्ने र त्यस्तो कागजको कुनै प्रमाणिकता रहने अवस्थासमेत नदेखिँदा निषेधाज्ञाको आदेश जारी गरिरहन पर्ने अवस्थासमेत विद्यमान देखिन आउँदैन । तसर्थ निषेधाज्ञाको आदेश जारी गर्नु नपर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।१।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CI-१०१५, परमादेश, *राजनहरि श्रेष्ठ वि. परमानन्द यादव*

पटकपटक सरोकार राख्ने कागजातहरूको नक्कल तथा सावाँ ब्याज रकमको हिसाब उपलब्ध गराई पाउन परमादेशको आदेश माग गरी मुद्दा दायर गर्ने प्रत्यर्थी वादीले अदालतको आदेशपछि पनि यस्तो सूचना नपाएको भए के-कुन मितिमा सूचना नपाएको हो त्यसको उल्लेख गरी सम्बन्धित निकायबाट आवश्यक कारबाही गराउन सक्नेमा सो नगरी पहिलो आदेश भएको लामो समय निष्क्रिय रही पुन: सोही प्रकृतिको अर्को परमादेश मुद्दा दायर गर्दै जाने गरेको देखिएबाट ऋण चुक्ता गर्नेतर्फको आफ्नो दायित्व पूरा नगरी केवल ऋण तिर्ने समय लम्ब्याउने मात्र प्रयत्न गरेको देखिने।

पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६९।३।१८ मा फैसला हुँदासमेत जिल्ला अदालतबाट भएको फैसलाबमोजिम पुनरावेदनको म्याद व्यतित भएको ३५ दिनभित्र ऋण चुक्ता गरे जिल्ला अदालतको फैसलाबमोजिम लिलाम बदर हुने उल्लेख गरी रकम चुक्ता गर्ने मौका प्रदान गरेकै देखिने।

ऋण दिने राजश्री सेभिङ को-अपरेटिभ सोसाइटी लिमिटेडले भने सोही मुद्दामा २०६९।९।२० गते निज ऋणीले चुक्ता गर्नुपर्ने रकमको जानकारी गराई सहिछापसमेत गराएको कागज मिसिल संलग्न देखिँदा उक्त पछिल्लो मौकालाई समेत ऋणीले सदुपयोग गर्न सकेको नदेखिएबाट तत्काल रकम चुक्ता गर्नेतर्फ नलागी समय लम्ब्याउने प्रयास मात्र गरेको देखिने।

अत: उपर्युक्त आधार, प्रमाण एवम् फैसलाहरूसमेतका आधारमा ऋण दिने संस्था राजश्री सेभिङलाई ऋणीले चुक्ता गर्नुपर्ने रकम जम्मा गर्न अनन्तकालसम्मको समय प्रदान गरेको नदेखिँदा जुनसुकैबेला कर्जा रकम दाखिल गर्न पाउने भनी पुनरावेदन अदालत, जनकपुरले खारेज नगरी जारी गरेको परमादेशको आदेश जारी हुने अवस्था नभएकोले पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।५।२५ मा जारी आदेश कानूनअनुरूपको नदेखिएकोले उल्टी भई निवेदन खारेज हुने।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

कम्प्युटर: चन्द्रशेर राना

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-CI-१५२३, निषेधाज्ञा, *कला रेग्मी (पंगेनी) वि. सुस्मिता महर्जन*

आफैँले राजीनामा लिखतमार्फत

हकहस्तान्तरण गरिसकेको जग्गासँग सम्बन्धित विषयवस्तुउपर जारी भएको निषेधाज्ञा आदेशले हाल यिनै पुनरावेदक कला रेग्मी (पंगेनी)को हक अधिकारमा गम्भीर आघात पुगेको भनी मान्न सक्ने अवस्था देखिएन भने निज स्वयम्ले हकहस्तान्तरण गरिसकेको जग्गाको विषयमा जारी निषेधाज्ञा आदेश खारेज गरी पाउन दाबी लिन मिल्ने पनि देखिन आएन। प्रस्तुत विवादित जग्गाको हक बेहकतर्फ प्रश्न उठेको अवस्थामा कानूनी उपचार प्राप्त गर्ने अवस्था स्रेस्ता कायम रहेका जग्गाधनीमा विद्यमान रहेकै हुँदा हाललाई त्यसतर्फ बोलिरहन नपर्ने।

अत: काठमाडौं जिल्ला साबिक सतुङ्गल गा.वि.स. वडा नं. ९(क) कि.नं. ७६८ को जग्गा पुनरावेदक विपक्षीको हक दर्ताको भएकोमा २०७२।०४।२० को राजीनामाले कोमलभक्त उप्रेतीको नाममा गइसकेको देखिएकोमा पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।१२।२५ मा निषेधाज्ञा जारी हुने फैसला भएपछि उक्त कि.नं.७६८ को जग्गा अन्यत्र हस्तान्तरण भइसकेको अवस्थामा सम्बन्धित व्यक्तिको पुनरावेदन पर्नु पर्नेमा निजको पुनरावेदन परेको नदेखिँदा प्रस्तुत पुनरावेदनबाट निर्णय गरिरहन परेन। पुनरावेदन खारेज हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०४०१, निषेधाज्ञा, *चुलिया देवी गिरी वि. लिलादेवी गिरी*

मुद्दाको मूल जरिया नै यी पुनरावेदकले विपक्षीलाई हालैदेखिको बकसपत्रमार्फत जग्गा पारित गरिदिएको तर त्यसको केही समयपछि फिर्ता गराउने प्रयत्न गरेको देवानी विषयबाट प्रारम्भ भएको छ। यी पुनरावेदकले प्रस्तुत मुद्दासँग सम्बन्धित विषयमा प्रहरी प्रशासन गुहारेको कुरा विपक्षीले सार्वजनिक अपराध गरेउपर सोधपुछका लागि विपक्षीलाई बोलाएर सोधेको हो भनी बोलाएको कुरा पुष्टि गरे पनि यी प्रत्यर्थीले यी पुनरावेदकलाई कुटपिटसमेत गरेको कुरा साँचो भएको भए र यी प्रत्यर्थी वादीले सार्वजनिक अपराध नै गरेको अवस्था भए सुरू तहमा लिखित जवाफ पेस गर्न अवसर दिएको अवस्थामा अदालतबाट रीतपूर्वक जारी म्यादभित्रै लिखित जवाफमार्फत सो कुराको खण्डन गर्नुपर्नेमा सो नगरी लिखित जवाफसमेत पेस नगरी बस्ने र अहिले आएर निज विपक्षीले आफूलाई कुटपिट गरी सार्वजनिक अपराध गरेको भनी दाबी लिँदैमा त्यसको सत्यता पुष्टि हुन नसक्ने।

जुन कुराको आरोप पक्षमाथि लागेको छ र समर्थित कागजातबाट समेत निजमाथिको आरोप सान्दर्भिक देखिइरहेको छ उक्त अवस्थामा आरोपित पक्ष आफूलाई लागेको आरोपको खण्डन नै नगरी बस्छ भने निजले उक्त आरोप स्वीकारी बसेको मान्नु पर्ने।

यिनै पुनरावेदकसमेतले यी विपक्षी वादीलाई देवानी प्रकृतिको हालैदेखिको बकसपत्र फिर्ता गराउन जिल्ला प्रहरी कार्यालय, बोलाई निश्चित समयावधिभित्र फिर्ता नगरे कपालीसरह असुल गर्ने, थुनामा राख्ने भनी तर्साएको धम्क्याएको भनी यी प्रत्यर्थी वादीले लिएको दाबीलाई यी दुवै विपक्षीले खण्डन नगरेबाट र मिसिल संलग्न अन्य कागजातबाट समर्थित भइरहेको अवस्थामा यी पुनरावेदकसमेतले उक्त कार्य गरेकी हुन् भन्ने नै मान्नु पर्ने देखिन आउने।

पुनरावेदन पत्रको पुनरावेदन बेहोराबाटै उक्त विवादित हालैदेखिको बकसपत्रको विवाद निरूपण भइसकेको भन्ने नदेखिएको र यी दुवै पक्षको विवादको जरिया पनि सोही बकसपत्र भएको अवस्थामा पुन: यी प्रत्यर्थी वादीउपर देवानी प्रकृतिको विषयमा डर त्रासमा पार्ने, जबरजस्ती कागज गराउने, पक्राउ गर्ने वा थुन्नेलगायतका कार्य गर्न सक्ने अवस्था विद्यमान रहेकोले यस अवस्थामा नागरिक अधिकार ऐन, २०१२ ले प्रत्याभूत गरेको नागरिकको हक अधिकारमा आघात

पुग्न सक्ने अवस्था विद्यमान रहेकै देखिन आउने।

अत: विवेचित आधार एवम् कारणसमेतबाट निषेधाज्ञा आदेशको औचित्यता विद्यमान रहे भएकै अवस्थामा कानूनबमोजिम बाहेक देवानी प्रकृतिको विषयमा रिट निवेदकलाई नपक्रनु, नथुन्नु, जबरजस्ती कागजसमेत नगराउनु भनी विपक्षीसमेतका नाममा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरले मिति २०७१।३।२८ मा जारी गरेको निषेधाज्ञा आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-१५११, निषेधाज्ञा, *चन्द्रकुमारी उपाध्याय वि. यशोदा श्रेष्ठसमेत*

विपक्षीमध्येकै महानगरीय प्रहरी परिसरले निवेदिकाले निवेदनमा जिकिर लिएजस्तो निजलाई पक्राउ गर्ने, धरपकड गर्ने, कागज गराउने तथा जबरजस्ती घर जग्गा खाली गर्न लगाउने जस्ता कार्य गरिएको छैन, नभएको नगरिएको कार्य गरिएको भनी विपक्षीले दिनुभएको झुट्टो रिट खारेज गरिपाउँ भनी रिट खारेज हुन माग गरेको अवस्था देखिन्छ भने देवानी प्रकृतिको मुद्दामा महानगरीय प्रहरी परिसरले यी ज्येष्ठ नागरिक पुनरावेदकलाई तत्काल धरपकड गर्ने वा पक्राउ गर्ने आशङ्काको अवस्थासमेत विद्यमान रहेको देखिएन। अर्कोतिर यी पुनरावेदक र विपक्षीहरूमध्येका अमीर विष्ट र यशोदा विष्टका बीच विवादित जग्गाका सम्बन्धमा साधारण कार्यविधिअन्तर्गत नै मुद्दा किनारा लाग्ने अवस्था रहेको देखिएको सन्दर्भमा यी विपक्षीहरूले पनि तत्काल पुनरावेदक निवेदकउपर घरजग्गाबाट हटाउने, निकाला गर्ने वा बसोबासमा क्षति पुर्‍याउने जस्ता कार्य गर्ने गराउने सम्भावना नरहेको देखिँदा यस स्थितिमा निवेदकको निवेदन मागबमोजिम निषेधाज्ञा आदेश जारी गरिरहनु पर्ने देखिन नआउने।

अत: विवेचित उपर्युक्त आधार एवम् प्रमाणसमेतका आधारमा विपक्षीहरूबाट निवेदिकाको हक अधिकारमा तत्काल आघात पर्ने आशङ्का नरहेको अवस्थामा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिएकोले पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।५।२३ मा भएको आदेश मिलेकै देखिँदा उक्त आदेश सदर हुने।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-०१०३, निषेधाज्ञा, *सूर्ज महर्जन वि. मथुरा कटुवालसमेत*

मिति २०७१।४।२७ को पत्रबाट लेखिआएको कुरालाई पुनरावेदन अदालत, पाटनले अनदेखा गरी निषेधाज्ञाको आदेश नगरेर आफूलाई अन्याय गरेको भनी निवेदकले दाबी गरे पनि उक्त पत्र लेखिएको मितिभन्दा पछि मिति २०७१।१०।१४ को पुनरावेदन अदालत, पाटनको इजलासमा भूमिसुधार कार्यालय, काठमाडौंका तर्फबाट उक्त विवादित जग्गाको मोठ ढड्डा सक्कलै पेस भएको र उक्त ढड्डाबाट विवादित कित्ता जग्गाको मोही संशोधन भई पुनरावेदकका पिताले निजको जीवनकालमै सो जग्गाको मोही हक छाडिदिइसकेको कुरा पुष्टि हुने।

तहतहगत रूपमा जग्गा बिक्री गरेर विपक्षीले आफ्नो मोही हकमा आघात पुर्‍याएको भनी यी निवेदकले जिकिर लिए पनि पहिले नै मोही हक टुटिसकेको स्थापित भइसकेको अवस्थामा पछि आएर उक्त जग्गा तहतहगत रूपमा बिक्री वितरण हुँदैमा आफ्नो हकमा आघात परेको भनी निवेदकले लिएको प्रस्तुत पुनरावेदन जिकिर उचित हो भनी मान्न मिल्ने देखिएन । साथै आफूले नियमित रूपमा विपक्षीलाई कुतबाली बुझाएको भनी निवेदकले दाबी लिए पनि के-

कसरी ? कसलाई ? कति ? कुतबाली बुझाएको हो सोको कुनै पनि प्रमाण पुनरावेदकले पेस गर्न नसकेबाट पुनरावेदकको उक्त दाबी पनि स्थापित हुन नआउने ।

मालपोत कार्यालयमा जग्गाधनीको दर्ता स्रेस्ता कायम हुने मूल किताब नै उक्त कार्यालयको मोठ ढड्डा भएको र उक्त ढड्डाकै आधारमा जग्गाधनी प्रमाण पुर्जा, फिल्डबुक, भूमिसुधार कार्यालयको अभिलेख आदिमा जग्गाधनीको नामलगायतको लगत राख्ने, थप्ने, सच्याउने आदि कार्य हुने हुँदा मालपोत कार्यालयको मोठ ढड्डालाई नै मूल अभिलेख मान्नु पर्ने हुन्छ । उक्त मोठ ढड्डामा नै मोही लगत संशोधन भई मोही टुटिसकेको देखिएको अवस्थामा मोठबाहेक अन्य कागजातमा मोही संशोधन भएको कुरा उल्लेख नभएकोले मेरो मोही हक कायमै छ भनी पुनरावेदकले लिएको जिकिर पुष्टि हुन नसक्ने ।

अत: विवेचित आधार एवम् प्रमाणसमेतका आधारमा मालपोत कार्यालय, कलंकीबाट विवादित कि.नं.२९ र १३७ का जग्गाको जग्गाधनी प्रमाण पुर्जाको मोही संशोधन भई जग्गाधनीकै नाउँमा मोही कायम भएको भन्ने कुरा प्रमाणित भइसकेको अवस्थामा निवेदकको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नदेखिएकोले निवेदकको निवेदन जिकिर खारेज हुने ठहर्छ भनी मिति २०७१।१०।१४ मा पुनरावेदन अदालत, पाटनबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : सुभाशचन्द्र दाहाल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ ९ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-WO-०७७३, उत्प्रेषण / परमादेश, *सलिम मियाँसमेत वि. सप्तरी जिल्ला अदालत, राजविराजसमेत*

अंश मुद्दामा पुनरावेदन अदालत, राजविराजबाट भएको फैसलामा भएको उल्लिखित बेहोराबाट रिट निवेदकलाई दक्षिणतर्फको जग्गा र विपक्षी कमरूदिनलाई बीचको जग्गा भागमा परेको देखिन्छ । आफ्नो भागमा परेको जग्गाका सम्बन्धमा रिट निवेदकका पिता मो. यासिनले कुनै विवाद नउठाई फैसलालाई स्वीकार गरी बसेकोमा निजका छोराहरूले सो फैसला कार्यान्वयनको विषयलाई लिएर विवाद सिर्जना गरेको औचित्यपूर्ण र मनासिब देखिन नआउने ।

पुनरावेदन अदालत, राजविराजबाट भएको मिति २०४९।३।४ को अन्तिम फैसलामा बेहोराअनुसार मो. कमरूदिनको भागमा परेको घरजग्गा उपभोग गर्नमा निजलाई कुनै बाधा अवरोध नगर्नु भनी पुनरावेदन अदालत, राजविराजबाट निषेधाज्ञा मुद्दामा मिति २०६९।५।१७ मा आदेशसमेत भइसकेको र सोउपर यस अदालतमा पुनरावेदनको रूपमा परेको ०७०-CI-०२६४ को निषेधाज्ञा मुद्दामा आज यसै देखिएबाट पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।५।१७ मा भएको आदेश सदर हुने ठहरी फैसला भएकाले सो मुद्दामा उल्लिखित आधार र कारणबाट पनि प्रस्तुत रिट निवेदनमा निवेदकको दाबी कानूनसम्मत र यथार्थ फरक देखिन नआउने ।

अंशजस्तो नैसर्गिक हकको विषयमा अदालतबाट अन्तिम फैसला भइसकेपछि त्यसको पालना र कार्यान्वयनमा सहयोग पुग्न गरी फैसलाअनुसार आआफ्नो भागमा परेका घरजग्गा छुट्ट्याई लिई फैसलाप्रति सम्मान व्यक्त गर्नुपर्नेमा सो नगरी आफ्नो पिताको पालामा निरूपण भइसकेको विषयमा प्रक्रियागत छिद्र खोज्दै पुनः विवाद सिर्जना गराई यी रिट निवेदकहरू अदालत, प्रवेश गरेको तथ्य, फैसलाको अन्तिमताको सिद्धान्त तथा सफा हातको सिद्धान्तको आधारमा समेत मिलेको देखिन नआउने ।

कुनै कार्यविधि कानूनको कुनै विन्दुमा भएको अस्पष्टता वा अपर्याप्तताले कुनै पनि व्यक्तिलाई सारवान

कानून (Substantive Law) ले प्रत्याभूत गरेको अंश जस्तो नैसर्गिक हकलाई समाप्त पार्न तथा अदालतको फैसलालाई निष्प्रभावी बनाउन सक्ने नहुँदा प्रस्तुत रिट निवेदनमा निवेदकको माग तर्कसङ्गत र न्यायोचितसमेत देखिन नआउने।

तसर्थः मिति २०४९।३।४ को फैसलाअनुसार नै चलन चलाउने गरी २०७१।५।१८ मा भएको बन्डा चलन मुचुल्का तथा सो सम्बन्धमा भएका जिल्ला अदालत, सप्तरीको मिति २०७१।९।१८ र पुनरावेदन अदालत, राजविराजको मिति २०७१।११।१४ को आदेश र ती आदेशअनुसार भएका काम कारबाहीसमेत कानूनबमोजिम मिलेकै देखिँदा प्रस्तुत रिट निवेदनमा निवेदकको मागबमोजिम आदेश जारी गरी रहन मिल्ने देखिएन। अतः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७५ साल जेठ २७ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६८-CR-०२०५, जबरजस्ती करणी, *नेपाल सरकार वि. काशीनाथ पौडेल*

प्रतिवादी काशीनाथ पौडेलले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितको योनिमा औंला घुसारी दिएको थिएँ भनी बयान गरे तापनि सुरू जिल्ला अदालतसमक्ष गरेको बयानमा अभियोग दाबीमा इन्कार रहेको देखिन्छ। पीडित भनिएकी बालिका अनुराधा पौडेल (परिवर्तित नाम) को पश्चिमाञ्चल क्षेत्रीय अस्पतालबाट मिति २०६७।३।२५ मा गरिएको शारीरिक परीक्षणबाट निजको यौनाङ्गमा जबरजस्ती करणी गरिएका कुनै लक्षणहरू देखिएका छैनन्। पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम आफ्नो दाबी शङ्कारहित तवरले पुष्टि गर्न सकेको देखिँदैन। त्यसैगरी पीडित भनिएकी परिवर्तित नाम अनुराधा पौडेलले अदालतमा गरेको बकपत्रमा आफ्नो पिसाब फेर्ने ठाउँबाट रगत आएको थिएन। प्रतिवादी काशीनाथको पिसाब फेर्ने मेरो पिसाब फेर्ने ठाउँमा घुसाउनु भएको थिएन भनी बयान गरेको देखिन्छ। त्यसैगरी निजको दिदी प्रतिक्षा पौडेलले अदालतमा गरेको बकपत्रमा घरमा आउँदा बहिनी र आफू सँगै आएको, घटनाको बारेमा बहिनीले आफूसँग केही नभनेको र कराएको पनि सुनिनँ भनी बेहोरा उल्लेख गरेको देखिने।

पीडित र निजकी दिदीको अदालतमा भएको बकपत्र र पीडितको शारीरिक जाँच प्रतिवेदनलगायतका मिसिल संलग्न कागजातहरूबाट प्रतिवादी काशीनाथ पौडेलले आरोपित कसुर गरेको तथ्य शङ्कारहित रूपबाट पुष्टि हुन सकेको देखिएन। शङ्का र अनुमानको भरमा कसुरदार ठहर गर्न न्यायोचित नभएकोले सुरू फैसला उल्टी गरी निज प्रतिवादी काशीनाथ पौडेललाई सफाइ दिने गरी मिति २०६७।११।१७ मा पुनरावेदन अदालत, पोखराबाट भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: विनोदकुमार बानिया

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७०-CI-०६१८, करारबमोजिम रूपैयाँ दिलाई पाऊँ, *अरूणकुमार थापासमेत वि. सानुकान्छा श्रेष्ठ*

प्रचलित कानूनबमोजिम भएको करार सम्झौता सम्बन्धित पक्षहरूको हकमा कानूनसरह लागू हुने विषय हो। करारका पक्षहरूले करारबमोजिमको दायित्व सम्झौताका प्रावधानबमोजिम पूरा गर्नुपर्ने हुन्छ। उक्त प्रावधानबमोजिम नै तिर्नु बुझाउनु नपर्ने हो भने पनि कुन प्रावधानबमोजिम तिर्नु बुझाउनु नपर्ने हो सो

कुरा खुलाउनु पर्ने हुन्छ। सम्पन्न करार सम्झौताभन्दा बाहिरका विषयहरू देखाई करारका पक्षहरू सम्झौताको दायित्वबाट पन्छिन सक्दैनन् र पाउँदैन पनि। प्रस्तुत विषयमा पक्षहरूबीच भएको करार सम्झौताको दफा ६ र करार ऐन, २०५६ को दफा ७४ मा रहेको करार गर्ने प्रत्येक पक्षले करारबमोजिमको दायित्व पूरा गर्नुपर्ने भन्ने व्यवस्थाहरू अध्ययन गरी हेर्दा यी वादीले वादी दाबीबमोजिम प्रतिवादीबाट पाउनुपर्ने बाँकी रू. ५,००,०००।-, नवौं रनिङ विलको रू. ३,००,०००।- र धरौटीबापतको रू. १६,४५,००३।५६ समेत कूल रू.२४,४५,००३।५६ करारबमोजिम पाउनु नै पर्ने देखिन आउने।

अतः पाउनु पर्ने बाँकी रू.५,००,०००।- भराई लिन पाउने ठहऱ्याएको हकमा सम्म पुनरावेदन अदालतको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। अब बाँकी रू.३,००,०००।- र रू.१६,४५,००३।५६ गरी जम्मा रू.१९,४५,००३।५६ को हकमा VAT समेत बुझाई सकेको देखिँदा सो रकमसमेत भराई लिन पाउनेमा सो रकम भराई नदिएको हदसम्म पुनरावेदन अदालत, राजविराजको मिति २०६९।८।१९ को फैसला मिलेको नदेखिँदा पुनरावेदन अदालतको उक्त फैसला केही उल्टी भई पुनरावेदक वादीले प्रतिवादीबाट करारीय दायित्वअनुसार बाँकी रू.१९,४५,००३।५६ समेत भराई लिन पाउने।

इजलास अधिकृत : अनुपमा पन्त

इति संवत् २०७५ साल जेठ २५ गते रोज ६ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७३-WO-०९८५, उत्प्रेषण / परमादेश, *डम्बर चन्द वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा उल्लिखित आचरणविपरीत कार्य गरेकोले दफा ६३(१) बमोजिम कालोसूचीमा राख्ने गरी निर्णय गरिएको भनी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयले जिकिर लिए पनि सोही कार्यालयले लिखित जवाफ फिराउँदा रिट निवेदकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२(२) अनुसारको आचरण पालन गरे नगरेको सम्बन्धमा निर्क्योल गर्न नसकिएको भनी लिखित जवाफमा उल्लेख भएको देखिन्छ। यसरी दफा ६२(२) अनुसार आचरण उल्लङ्घन भए नभएको सम्बन्धमा निर्क्योल नै नभइसकेको अवस्थामा सोही दफा ६२ विपरीत आचरण गरेको भनी दफा ६३(१) बमोजिम रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी गरेको निर्णय आफैँमा विरोधाषपूर्ण देखिएकोले मिलेको देखिन नआउने।

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को १(ख) मा दफा २७ बमोजिम स्वीकृत भएका बोलपत्रदाता खरिद सम्झौता गर्न नआएमा निजको कामको गाम्भीर्यको आधारमा सार्वजनिक खरिद अनुगमन कार्यालयले १ वर्षदेखि ३ वर्षसम्म कालोसूचीमा राख्न सक्ने भन्ने व्यवस्था भएको देखिए पनि सार्वजनिक खरिद ऐन, २०६३ मा २०७३।३।३० मा भएको पहिलो संशोधनपछि मात्र उक्त व्यवस्था राखिएको देखिन्छ। मिति २०७३।०३।३० मा पहिलो संशोधन हुनुपूर्व सो व्यवस्था नभएकाले पश्चातदर्शी रूपमा कानून लागू हुन नसक्ने हुँदा मिति २०७३।३।३० भन्दा अगाडि दफा २७ बमोजिम स्वीकृत भएका बोलपत्रदाता खरिद सम्झौता गर्न नआएमा निजलाई कालोसूचीमा राख्ने गरी निर्णय गर्न मिल्ने नदेखिएको र प्रस्तुत रिट निवेदनमा निवेदकलाई खरिद सम्झौता गर्न २०७३।२।१८ मा सूचना प्रकाशन भएकोसमेत देखिएकाले सूचना जारी हुँदाका अवस्थामा लागू नरहेको ऐनको व्यवस्था (दफा ६३ को १ (ख) को संशोधनपछिको व्यवस्था) लागू गरी रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी निर्णय गर्नु

कानूनसम्मत नदेखिने।

तसर्थः उल्लिखित तथ्य, आधार र कानूनी व्यवस्थासमेतका आधारमा रिट निवेदकलाई कालोसूचीमा राख्ने गरी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७३।१०।२८ मा भएको निर्णय र मिति २०७३।११।०६ मा गोरखापत्रमा प्रकाशित सोसम्बन्धी सूचना तथा उक्त निर्णय र सूचनाअनुसार भएका अन्य सम्पूर्ण काम कामकारबाही कानूनसम्मत भएको नदेखिँदा उत्प्रेषणको आदेशले बदर हुने र रिट निवेदकलाई कालो सूचीमा राखिएकोमा सो सूचीबाट हटाउनु हटाउन लगाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: अनुपमा पन्त

कम्प्युटर: रमला पराजुली

इति संवत् २०७४ साल फागुन १४ गते रोज २ शुभम्।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७४-WO-००२४, उत्प्रेषण, *सन्जिव शर्मा दास वि. गृह मन्त्रालय, सिंहदरबार, काठमाडौंसमेत*

प्रहरी नियमावली, २०७१ को नियम ११५(५) मा निलम्बन अवधि ६ महिनाभन्दा बढी हुने छैन र निलम्बन अवधिमा निजउपरको कारबाहीको किनारा लगाउनु पर्नेछ भन्ने बेहोरा उल्लेख भएको देखिन्छ । सोबमोजिम निलम्बन गर्ने कार्य मिति २०७४।४।४ मा भई हाल ६ महिनाको अवधि व्यतित भइसकेकोले निलम्बन अवधि नै समाप्त भइसकेको र निवेदकको बढुवा भई पदस्थापनसमेत भइसकेको देखिँदा निवेदन मागका सम्बन्धमा थप विवेचना गर्नुपर्ने अवस्था देखिएन । अतः विवेचित आधार कारणबाट निवेदन मागबमोजिम आदेश जारी गरिरहने आवश्यकता र प्रयोजन नै नरहकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: अनुपमा पन्त

इति संवत् २०७५ साल असार १२ गते रोज ३ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री केदारप्रसाद चालिसे,** ०६८-CR-०२८२, हातहतियार खरखजाना, *नेपाल सरकार वि. आकाश भन्ने नवराज श्रेष्ठसमेत*

बरामदी मुचुल्काको बेहोरा र मौकामा कागज गर्ने व्यक्तिहरूको कथन परस्परमा बाझिएको देखिन्छ । बरामदित पेस्तोल प्रतिवादीहरूको सँगसाथबाट बरामद नभई तेस्रो व्यक्तिले प्रहरीलाई हस्तान्तरण गरेको देखिएको एवम् बरामदित पेस्तोल सम्बन्धमा अनुसन्धानमा तयार भएका कागजहरूको बेहोरा फरक फरक भई आपसमा बाझिएको अवस्थामा प्रतिवादीहरूउपरको कसुर शङ्कारहित तबरले पुष्टि हुन सकेको देखिएन । सबुद प्रमाणको अभावमा प्रतिवादीहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गर्न मिल्ने अवस्था नहुँदा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मनासिब नै देखिन आउने।

अतः विवेचित आधार कारणबाट सुरू फैसला उल्टी गरी प्रतिवादीहरू सतिष शाही र नवराज श्रेष्ठले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।३।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्कमाया राई

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६९-CR-०८३७, लागु औषध खैरो हेरोइन, अनिला श्रेष्ठ वि. नेपाल सरकार

प्रतिवादीले आफूबाट २४० ग्राम खैरो हेरोइन

बरामद भएको सत्य हो, उक्त लागु औषध बिक्री गर्ने प्रयोजनार्थ साथमा बोकी हिँडेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष सवाल जवाफ १० र ११ मा खुलाएको पाइयो । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान अन्यथा हो भनी पुनरावेदिकाले पुष्टि गर्न सकेको देखिएन । प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्ष भएको बयान बेहोरा बरामदी मुचुल्का, प्रतिवेदक तथा बरामदी मुचुल्काका व्यक्तिहरू शर्मिला थापा, शुभलक्ष्मी लामा, विन्दु बुढाथोकी, आत्मराम सिलवालसमेतले अदालतमा गरेको बकपत्रसमेतबाट बेहोरा समर्थित भएको देखियो । सेवन र बिक्री गर्ने कसुर छुट्टाछुट्टै भएको अवस्थामा सेवन गर्ने भन्दैमा सेवनतर्फको कसुर ठहर हुने पनि होइन । प्रतिवादीको कार्य, प्रतिवादीबाट बरामद लागु औषधको परिमाणसमेतबाट सेवन हो होइन निष्कर्षमा पुगिने हो। प्रतिवादी सेवनकर्ता मात्र भएको भए निजले सेवनको लागि आवश्यक पर्ने मात्रा आफ्नो साथमा राखेको अवस्था हुने थियो । तर निजको साथबाट बरामद भएको २४० ग्राम खैरो हेरोइनको ठूलो परिमाणबाट नै निजले केवल सेवन गर्ने प्रयोजनको लागि मात्र उक्त लागु औषध आफ्नो साथमा बोकी हिँडेको भनी विश्वास गर्न सकिने अवस्था देखिन नआउने।

प्रतिवादीको कसुरको प्रकृति तथा बरामदी लागु औषधको परिमाणलाई समेत दृष्टिगत गरी १६ (सोह्र) वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) जरिवाना हुने गरी भएको फैसला कानूनसम्मत नै देखिन आयो। प्रतिवादीले सेवनकै लागि मात्र उक्त परिमाणको लागु औषध खेरो हेरोइन साथमा बोकेको भन्ने जिकिर कुनै विश्वसनीय आधार प्रमाणबाट पुष्टि हुन सकेको नहुँदा सोतर्फको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, विवेचित आधार कारणबाट प्रतिवादीको साथबाट २४० ग्राम लागु औषध बरामद भएको देखिन आएको, उक्त ठूलो परिमाणको लागु औषध खैरो हेरोइन सेवनकै लागि राखेको भन्ने प्रतिवादीको भनाई विश्वसनीय देखिन नआएको र सेवनतर्फको निजको जिकिर पुष्टि हुन आएको नहुँदा बरामदी मुचुल्का, प्रतिवादीको मौकाको बयान कागज, प्रतिवेदकको प्रतिवेदन एवम् बकपत्र तथा विशेषज्ञको बकपत्रसमेतको कागज प्रमाण तथा बरामद भएको लागु औषधको परिमाणसमेतको आधारमा अभियोग दाबीबमोजिम लागु औषध नियन्त्रण ऐन, २०३३ को दफा ४ को खण्ड (घ) र (च) विपरीतको कसुर अपराधमा सोही ऐनको दफा १४(१)(६)(३) बमोजिम प्रतिवादी अनिला श्रेष्ठलाई १६ (सोह्र) वर्ष कैद र रू.५,००,०००।– (पाँच लाख रूपैयाँ) जरिवाना हुने गरी भएको सुरू अदालतको फैसला सदर हुने ठहर गरी तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: महेश खनाल

कम्प्युटर: हर्कमाया राई

इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-०९५४, वैदेशिक रोजगार ठगी, *नेपाल सरकार वि. शंकरप्रसाद चापागाई*

जाहेरवाला आफ्नो जाहेरी बेहोरा समर्थन गर्न बकपत्रको लागि उपस्थित हुनुपर्नेमा उपस्थित नभएको हुँदा निजलाई बकपत्र गराउने प्रयोजनार्थ मुलुकी ऐन, अ.बं. ११५ नं. बमोजिम समेत म्याद जारी भएकोमा सो म्यादभित्र निज उपस्थित हुन नआएको तर पछि निज जाहेरवालाले आफूले उक्त रकम वैदेशिक रोजगारको लागि नदिई घरायसी व्यवहार चलाउन लेनदेन भएकोमा उक्त रकम प्रतिवादीले आफूलाई चुक्ता गरिदिएको भनी वैदेशिक रोजगार न्यायाधिकरणमा दर्खास्त दिई सो दर्खास्त सनाखतसमेत गरी रकम बुझेको सक्कल भरपाईसमेत पेस गरेको देखियो ।

यसरी स्वयम् जाहेरवालाले नै प्रतिवादीले वैदेशिक रोजगारको लागि रकम लिएको नभई घरायसी लेनदेन भएको भनी स्वीकार गरेको र आफूले दिएको रकम पाइसकेको भनी भरपाईसमेत पेस गरेको अवस्थामा प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर गर्न न्यायोचित हुने नदेखिने।

अतः उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी शंकरप्रसाद चापागाइँले आरोपित कसुर गरेको पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादीले सफाइ पाउने ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।१२।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल चैत २९ गते रोज ३ शुभम्।

**इजलास नं. ५**

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CR-०४६३, ०६८-CR-०३५४, ०६८-CR-०९७२, गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. निरन्जनप्रसाद चालिसे, गीताकुमारी अधिकारी (चालिसे) वि. नेपाल सरकार, निरन्जनप्रसाद चालिसे वि. नेपाल सरकार*

कुनै पनि कानूनको व्याख्या गर्दा उक्त ऐनको निर्माण गर्नुपर्नाको उद्देश्यलाई मुख्य रूपमा विचार गर्नुपर्छ। कानूनको व्याख्या भनेको नै विधायन निर्माणको आवश्यकता, त्यसको कारण र त्यसले ग्रहण गरेको उद्देश्य पत्ता लगाउनु हुने।

नयाँ बन्ने कानूनले विगतको कानूनको कमी कमजोरीलाई हटाउने उद्देश्य राखेको हुन्छ। विगतमा भएका अपराधजन्य कार्यलाई उन्मुक्ति प्रदान गर्नको लागि नयाँ कानूनहरू नबन्ने।

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १५ को निरन्तरता नै भएको देखिन्छ। भ्रष्टाचार निवारण ऐन, २०५९ जारी हुनुभन्दा अगाडि आर्जित गरेको सम्पत्तिको हकमा सो ऐनको दफा २० बमोजिम मुद्दा चलाउन र सजाय गर्न मिल्दैन भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग सहमत हुन नसकिने।

**१. <u>घरको बिगो सम्बन्धमा</u>**

आधारभूत मूल्याङ्कनको आधारमा निर्माण लागत रू.५,८८,०७५।३३ तय गरी सो लागतमा सरकारी भवन निर्माणमा लाग्ने ओभरहेड कस्ट र ठेक्का कर नलाग्ने भएकोले २०% ले हुने रू.१,१७,६१५।०७ कट्टासमेत गरी रू.४७०४६०।२७ बिगो कायम गरेकोमा उक्त रकम मनासिब नै रहेको देखिन्छ। यसरी आधारभूत मूल्याङ्कनको आधारमा मूल्य तय गरी सो मूल्यमा समेत २०% कट्टा गरी कायम गरेको निर्माण लागतलाई अन्यथा भन्नु पर्ने अवस्था रहेको देखिँदैन। उक्त घरको बिगो रू. ४७०४६०।२७ नै कायम हुने।

घरमा रू.१,३७,०००।– मूल्यको विद्युतीय उपकरण भएको कुरा मिसिल संलग्न स्थलगत मुचुल्काबाट देखिन्छ। उक्त विद्युतीय उपकरणको बिगो सुरू विशेष अदालतले रू.१,३७,०००।– नै कायम गरेको छ। प्रतिवादी पुनरावेदकले उक्त उपकरणहरूको बिगो रू.३४,२५०।– गणना हुनुपर्छ भनी पुनरावेदन जिकिर लिएको भए तापनि सोको मनासिब आधार र कारण पेस गर्न सकेको अवस्था छैन। केवल आयोगले निर्धारण गरेको मूल्यको एक चौथाई हुनुपर्छ भन्ने आधारमा मात्र सोअनुसार हुन सक्दैन। उक्त विद्युतीय उपकरणको बिगो रू.१,३७,०००।– नै कायम हुनुपर्ने।

फर्निचरको हकमा उक्त घरमा भएका फर्निचरहरूको मूल्य रू.२,४१,२२२।– मूल्याङ्कन भएकोमा सुरू विशेष अदालतले अनुसन्धानको

समयसम्म आइपुग्दा फर्निचरको मूल्यमा अत्यधिक वृद्धि भएको भन्ने आधारमा उक्त मूल्यमा ५०% घटाई रू.१,२०,६११।२१ मात्र बिगो कायम गरेको देखिन्छ । प्रतिवादीले पुनरावेदन जिकिरमा केही फर्निचरहरू पुख्यौली र केही श्रीमतीले दाइजोमा ल्याएको हो भनी जिकिर लिएको भए तापनि सो पुष्टि हुन सकेको नदेखिँदा फर्निचरको बिगो रू.१,२०,६११।२१ कायम गरेकोलाई अन्यथा गर्नुपर्ने नदेखिने।

आयोगले जाँच अवधि (Check Period) भन्दा पछाडिको मूल्य कायम गरेकोले प्रतिवादीको जिकिरबमोजिम नै उक्त Solar Panel को मूल्य रू.३,७५०।– कायम गर्न उपयुक्त हुने।

प्रतिवादीको घर २०३९।२०४० सालमा सुरू गरी २०४१।४२ मा निर्माण सम्पन्न गरेको देखिन्छ। यस अवस्थामा उक्त घरको लागतको मूल्याङ्कन गर्दा सोभन्दा अगाडि लागू भएको भदौ ३०, २०३२ मा प्रकाशित घर मूल्याङ्कन दरलाई अपनाउनु पर्ने हुन्छ । सुरू विशेष अदालतले २०४१।४२ को अन्त्यतिर परिपत्र भएको दरलाई आधार मानी घरको मूल्याङ्कन गरेकोमा घर निर्माण हुनुभन्दा अगाडि विद्यमान दररेटलाई आधार मानी घरको मूल्याङ्कन कायम गरिनु नै न्यायसङ्गत र मनासिब देखिने भएकोले उक्त घरको मूल्य पुनरावेदकले जिकिर लिएबमोजिम नै रू.३,५१,३६८ हुनुपर्ने देखिन्छ भने उक्त घरमा रहेको Solar Panel को मूल्य रू.३,७५०।– गरी जम्मा रू.३,५५,११८।– हुने।

काठमाडौं र जनकपुरमा घर निर्माण गर्दा लाग्ने लागत स्वाभाविक रूपमा फरक हुने भएकोले काठमाडौंको दरअनुसार मूल्याङ्कन गर्न नमिल्ने।

घर निर्माण गर्दाको समयमा नयाँ घर निर्माण गरेको सरह कम्पाउण्ड वाल, कम्पाउण्ड गेट, घर बाहिरको ट्वाइलेट र नुहाउने ठाउँ इत्यादि बनाउनु नपरेकोले सोबापतको खर्च नभएको भन्ने पुनरावेदक प्रतिवादीको जिकिरसँग असहमत रहनुपर्ने कारण देखिँदैन । पुनरावेदक प्रतिवादीले जिकिर लिएजस्तै उक्त घरको निर्माण गर्दा साइट डेभलपमेन्टमा कुनै खर्च भएको देखिँदैन। पुरानो घर भत्काई सोही सामग्रीहरूको प्रयोग गरेको र छड, सिमेन्ट मात्र नयाँ प्रयोग गरेको अवस्थामा आयोगको मूल्याङ्कन दररेट रू.६१६।– मा ६५% घटाएर रू.२१५।६ को दरले वास्तविक घरको मूल्य हिसाब गरिनुपर्छ भन्ने पुनरावेदक प्रतिवादीको जिकिर व्यावहारिक रूपमा समेत उपयुक्त हुने देखिन्छ । अतः प्रतिवादी निरन्जनप्रसाद चालिसेको आमा सीता चालिसेको नाममा रहेको जनकपुर स्थित घरको सम्पत्ति बिगो रू.४,०४,४९४।– कायम हुने।

सुरू विशेष अदालतले आयोगको आधारभूत मूल्याङ्कनको आधारमा निर्माण लागत रू.८,६३,७२२।४२ तय गरी यसमा भुइँतल्लाको निर्माण लागत रू.७८,७७९।४७ कटाई हुन आउने रू.७,८४,९४२।९५ र बाथरूमको निर्माण लागत रू.२६,७४२।७२ समेत जम्मा रू.८,११,६८५।६७ बाट ठेकेदारको ओभरहेड कष्टबापत १५ प्रतिशत र ठेक्का करबापत ५ प्रतिशतसमेत २०% ले हुने रू.१,६२,३३७।१४ घटाउँदा हुन आउने रू.६,४९,३४८।५३ प्रतिवादीको सम्पत्तिको बिगोमा समावेश गर्ने गरी विशेष अदालतले लिएको आधार अन्यथा देखिएन । अतः प्रतिवादी निरन्जनप्रसाद चालिसेको श्रीमती गीता अधिकारी (चालिसे) को नाममा रहेको घरको बिगो मूल्य रू.६,४९,३४८।५३ नै हुने देखिन्छ । उक्त घरमा प्रयोग हुने विद्युतीय सामग्रीको रू.२२,५००।– पुरै र फर्निचरको मूल्य रू.५९,७०० बाट आधा घटाउँदा हुने रू.२९,८५०।– समेत रू.५२,३५०।– प्रतिवादीको सम्पत्तिको बिगोमा समावेश हुने।

## २. <u>सवारी साधनको बिगोबारे</u>

प्रतिवादी निरन्जनप्रसाद चालिसेकी आमा सीता चालिसेको नाममा दर्ता कायम रहेको बा.३.च.४५५७ नं.को जिपको खरिद मूल्य रू.१८,१५,०००।– र निज प्रतिवादीको नाममा दर्ता रहेको मोटरसाइकलको खरिद मूल्य रू. ७५,०००।– समेत जम्मा रू.१८,९०,०००।– प्रतिवादीको

सम्पत्तिको बिगोमा समावेश हुने।

**३. टि.भी. र भिडियो डेकको बिगोबारे**

प्रतिवादी निरन्जनप्रसाद चालिसेसँग रू.७,०००।– मूल्य बराबरको सोनी टेलिभिजन एउटा र ६,०००।– मूल्य बराबरको एक डेकसमेत गरी १३,००० मूल्य बराबरको टेलिभिजन र डेक भएको भनी आरोपपत्रको तालिका नं.११ मा उल्लेख भएकोमा टि.भी.को मूल्य घरको मूल्याङ्कनमा नै गणना भइसकेकोले दोहोरो गणना गर्न मिल्दैन। डेकको मूल्य रू.६,०००।– सम्पत्तिको बिगोमा गणना हुने।

**४. जग्गा खरिदको बिगो सम्बन्धमा**

प्रतिवादीको आमासँग विधिवत् अंशबन्डा नभएको अवस्थामा प्रतिवादी निरन्जनप्रसाद चालिसे, बाबु केदारनाथ चालिसे तथा आमा सीता चालिसेको नाममा खरिद भएको जग्गाको मूल्य रू.१९,४०,४००।– नै हुने।

**५. बैंक मौज्दात सम्बन्धमा**

कुनै निश्चित समय अवधिलाई परीक्षण अवधि निर्धारण गरी सो अवधिमा भएको आम्दानी र सम्पत्तिको परीक्षण गर्ने भनी निश्चय गरेपश्चात् सोही अवधिको आम्दानी र खर्चको मात्र परीक्षण गरिनु उपयुक्त हुने देखिन्छ। चेक पिरियड भनी उल्लिखित समयभन्दा अगाडि वा पछाडि प्राप्त भएको रकमको समेत गणना गर्ने हो भने त्यसले परीक्षण अवधिभित्रको आम्दानी र सम्पत्तिको वास्तविक नतिजा दिन सक्दैन र परीक्षण अवधि कायम गर्नुको कुनै औचित्यसमेत रहँदैन। अतः अख्तियार दुरूपयोग अनुसन्धान आयोगले निर्धारण गरेको परीक्षण अवधिभन्दा अगाडि वा पछाडि प्राप्त गरेको ब्याजलाई बैंक मौज्दातमा समावेश गर्न मिल्ने नदेखिने।

पुनरावेदक प्रतिवादीले मिसिलसाथ पेस गरेको बैंक स्टेटमेन्टहरू हेर्दा विभिन्न बैंकहरूमा चेक पिरियडपछाडिको ब्याजहरूसमेत रहेको र विशेष अदालतले सो ब्याजस्वरूप प्राप्त रकमलाई समेत बैंक मौज्दात मानी बिगो कायम गरेकोमा सो रकमलाई घटाउनु पर्ने देखिन्छ। बैंक स्टेटमेन्टहरू हेर्दा चेक पिरियडसम्म निरन्जनको बैंक मौज्दात रू.३३,४८,७५५।६२ र गीता अधिकारीको बैंक मौज्दात रू.१३,२८,१४५।५ देखिएकोले प्रतिवादीको पुनरावेदन जिकिरबमोजिम नै गणनायोग्य आयको रूपमा जम्मा बैंक मौज्दात रू.४६,७६,९०१।१२ लाई नै कायम गर्नुपर्ने।

**६. नगद मौज्दातको सम्बन्धमा**

आयोगले एउटा निश्चित समय अवधिभित्रको आम्दानी र सम्पत्तिको परीक्षण गर्ने भनी परीक्षण अवधि तोकी अनुसन्धान गर्ने भनेपछि सोही अवधिभित्रको आम्दानी र सम्पत्तिको मात्र अनुसन्धान गर्न मिल्ने।

प्रतिवादी निरन्जन चालिसे सार्वजनिक पदमा बहाल रहेको मिति २०६०।८।२ सम्मलाई परीक्षण अवधि मानी प्रस्तुत मुद्दाको अनुसन्धान भएको छ। निजले अवकाश पाइसकेपछि आयोगमा बयान दिँदाको क्रममा आफ्नो साथमा रू.५,५०,०००।– छ भनेको आधारमा निजसँग नगद मौज्दात रू.५,५०,०००।– रहेको भनी आयोगले आरोपपत्रमा उल्लेख गरेको र विशेष अदालतले पनि सोही रकमलाई सम्पत्ति बिगो कायम गरेको देखिन्छ। यसरी निज प्रतिवादी सेवाबाट अवकाश पाएपछि उक्त रकम निजसँग भएको देखिएकोमा चेक पिरियडभित्र समावेश गरी उक्त रकमलाई बिगो कायम गर्न मिल्ने नदेखिने।

**७. सेयरबापत कायम हुनुपर्ने बिगो सम्बन्धमा**

प्रतिवादी निरन्जन चालिसे र आमाको बीचमा अंशबन्डा भई नसकेको अवस्थामा सीता चालिसेले खरिद गरेको सेयर निरन्जन चालिसेको बिगोमा जोड्न मिल्दैन भन्ने जिकिरसँग सहमत हुन सकिएन। यसरी सुरू विशेष अदालतले सेयरबापतको बिगो रू.२,०६,२००।– कायम गरेकोमा बोनसबाट प्राप्त भएको रू.६,०००।– बराबरको सेयर मूल्य

घटाउँदा हुन आउने रू.२,००,२००।– प्रतिवादीको सम्पत्तिको बिगोमा गणना हुने।

**८. <u>बचतपत्रबापत कायम हुनुपर्ने बिगोको सम्बन्धमा</u>**

प्रतिवादी पुनरावेदकले आफ्नो पुनरावेदन पत्रमा रू.१४,७५,०००।– को बचत पत्र सीता चालिसेले खरिद गर्न दिएको रकमबाट खरिद गरेको र सम्पत्ति जाँचबुझ आयोग गठन गर्नुपूर्व नै आमाले भनेबमोजिम भाइ कृष्णको नाउँमा नामसारी गरिदिएको भनी जिकिर लिए तापनि निज प्रतिवादी र आमा गीता चालिसेबीच अंशबन्डा नभएको अवस्थामा उक्त रकमको बचत पत्र प्रतिवादी निरन्जनको सम्पत्ति बिगो कायम गर्न नमिल्ने भन्ने जिकिरसँग सहमत हुन नसकिने।

**९. <u>बेपत्ता पारेको भनिएको रकमको सम्बन्धमा</u>**

भ्रष्टाचार मुद्दामा प्रमाणको भार प्रतिवादीले पुर्‍याउनु पर्ने भए तापनि अभियोग लगाउने पक्षले अभियोग लगाइसकेपछि आफ्नो दायित्वबाट पूर्ण रूपमा पन्छिन मिल्दैन । वादी नेपाल सरकारले रू.१,२६,८९,२७४।– प्रतिवादीले झिकेको भनी अभियोग लगाउँछ भने त्यसको आधार र कारणसमेत दिन सक्नुपर्छ। प्रस्तुत मुद्दाको सन्दर्भमा पनि उक्त रकम कहाँबाट कसरी झिकेर लुकाएको भन्ने सम्बन्धमा कुनै पनि आधार प्रमाण वादी पक्षले प्रस्तुत गर्न नसकेको अवस्थामा सो रकम प्रतिवादीको सम्पत्ति कायम हुन सक्ने नदेखिने।

**<u>प्रतिवादीको आय सम्बन्धमा</u>**

**i. <u>तलब</u>**

प्रतिवादी मिति २०४३।३।२६ देखि २०४५।११।९ गतेसम्म निजी बिदामा रहेको भनी सो अवधिको तलब गणना नगरी आयोग तथा विशेष अदालतले तलब निर्धारण गरेको प्रतिवादी निरन्जन चालिसे सो अवधिमा निजी बिदामा नभएर अध्ययन बिदामा बसेको तथ्य निजले सो सम्बन्धमा पेस गरेको प्रमाणहरूबाट देखिन्छ । अतः निजले सो अवधिमा पाउने तलबसमेत निजको आयमा गणना गरिनुपर्ने देखिन्छ । त्यसैगरी निज धरान धनकुटा राजमार्गमा कामु योजना प्रमुख भई काम गरेकोमा सोबापत निजले पाएको तलब २०४७।८।५ मा प्रथम श्रेणीमा बढुवा भएकोमा आयोगले मिति २०४८।४।५ बाट मात्र प्रथम श्रेणीको तलब गणना गरेकोले सो एकवर्षको तलबसमेत जोड्नु पर्ने रकम, सडक विभागले आयोगलाई २०५८ साल श्रावणदेखि प्रतिमहिना तलब रू.१३,१९७।८० भनी लेखेकोमा आयोगले रू.१२,२८०।– प्रतिमहिनाको दरले गणना गरेकोले सो कारणले छुटेको रकम तथा प्रतिवादीले CTM कम्पनीमा ६ महिना काम गरेकोमा सोबापत प्राप्त रकमसमेत गरी रू.१,४६,५६७।६० गणना गर्न सुरू विशेष अदालतले छुटाएको देखिन्छ। तसर्थ प्रतिवादी निरन्जन चालिसेले पुनरावेदन जिकिर लिएजस्तै निजको तलबबापतको आय रू.१६,४४,०३५।६० कायम हुनुपर्ने।

**ii. <u>दशैं खर्च</u>**

दशैं खर्चको सम्बन्धमा सुरू विशेष अदालतले निज प्रतिवादीले रू.१,३०,३१८।९० दशैं खर्च पाएको भनी मानेको र प्रतिवादीले पनि सोही बराबरको रकम प्राप्त गरेको भनी पुनरावेदन जिकिर लिएको देखिँदा दशैं खर्चबापत रू.१,३०,३१८।– नै निजको आय कायम हुनुपर्ने।

**iii. <u>योजना भत्ता</u>**

योजना भत्ताको सम्बन्धमा पनि सुरू विशेष अदालतले कायम गरेको रू.२,०५,९६६।– नै प्रतिवादीले पुनरावेदन पत्रमा दाबी गरेकोले सोही रकम नै निजको आम्दानी कायम हुने।

**iv. <u>दुर्गम भत्ता</u>**

प्रतिवादीले दुर्गम भत्ताबापत रू.९६,७८३।९३ आयमा जोड्नुपर्नेमा अदालतले

हिसाब गर्न गल्ती गरेको कारणबाट ८२,९२३।९३ मात्र जोडेको भनी पुनरावेदन जिकिर लिएको भए तापनि कस्तो गल्ती भएको हो भन्ने सम्बन्धमा स्पष्टसँग खुलाउन सकेको नदेखिँदा दुर्गम भत्ता रू.८२,९२३।९३ नै कायम हुने।

**v. <u>दैनिक भ्रमण भत्ता, योजना प्रमुख भत्ता र इन्जिनियरिङ परिषद्बाट प्राप्त भत्ता</u>**हरूको सम्बन्धमा सुरू विशेष अदालतले कायम गरेको रकममा प्रतिवादी पुनरावेदकले स्वीकार गरेको देखिँदा सोबापतको रकमहरू क्रमशः रू. २,०६,०५०, रू. १६,१२० र रू. २,५६,७८५।– कायम हुने।

**vi. <u>परामर्श सेवाबापत</u>**

प्रतिवादीले मिति २०२६ देखि २०२७।८।२५ गतेसम्म र पछि २०५३।४।१ देखि २०५८।५।३० सम्म विभागबाट मन्त्रालयमा सरूवा गरी बिना कुनै जिम्मेवारी राखेको अवस्थामा परामर्शसम्बन्धी काम गरी रू.४,११,५००।– रकम आम्दानी गरेको भनी पुनरावेदन जिकिर लिएको भए तापनि सो कुरालाई पुष्टि गर्न कुनै प्रमाण आधार पेस गर्न नसकेकोले सो रकम थप गर्न नमिल्ने।

**vii. <u>विदेश भ्रमणबाट प्राप्त रकम</u>**

प्रतिवादीले भ्रमण गरेको देश, बिताएको समय, गएको कार्यक्रमको नाम, भएको बचतलगायतका विवरणहरू स्पष्टसँग पेस गरेको अवस्थामा उक्त विवरणहरूको विश्लेषण र विवेचना गरी आयको गणना गरिनुपर्नेमा सुरू विशेष अदालतले प्रतिवादीले दाबी गरेअनुसारको रकम प्राप्त गरेको भरपर्दो प्रमाण पेस गर्न नसकेको भन्ने आधारमा अनुमानित रू.१४,७८,९४८।०७ मात्र प्रतिवादीको आय कायम गरेको देखिँदा संलग्न प्रमाण कागजातहरूको आधारमा विदेश भ्रमणबापत आयको रूपमा प्राप्त रकम रू.३३,०२, १९६।– नै कायम हुनुपर्ने।

**viii. <u>पुनरावेदक निरन्जनप्रसाद चालिसे तथा स्व. आमा सिता चालिसेको नाउँमा रहेको जग्गाको कृषि आय स्वरूप कायम हुने रकम</u>**

मिति २०५८।१०।२३ मा धनुषा मालपोत कार्यालयबाट लिएको लालपुर्जामा गीता चालिसेको नाममा रहेको देखिन्छ। त्यसैगरी सीताराम अधिकारीले सीता चालिसेको उपर्युक्त जग्गा जालसाजीले २०५९।३।५ मा आफ्नो नाउँमा गरेको भनी धनुषा जिल्ला अदालतको फैसलासमेत मिसिलसाथ संलग्न रहेको देखिन्छ । त्यसैगरी २०५९ सालसम्म सीता चालिसेले उक्त जग्गाको मालपोत तिरेको प्रमाणसमेत पेस भएको देखिँदा २०५९ सालसम्म कृषि आय गणना गर्दा १२-९-१५.६ बिगाहा जग्गाको नै आय गणना गर्नुपर्ने।

**ix. <u>सीता चालिसेले जग्गा बिक्रीबाट प्राप्त आय</u>**

प्रतिवादीले आमाले विभिन्न जग्गाहरू बिक्री गरी आय गरेको भनी जिकिर गरेको भए तापनि जग्गा बिक्री गरेको प्रमाण कागज पेस गर्न सकेको नदेखिँदा प्रतिवादीको जिकिरबमोजिम आय कायम गर्न नसकिने।

**x. <u>समिति संस्थाको बैठकबापत प्राप्त भत्ता</u>**

धेरै अगाडिदेखिको बैठक भत्ता प्राप्त गरेको रकम प्राप्त गरेको प्रमाण संकलन गरी पेस गर्ने कार्य व्यावहारिक रूपमा समेत सम्भव हुने देखिँदैन । यस अवस्थामा प्रतिवादीले उल्लेख गरेको रकम व्यावहारिक रूपमा मनासिब छ वा छैन भनी हेर्नुपर्छ। प्रतिवादीले पेस गरेको विवरण र सोमा उल्लिखित रकम मनासिब नै देखिँदा निजले माग गरेको रू.८५,७१८।० रकम निजको आयमा गणना हुने।

**xi.** सञ्चयकोष सापटीबापत प्राप्त गरेको रकम र बिदाबापतको रकम रू.७२,३१७।- र रू.४४,०००।– नै कायम हुने देखिने।

**xii. गाडी / ट्याक्सीको भाडाबापत प्राप्त रकम**

कोरियन गाडीलाई ट्याक्सीको रूपमा प्रयोग गरेको कारणले ठोस प्रमाण संकलन गर्न सक्ने अवस्था रहँदैन । त्यसैगरी अर्को गाडी भाडामा दिँदा टुरिजम व्यवसायी तथा निर्माण व्यवसायीसँग गरेको सम्झौताको कागजातहरूसमेत प्रमाण पेस गरेको देखिँदा गाडी भाडाबापत रू.१,००,०००।- मात्र प्राप्त गरेको भन्ने विशेष अदालतको अनुमान न्यायको रोहमा मनासिब देखिँदैन । गाडी भाडाबापत प्रतिवादीले रू.२०,००,०००।- नै प्राप्त गरेको देखिने ।

**Xiii. बैंक ब्याजबापत प्राप्त आय**

विशेष अदालतबाट प्रतिवादीहरूको वैधानिक आयको स्रोत मानी कायम गरिएको वैध सम्पत्तिको तुलनामा यस अदालतबाट विशेष अदालतले कायम गरेकोभन्दा केही भिन्न आम्दानीको स्रोत गणना भई आयको थप वैधानिक स्रोत स्थापित भएको परिप्रेक्ष्यमा त्यस्तो वैधानिक सम्पत्तिबाट प्राप्त बैंक ब्याजलाई अनुमानको आधारमा ३०% मा सीमित गर्ने कार्यलाई न्यायोचित मान्न सकिँदैन । प्रतिवादीको आयको वैधानिक स्रोत नै बढी स्थापित भएको अवस्थामा बैंकबाट प्राप्त ब्याजलाई मनोगत तर्कको आधारमा विशेष अदालतले कायम गरेको आयको गणना यथार्थपरक नदेखिँदा पुनरावेदक प्रतिवादीको जिकिरअनुसार बैंक ब्याजबापतको आय रू.४३,०५,३३३।४२ नै कायम हुनुपर्ने ।

**xiv. घरभाडाबापत प्राप्त आय**

प्रतिवादी पुनरावेदकको घर भाडाबापतको जम्मा आय विशेष अदालतबाट कायम गरेअनुसारको नभई भाडा प्रमाणको रोहमा स्थापित भएको रू.३०,७४,९७४।– कायम हुनुपर्ने देखिने ।

**xv. विशेष अदालतले आयमा गणना नगरेको अन्य आयस्रोतको सम्बन्धमा**

केवल विभिन्न शीर्षकहरू उल्लेख गरी रू.९,४४,२८,२०३।– समेतको रकम आफ्नो आम्दानीमा कायम गर्नुपर्ने भन्ने जिकिर लिएको आधारमा मात्र प्रतिवादीले दाबी लिएको उक्त रकम निजको आयमा गणना गर्न मिल्ने नदेखिँदा सुरू विशेष अदालतबाट दाबीको उक्त रकम निजको आयमा गणना नगर्ने गरी भएको निर्णय उपयुक्त नै देखिने ।

**xvi. बुबा, आमा तथा अविवाहित कान्छा बुबाबाट प्राप्त गरेको भनिएको आयको सम्बन्धमा**

प्रतिवादीले आफ्नो बुबा, आमा तथा अविवाहित कान्छा बुबा र विभिन्न समयमा विभिन्न रकम प्राप्त कूल रू.१,०१,८४,०००।- प्राप्त गरेको भनी पुनरावेदन जिकिर लिएकोमा सोलाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न नसकेको अवस्थामा उक्त रकम आयमा गणना नहुने ।

**xvii. पैतृक, विवाह तथा दाइजोमा प्राप्त सामग्रीको सम्बन्धमा**

रू.२,१९,२३५।- रकम प्राप्त गरेको पुष्टि हुने गरी कुनै वस्तुनिष्ठ प्रमाण प्रतिवादीले पेस गरेको नभए तापनि मानिसको सामाजिक व्यवहारमा हुने यसप्रकारको लेनदेनलाई अनदेखा गर्न मिल्दैन । प्रतिवादीले उक्त रकम कोबाट कुन समयमा प्राप्त गरेको भनी सविस्तार उल्लेखसमेत गरेको अवस्थामा उक्त रकम प्राप्त गरेन होला भनी शङ्का गर्नुपर्ने अवस्था देखिँदैन । उक्त रकम रू.२,१९,२३५।- प्रतिवादीको आयमा गणना नहुने ।

**xviii. प्रतिवादी गीताकुमारी अधिकारीको आम्दानीको सम्बन्धमा**

प्रतिवादी गीताकुमारी चालिसेले रू.३१,७४,२८४।२६ रकम आर्जन गरेको भनी दाबी लिए पनि सो कुरालाई पुष्टि हुने गरी प्रमाण पेस गर्न सकेको देखिँदैन । केवल यो कामबाट यति रकम आम्दानी गरेको भनी दाबी मात्र लिएको देखिन्छ । यस अवस्थामा निज गीता चालिसेले उक्त रकम बराबरको

आम्दानी गरेको नै हो भनी मान्न मिल्ने अवस्था देखिँदैन । यद्यपि निज गीता चालिसे एक शिक्षित महिला भएको अवस्थामा निजले कुनै आयआर्जन नै गरिनन् भनी पनि मान्न मिल्ने अवस्था देखिँदैन। यस अवस्थामा निजको आम्दानी कति थियो भनि अनुमान गर्नु कठिन भएकोले निजले काम गर्न सुरू गरेदेखि २०६० सालसम्मको समयावधि, प्रचलित बजार मूल्य, कामको प्रकृतिलगायतका पक्षहरूलाई विचार गर्दा निजले दाबी गरेको रू.३१,७४,२८४।२६ को ५०% रू.१५,८७,१४२.१३ लाई निजको आम्दानी कायम गरिनु न्यायोचित नै हुने देखिनाले न्यायोचित अनुमानको आधारमा उक्त रकमलाई प्रतिवादीको आम्दानी कायम हुने।

**xix.** **<u>स्व. आमा सीता चालिसेको र पिता केदारनाथ चालिसेको आयस्रोतको सम्बन्धमा</u>**

प्रतिवादी पुनरावेदकले आमा सीता चालिसे तथा पिता केदारनाथ चालिसेको विविध आयस्रोत भनी रू.१,२६,५०,०००।- र रू.१,३९,९१,६९६।० आय दाबी गरेकोमा सो कुरालाई पुष्टि गर्ने कुनै प्रमाण पेस गर्न नसकेको तथा सीता चालिसे र केदारनाथ चालिसेको नाममा रहेको जग्गा तथा घरबाट प्राप्त आम्दानीको गणना भइसकेको अवस्थामा पुन: उक्त स्रोतलाई प्रतिवादीको आयमा गणना गर्न मिल्ने नदेखिने।

अतः प्रस्तुत मुद्दामा प्रतिवादी निरन्जनप्रसाद चालिसे सार्वजनिक पदमा बहाल रहेको अवधि मिति २०२६।४।१२ देखि २०६०।८।२ सम्मको जाँच अवधि (Check Period) भित्र निज प्रतिवादीले आर्जन गरेको सम्पत्ति जम्मा रू.१,४८,७७,८८३.१।- देखिएको र सोही अवधिमा निजको वैध आय रू.२,४३,४३,७३८.१०।- भएको देखिँदा प्रतिवादी निरन्जनप्रसाद चालिसे र गीताकुमारी चालिसेको नाउँमा रहेको सम्पत्ति र वैध आयमध्ये वैध आय नै रू.९४,६५,८५५ ले बढी  रहे भएको देखिएको अवस्थामा प्रतिवादी निरन्जनप्रसाद चालिसेले सार्वजनिक पदमा रहँदा भ्रष्टाचार गरी स्रोत नखुलेको सम्पत्ति आर्जन गरेको भन्ने अभियोग स्थापित हुन सक्ने देखिएन । यस अवस्थामा प्रतिवादीले सम्पत्तिको वैध स्रोत देखाउन नसकेको भनी निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), १५ र हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिम गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको ठहऱ्याई भएको सुरू विशेष अदालतको मिति २०६७।२।१९ को फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७४ साल भदौ ११ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०१६४, लागु औषध बुप्रिनर्फिन, *नेपाल सरकार वि. प्रेम भन्ने राज पुन*

प्रतिवादी लागु औषधको बिक्री वितरण गर्दाकै अवस्थामा पक्राउ परेको अवस्था देखिँदैन भने यो यसलाई यति मात्रामा बिक्री गरेको भनी उल्लेख गर्न सकेको अवस्थासमेत देखिँदैन। त्यसैगरी प्रतिवादीलाई लागु औषधसाथ पक्राउ गर्ने प्रतिवेदन प्रहरी निरीक्षक डिकबहादुर के.सी.ले लागु औषध बरामद भएको बेहोरा पुष्टि हुने गरीसम्म बकपत्र गरेका छन् तर प्रतिवादीले लागुऔषध बेचबिखन गरेको हो भन्ने कुनै भरपर्दो प्रमाण वादी पक्षले पेस गर्न सकेको अवस्था देखिँदैन। बरामद भएको लागु औषध आफ्नो कोठाबाट बरामद गरिएको हो र आफूले सेवन गर्नको लागि राखेको हो भनी प्रतिवादीले स्वीकार गरिसकेपछि सो लागु औषध बिक्री वितरण गर्नको लागि राखेको हो भनी अभियोग लगाउने वादी पक्षले नै बिक्री वितरण गर्नको लागि सञ्चित गरेको हो भनी शङ्कारहित तवरले पुष्टि गर्न सक्नुपर्छ। वादी पक्षले सोसम्बन्धी वस्तुनिष्ठ प्रमाण

पेस गर्न सकेको नदेखिने।

अतः विवेचित कारण आधारमा प्रतिवादी प्रेम भन्ने राजु पुनलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा १४(१) को (ज) बमोजिम रू.२०००।- जरिवाना र २ महिना कैद हुने ठहऱ्याएको कास्की जिल्ला अदालतको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, पोखराको मिति २०६९।०८।२५ को फैसला मिलेकै हुँदा सदर हुने।

इजलास अधिकृत: सन्देश श्रेष्ठ

इति संवत् २०७४ साल भदौ ८ गते रोज ५ शुभम्।

## इजलास नं. ६

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७०-WO-०२०७, उत्प्रेषण, *यक्षध्वज कार्की वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहचल, काठमाडौंसमेत*

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ को उपनियम (१४) अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयले जिल्ला विकास समिति रौतहटबाट कालो सूचीमा राख्न लेखी पठाएको पत्र प्राप्त गरेको मितिले ६(छ) महिनाभित्र कारबाही गरी सक्नुपर्छ भन्ने उल्लेख भएको अवस्थामा सोही अवधिभित्र निर्णय गर्नुपर्ने हुन्छ। तर विपक्षी कार्यालयले तोकिएको समयावधिभित्र निर्णय गर्न सकेको देखिएन। कालो सूचीमा राख्न पहिलो पटक लेखिएको मिति २०६९।१०।५ को पत्र मिति २०६९।१०।२१ मा कार्यालयले प्राप्त गरेपछि सो मितिबाटै ६ महिनाको अवधि सुरू भएको मान्नु पर्ने देखियो। नियम १४१ को उपनियम (१४) मा उल्लेख भएको अवधि ६ महिना समय व्यतित भएपछि गरेको काम कारबाही एवम् निर्णयले वैधता प्राप्त गर्न सक्ने पनि नदेखिने।

मिति २०६९।११।१ को पत्र सार्वजनिक खरिद अनुगमन कार्यालयले फ्याक्सबाट मिति २०६९।११।५ (Feb.16 2013) गते प्राप्त गरेको पत्रलाई आधार मान्दा पनि ६ महिना मिति २०७०।५।४ गते पुग्दछ। तर उक्त कार्यालयबाट निर्णय मिति २०७०।५।११ गतेको भनी उल्लेख भएको पाइँदा सार्वजनिक खरिद अनुगमन कार्यालयको निर्णय कानूनले तोकेको निश्चित समयावधि समाप्त भइसकेपछि भएको भन्ने देखियो। साथै मिसिल हेर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयबाट एक वर्षको समय अवधि तोकी कालो सूचीमा राख्न निर्णय भएकोमा सो अवधि हाल समाप्त भइसकेको अवस्था पनि देखिने।

अतः उल्लिखित आधार कारणसमेतबाट रिट निवेदकले ठेक्का सम्झौताको सर्त पालना नगरेको कुरालाई आधार बनाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ को उपनियम (१४) अवधिभित्र सार्वजनिक खरिद अनुगमन कार्यालयबाट निर्णय नगरी समय व्यतित भएपछि मात्र निर्णय गरेको कुरालाई कानूनअनुरूप भन्न मिल्ने देखिएन। तर सो कालो सूचीमा राख्ने भनी तोकिएको एक वर्षको समयावधि समाप्त भइसकेकोले अब निवेदन मागअनुसारको आदेश जारी गर्नु प्रयोजनहीन हुने देखियो। तसर्थ प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल फागुन २३ गते रोज २ शुभम्।

## इजलास नं. ७

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०३३७, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. रत्ना सापकोटा*

प्रतिवादी सुरूदेखि आरोपित कसुरमा पूर्ण इन्कार रही विशेष अदालतसमक्ष बयान गर्दा मिति

२०६७।२।१० देखि सञ्चालनमा रहेको जनबल प्रा.वि. जिवाको नाममा आएको रकम सम्बन्धित शीर्षकमा नै खर्च भएको भनिएको देखिन्छ । जिल्ला शिक्षा कार्यालय, सिराहाको च.नं.३४८७ मिति २०६७।२।११ को पत्रबाट "जिल्ला शिक्षा कार्यालयको मिति २०६७।२।९ को निर्णयबमोजिम प्राथमिक तहको कक्षा १ सञ्चालन गर्न अनुमति दिएको पत्रबाट जनबल प्रा.वि. जिवा विद्यालय स्थापना भई सञ्चालनमा रहेको र प्रतिवादी रत्ना सापकोटा उक्त विद्यालयमा स्थायी शिक्षिका भई सम्बन्धित जिल्ला शिक्षा कार्यालयको च.न.३४८६ मिति २०६७।२।१० को पत्रबाट सो विद्यालयमा काज सरूवा भई आएको देखिन्छ भने निज प्रतिवादी कार्यरत रहेको अवधिमा तलब भत्ताबाहेक रू.३७,०१५।- बेरूजु रकम खातामा भौ.नं. २५७५२६०२, मिति २०७२।९।२९ मा जम्मा गरेको जिल्ला शिक्षा कार्यालय, सिराहाको पत्रबाट समेत देखिने ।

भ्रष्टाचारजस्तो गम्भीर फौजदारी कसुर कायम हुनको लागि प्रतिवादीले रकम निकासा लिँदा वा खर्च गर्दा सरकारी हानि नोक्सानी गर्ने मनसाय राखी आफूले त्यसबाट लाभ लिने नियत राखी, आफूले लिनु खानु गरी आर्थिक लाभ लिने उद्देश्य भएको वा बदनियत चिताई लिएखाएको देखिनु पर्ने ।

नियमपूर्वक जनबल प्रा. वि. जिवा स्थापना र सञ्चालनमा रहेको विद्यालयमा प्रतिवादी रत्ना सापकोटा स्थायी शिक्षक सरूवा भई आएको र निज प्रतिवादीले तलब भत्ता, पोसाक भत्ता पाउने नै देखियो । निकासा भएको ननसेलरीबापतको रू.३६०१५।- र लेखा परीक्षणबापतको रू.१०००।- गरी जम्मा रू.३७०१५।- बेरूजुको रूपमा यी प्रतिवादीले जिल्ला शिक्षा कार्यालय, सिराहामा बुझाएको भन्ने जिल्ला शिक्षा कार्यालय, सिराहाको मिति २०७२।१२।८ को पत्रबाट देखिँदा प्रतिवादीले विद्यालयको नाममा निकासा भएको रकम हिनामिना गरी भ्रष्टाचार गरेको नदेखिँदा पुनरावेदनपत्र तथा बहसको क्रममा लिएको वादीको जिकिरसँग सहमत हुन नसकिने ।

अतः उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी रत्ना सापकोटाले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७२।१२।२१ को भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०२२२, भ्रष्टाचार (परीक्षाको परिमाण फेरबदल), *नेपाल सरकार वि. रेशमबहादुर थापा*

पुस्तिकाहरू कोडिङ तथा डिकोडिङ कार्य गर्नका लागि जिल्ला शिक्षा कार्यालय, गोरखाका उपसचिव हर्कबहादुर अधिकारी, विद्यालय निरीक्षकहरू उद्धवराज पाण्डे, लक्ष्मी मरासिनी, रेशमबहादुर थापा, ना.सु.हरू रंजु श्रेष्ठ, गोपाल रिजाल र प्रा.स. सुशीला अधिकारीलाई तोकिएको र निजहरूले नै उत्तर पुस्तिकाबाट मार्कस्लिपमा अङ्क उतार्ने कार्य गरेको भन्ने जिल्ला शिक्षा कार्यालय, गोरखाको पत्रबाट देखिन्छ । उत्तर पुस्तिका कोडिङ डिकोडिङ स्लिपमा प्राप्त अङ्क उतार गर्ने व्यक्तिहरू भनी विषय र व्यक्तिहरूको नाम उल्लेख भएको कागजातमा रेशमबहादुर थापाले गणित विषयमा मार्कस्लिप तयार गरेको भन्ने देखिन्छ । सक्कल मार्कस्लिप हेर्दा सो स्लिपमा HEAD EXAMINER र EXAMINER ले सही गरेको देखिन्छ भने सो स्लिपमा भएको नम्बर सच्याएको देखिँदैन । यस्तो अवस्थामा प्रतिवादीले कोडिङ तथा डिकोडिङ गरी मार्कस्लिप तयार गरेको विषयमा प्राप्त अङ्क थपेको मान्न नसकिने ।

प्रतिवादी रेशमबहादुर थापाले अनुसन्धानको

क्रममा बयान गर्दा आरोपित कसुरमा पूर्ण इन्कार रही आफूले बालनिकेतन मा.वि.का प्रिन्सिपल दिलिप मुखियासँग कुनै लेनदेन नगरेको र हतारमा काम गर्नु पर्दा प्राविधिक कारणवश मार्कस्लिपमा बढी अङ्क थप भएको हुन सक्छ भनी बयान गरेको देखिन्छ । साथै बालनिकेतन उ.मा.वि.का प्रिन्सिपल दिलिप मुखियाले प्रतिवादी रेशमबहादुर थापालाई रकम दिएकोमा इन्कार रही आफूले कुनै प्रकारको मिलेमतो गरी विद्यार्थीहरूले उत्तर पुस्तिकाबाट पाएको अङ्कमा बढी अङ्क थप गरी मार्कस्लिप तयार गर्न नलगाएको भनी कसुरमा इन्कार रही बयान गरेको देखिन्छ । साथै वादीले निज प्रतिवादीले दाबीमा उल्लेख भएबमोजिमको रकम लिएको भन्ने मिसिल संलग्न प्रमाणहरूबाट पुष्टि गर्न सकेको पनि देखिँदैन । जिल्ला शिक्षा कार्यालय, गोर्खाबाट प्राप्त मार्कस्लिपमा दुई जना HEAD EXAMINER र EXAMINER ले सही गरेको देखिएसमेतबाट कोडिङ, डिकोडिङ र मार्कस्लिपमा नम्बर चढाउने कार्य निज प्रतिवादी एक्लैले गर्न सक्ने अवस्थासमेत रहेको नदेखिएको तथा मार्कस्लिपको हस्ताक्षर परीक्षण गरिएको अवस्थासमेत नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर विश्वसनीय नदेखिने ।

कोडिङ, डिकोडिङ र मार्कस्लिपको कार्यमा निज प्रतिवादी एक्लैको मात्र संलग्नता नरहने र सो कार्यमा अन्य व्यक्तिहरूको पनि संलग्नता रहने जिल्ला शिक्षा कार्यालय, गोरखाको पत्रबाट समेत देखिरहेको अवस्थामा निजले मात्र विद्यार्थीहरूले प्राप्त गरेको अङ्कमा बढी अङ्क चढाई परीक्षाफल परिणाममा फेरबदल गरी भ्रष्टाचार गरेको मान्न सकिएन । प्रमाण ऐन, २०३१ को दफा २५ ले शङ्कारहित तवरबाट वादी दाबी पुष्टि गर्नुपर्ने भनी उल्लेख भएसमेतबाट प्रतिवादीउपरको आरोपलाई वादीले खम्बिर गर्न सकेको मिसिल संलग्न प्रमाणहरूबाट नदेखिँदा विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अत: उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी रेशमबहादुर थापाले आरोपित कसुरबाट पूर्ण सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७३।३।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः गीता श्रेष्ठ

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-WO-०१२८, उत्प्रेषण / परमादेश, *चन्द्रकिशन साहसमेत वि. जिल्ला प्रशासन कार्यालय, धनुषासमेत*

निवेदकले नेपालको नागरिकता पाउने अवस्थाको विद्यमानता नै देखिँदा निवेदन मागबमोजिम वंशजको आधारमा नागरिकता प्राप्ति गर्ने कुरामा विवाद उठाई गृह मन्त्रालयको परिपत्रबमोजिम निवेदकहरूलाई नागरिकता जारी नगरिएको भन्ने जिल्ला प्रशासन कार्यालय, धनुषाको कार्य कानूनसम्मत मान्न नमिल्ने ।

सार्वजनिक जवाफदेहीताको पदमा रहने व्यक्तिले प्रचलित संविधान र कानूनबमोजिमको कार्य गर्नुपर्ने कर्तव्य हुन आउनेमा विभिन्न बहाना देखाई निवेदकलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्ने कार्यमा अवरोध पुऱ्याएको देखिन्छ । गृह मन्त्रालयबाट पेस भएको लिखित जवाफमा संविधान र प्रचलित कानूनविपरीत हुने गरी कुनै पनि पत्राचार परिपत्र मातहतका कार्यालयलाई नगरिएको भन्ने देखिन आएको अवस्थामा संविधान र नागरिकता ऐन, २०६३ को प्रावधानबमोजिमको भूमिका जिल्ला प्रशासन कार्यालय, धनुषाले यी निवेदकहरूलाई नागरिकता प्रदान गर्ने कार्यमा पूरा गरेको देखिन नआउने ।

निवेदकहरूले नेपालको संविधान तथा नागरिकतासम्बन्धी प्रचलित कानूनअनुसार नेपालको नागरिकता पाउने नै देखिएकोले कानूनबमोजिमका

आवश्यक प्रक्रिया र कागजातसमेत हेरी बुझी सम्बन्धित वडा कार्यालयले नागरिकता प्राप्तिको लागि सिफारिस दिनुपर्ने र सोको आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्र दिनुपर्ने नै हुन्छ । यस अवस्थामा निवेदकहरू चन्द्र किशन साह र सपना साहले कानूनले तोकेका आवश्यक कागजपत्र तथा प्रक्रिया पुऱ्याई आएमा निजहरूलाई नागरिकता दिन इन्कार, आलटाल गर्नु कानूनसम्मत नहुने हुँदा विपक्षी गृह मन्त्रालयसमेतका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः उपर्युक्त विवेचित आधार, कारण एवम् प्रतिपादित कानूनी सिद्धान्तसमेतबाट निवेदकहरूले प्रचलित ऐन, नियमको कार्यविधि पूरा गरी नागरिकता प्रमाणपत्रको लागि सिफारिस माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नु भनी विपक्षी जिल्ला धनुषा, जनकपुर उपमहानगरपालिका वडा नं. ७, जनकपुरको कार्यालयका नाममा र सो सिफारिसलगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, धनुषाका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम् ।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७४-WO-०५१८, उत्प्रेषण / परमादेश, *अर्जुनकुमार साह वि. जिल्ला प्रशासन कार्यालय, महोत्तरीसमेत*

निवेदककी आमा वंशजका आधारमा नेपाली नागरिक देखिन्छिन् भने निवेदकका बाबुले कुनै देशको नागरिकता नलिएको भन्ने जिकिर देखिन्छ । साथै निवेदकको नेपालमा नै जन्म भई, नेपालमा पठनपाठन गरी नेपालमा स्थायी बसोबास गर्दै आएको र निवेदकले बाबुको नागरिकताको आधारमा नागरिकता नलिएको जिकिरका आधारमा नेपाली नागरिकता पाउन सक्ने संविधान तथा नागरिकतासम्बन्धी ऐनअनुसारको योग्यता तथा सर्त पूरा भएमा निवेदकले नागरिकताबाट वञ्चित हुनुपर्ने अवस्था देखिएन । साथै निवेदकले नागरिकता पाउन नसक्ने अवस्था रहे भएको भनी विपक्षीहरूले आफ्नो लिखित जवाफ र बहस क्रममा समेत उल्लेख गरेको अवस्था नदेखिएबाट निवेदकले नेपालको संविधानको धारा ११ को उपधारा (७) र नेपाल नागरिकता ऐन, २०६३ को दफा ५(२) अनुसार नागरिकता पाउने देखिन्छ । साथै यसै अदालतबाट कुनै पनि व्यक्तिले आफ्नो बाबु वा आमामध्ये कुनै एक मात्र नेपालको नागरिक भएपनि त्यस्तो व्यक्तिले नेपालको नागरिकता प्राप्त गर्न सक्ने (*ने.का.प.*२०६८, नि.नं. ८५५७, अङ्क २, पृ. २४७) भनी सबिना दमाई वि. नेपाल सरकार भएको परमादेशको रिट निवेदन र अन्य यस्तै प्रकृतिका विवादहरूमा सिद्धान्तसमेत प्रतिपादन भई आमाको नामबाट नागरिकता प्रदान गर्नु भनी जिल्ला प्रशासन कार्यालयको नाउँमा परमादेशको आदेश जारी भइसकेको अवस्थासमेतबाट प्रस्तुत मुद्दामा समेत निवेदकले आमाको नामबाट नागरिकता प्राप्त गर्न सक्ने नै देखिने ।

निवेदकले पेस गरेका कागज प्रमाणहरूका आधारमा निवेदकले नेपालको संविधान तथा नागरिकतासम्बन्धी प्रचलित कानूनअनुसार नेपालको नागरिकता पाउने नै देखिएकोले कानूनबमोजिमका आवश्यक प्रक्रिया र कागजातसमेत हेरी बुझी सम्बन्धित वडा कार्यालयले नागरिकता प्राप्तिको लागि सिफारिस दिनुपर्ने र सोको आधारमा जिल्ला प्रशासन कार्यालयले नेपाली नागरिकताको प्रमाणपत्र दिनुपर्ने नै हुन्छ । यस अवस्थामा निवेदक अर्जुनकुमार

साहले कानूनले तोकेका आवश्यक कागजपत्र तथा प्रक्रिया पुऱ्याई आएमा निजलाई नागरिकता दिन इन्कार, आलटाल गर्नु कानूनसम्मत नहुने हुँदा विपक्षी गृह मन्त्रालयसमेतका तर्फबाट उपस्थित विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

अतः विवेचित आधार, कारण तथा कानूनी सिद्धान्तसमेतबाट प्रस्तुत निवेदनमा निवेदक अर्जुनकुमार साहकी आमा मिथिलाकुमारी वंशजको आधारमा नेपाली नागरिक रहेकी, निवेदकको नेपालमै जन्म भई नेपालमा नै स्थायी बसोबास, पठनपाठन गरेको देखिएको र निवेदकले आफ्नो बुबाको कुनै पनि देशको नागरिकता नै नरहेकोले आफूले बुबाको नामबाट समेत नागरिकता नलिएको भनी लिएको जिकिरबाट निजले नेपाली नागरिकता पाउने नै देखिन्छ । यस्तो स्थितिमा निवेदकले नागरिकता प्रमाणपत्रको लागि सिफारिस माग गरेमा कानूनबमोजिम गरी सिफारिस प्रदान गर्नु भनी विपक्षी जिल्ला महोत्तरी, मटिहानी नगरपालिका वडा नं. ८ को कार्यालयका नाममा र सो सिफारिसलगायतका अन्य आवश्यक कागजपत्रको आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी निजलाई नागरिकताको प्रमाणपत्र प्रदान गर्नु भनी नेपाल सरकार गृह मन्त्रालय र जिल्ला प्रशासन कार्यालय, महोत्तरीका नाममा परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः कमलकान्त जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम् ।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** ०७३-CR-०३१७, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. रणधिरकुमार यादवसमेत*

प्राथमिक विद्यालय दिपही-३ ले विभिन्न मितिमा विभिन्न प्रकारका निर्णयहरू गरेको, सो विद्यालयको नाममा ०–२–० जग्गा दर्ता रहे भएको, उक्त विद्यालयले आ.व. २०६६।०६७ देखि आ.व. २०६९/०७० सम्मको लेखापरीक्षण सम्पन्न गराएको लेखापरीक्षण प्रतिवेदनसमेतबाट देखिन आएको छ । साथै विद्यालयले भरेको Flash Report र सो Flash Report मा स्रोतव्यक्तिको रूपमा रहेको भुवनेश्वर मिश्रले प्रमाणित गरी दिएको, उक्त विद्यालयको कारोबार बैंक खातामार्फत नै भएको अवस्थासमेतबाट उक्त विद्यालय सञ्चालनमा नै रहेको र सञ्चालित अवस्थामा रहेको विद्यालयलाई प्राप्त निकासा रकम सम्बन्धित शीर्षकमा खर्च हुनु स्वाभाविक हो । यसरी नियमसम्मत तरिकाबाट प्राप्त रकम विद्यालय सञ्चालनको लागि सम्बन्धित शीर्षकमा भएको खर्चलाई आर्थिक हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने वादी नेपाल सरकारको जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरूले अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानमा विद्यालय सञ्चालनमा रहेको बेहोरा उल्लेख गरेको, अख्तियार दुरूपयोग अनुसन्धान आयोगको स्थलगत निरीक्षणबाट २३ जना मात्र छात्रछात्रा रहेको भनी विद्यालय सञ्चालनमा रहेको स्वीकार गरी आएको अभियोपत्र, जिल्ला शिक्षा कार्यालय, रौतहटबाट पटकपटक गरी कक्षा ४ सम्म सञ्चालनको अनुमति प्रदान भएको देखिएसमेतबाट विद्यालय सञ्चालित अवस्थामा नै रहेको पुष्टि हुन आयो । यसरी सञ्चालित अवस्थामा रहेको विद्यालयमा शिक्षकको पारिश्रमिकलगायतको विषयमा खर्च हुनुलाई अन्यथा भन्न नमिल्ने ।

जिल्ला शिक्षा कार्यालय, रौतहटको मिति २०७२।११।२० गतेको च.नं.७६४ को पत्रको बेहोराबाट बेरूजु जनिएको रू.२,००,०००।– जम्मा गरेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, गौरको नं.३२३९६४३४ को भौचरबाट देखिएको र निज प्रतिवादीहरूले पेस गरेको Bank Statement बाट सो जिल्ला शिक्षा कार्यालयको पत्रमा उल्लेख भएबमोजिमकै

बैंक मौज्दात रू.४,८८,१८०।९५ देखिएकोसमेतबाट प्रतिवादीहरूको रकम हिनामिना गरी भ्रष्टाचार गर्ने बदनियत रहेको देखिएन । प्रतिवादीहरूमाथि झुट्ठा विवरण दिई रकम निकासा लिई उक्त रकम खाई मासी हिनामिना गरी भ्रष्टाचार गरेको भनी लगाइएको अभियोग दाबी वादीले स्पष्ट रूपमा यकिन हुन सक्ने आधार र प्रमाण पेस गर्न नसक्नुका साथै शङ्कारहित ठोस वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेकोसमेत नदेखिँदा विशेष अदालत, काठमाडौंको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

अतः आधार र कारणसमेतबाट प्रतिवादीहरू रणधिरकुमार यादव, संजयप्रसाद यादव, भुवनेश्वर मिश्रसमेतलाई अभियोग दाबीबाट पूर्ण सफाइ पाउने ठहऱ्याई भएको विशेष अदालत, काठमाडौंको मिति २०७३।१।२० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७३ साल चैत २७ गते रोज १ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०९२०, खिचोला छोडाई नामसारी, *सुनरपतिया धनुकाएनसमेत वि. जटही धनुकाइनसमेत*

अंश मुद्दाबाट वादीको पति तथा पिताले ४ भागको १ भाग अंश पाउने ठहर भइरहेको जग्गाहरूमध्ये कि.नं. ४२ र १२० को जग्गा प्रतिवादीहरूले आपसमा मिली कि.नं. ४२ को जग्गा प्रतिवादी सुनरपतियाले सुकदेव महतोलाई २०६३।५।६ मा बकसपत्रको लिखत गरिदिएको र सोजग्गा मिति २०६५।१।२२ मा आफैँ एकासगोलको बुहारी ज्ञान्ती देवी मण्डलको नाउँमा राजीनामा गराई लिएको देखिन्छ । त्यसैगरी कि.नं. १२० को जग्गा स्वर्गीय रघुनन्दनको नाउँबाट प्रतिवादी सुनरपतियाको नाउँमा नामसारी गराई सुनारपतियाले आफ्नो एकासगोलको छोरा आशा महतोको नाउँमा पारित गरी दिई पुनः आशा महतको नामबाट ज्ञान्तिदेवीको नाउँमा ल्याएको देखिन्छ । यसरी वादीहरूको पति पिताको अंश हक कायम भएको जग्गामा निजको मृत्युपछि वादीहरू हक पुगेको उक्त २ कित्ता जग्गा वादीहरूको मन्जुरीबेगर प्रतिवादीहरूले आपसमा मिली स्वामित्वसम्म सार्ने काम गरी वादीहरूको हक पुग्ने जग्गाबाट वादीहरूलाई वञ्चित गर्ने प्रतिवादीहरूको उद्देश्य रहेको देखिन आउने ।

अंश मुद्दाबाट वादीहरूको हक पुग्ने ठहर भइरहेको जग्गा घुमाउरो किसिमले वादीहरूको हक छुटाउने उद्देश्यबाट प्रतिवादीहरूले आपसमा पारित गरेको लिखतहरूलाई मान्यता दिने हो भने अन्तिम भए बसेको अंश मुद्दाको फैसलासमेत निष्क्रिय हुन जाने अवस्था सिर्जना हुन जान्छ । वादीहरूको अंश मुद्दाबाट हक कायम भइसकेको जग्गालाई वादीहरूको हक वञ्चित गर्ने उद्देश्यबाट स्वामित्व सार्ने कार्य भए पनि उल्लिखित दुवै कित्ता जग्गासमेत अंशियार सदस्यकै नाममा दर्ता रहेको हुनाले सो जग्गाबाट वादीहरूलाई अंश हकबाट वञ्चित गर्नु न्यायोचित देखिन नआउने ।

तसर्थ वादीले फिराद दाबी लिएका जग्गाहरूमध्ये कि.नं.१, ६, ७ र ४४६ का जग्गाहरू ३ भागको १ भाग आफ्नो नाउँमा नामसारी गरी लिन पाउने र दाबी गरेको कि.नं. ४२ को जग्गा राजीनामा र कि.नं.१२० को जग्गा बकसपत्रबाट प्रतिवादी ज्ञान्तीदेवीको नाउँमा आएको देखिँदा केही गरिरहन परेन भनी भएको सुरू अदालतको फैसला केही उल्टी गरी कि.नं. ४२ र कि.नं. १२० को जग्गाबाट समेत ४ भागको १ भाग वादी दाबीबमोजिम वादीका नाउँमा नामसारी दर्ता हुने ठहऱ्याई पुनरावेदन अदालत,

हेटौंडाबाट मिति २०६९।१।१८ मा भएको फैसला मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ १६ गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-WO-१२६६, उत्प्रेषण, *कुमार रिजाल वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले निवेदनमा जिकिर लिएजस्तो निजामती सेवामा कायम रहेका विभिन्न श्रेणीभन्दा तल्लो तहको तलबमान बढी हुने गरी निर्धारण भएको अवस्था छैन । राजपत्र अनंकित प्रथम श्रेणीको तलबमानभन्दा राजपत्र अनंकित द्वितीय श्रेणीको तलबमान कम रहेको कुरा स्वयम् रिट निवेदकले निवेदनमा समेत स्वीकार गरिरहेको अवस्थाको विद्यमानता रहेको देखिने।

निवेदकको तलबमान परिर्वतन सम्बन्धमा निजामती सेवा ऐनमा मुद्रा स्फिर्तिको आधारमा कर्मचारीको तलब भत्ता वृद्धि गर्ने सिद्धान्त अवलम्बन गरिएको र विद्यमान श्रेणीगत तलबमानमा विसङ्गति देखिएकोले त्यसको निरूपण गर्नको लागि राजपत्र अनंकित द्वितीय श्रेणीको खरिदार र राजपत्र अनंकित प्रथम श्रेणीको नायब सुब्बा पदहरूको तलब रकममा केही रकम थप गरी समायोजन देखिने।

बढुवा हुँदा साबिकको पदमा रहँदा प्राप्त गरेको तलबमा नघटने गरी तलब मान कायम गर्ने व्यवस्था निजामती सेवा नियमावलीको उल्लिखित नियम ९१(२) को प्रतिबन्धात्मक वाक्यांशबाट देखिएको छ। निवेदकले निवेदनमा उल्लेख गरेअनुसार समान हैसियतका कर्मचारीका बीचमा विभेद भएको नभई बढुवा हुनुभन्दा पहिले बहाल रहेको पदमा प्राप्त गरेको तलब वृद्धिका आधारमा बढुवा भएपछि प्राप्त तलबमान फरक परेकै कारणबाट निवेदकलाई तलब वृद्धि गरिदिनु भनी आदेश जारी गर्नुपर्ने देखिन आएन।

अत: निवेदकलाई मर्का पर्ने गरी निजामती सेवा ऐन, २०४८ को दफा ५८ को प्रतिकूल हुने गरी तलबमानमा परिवर्तन गर्ने हदसम्मको नेपाल सरकारको तर्फबाट २०६६।६७ का लागि सार्वजनिक गरेको बजेट वक्तव्य खारेज गरी निवेदकलाई तलब रू.११२८०।- को १ तलब वृद्धि थप गरी दिनु भनी विपक्षीहरूको नाममा उत्प्रेषणयुक्त परमादेश जारी गरिपाउँ भन्ने प्रस्तुत रिट खारेज हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-WO-०१८४, उत्प्रेषण, *राजेन्द्र तिवारी वि. आन्तरिक राजश्व कार्यालय, क्षेत्र नं.३ लाजिम्पाटसमेत*

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम करदाताले पेस गरेको कर विवरणमा चित्त नबुझे सोही ऐनको दफा २०(१) बमोजिम कर निर्धारण गर्दा कर अधिकृतले सम्बन्धित व्यक्तिलाई आफ्नो सफाइ पेस गर्न पन्ध्र दिनको म्याद दिनु पर्ने भन्ने बाध्यात्मक व्यवस्था उक्त दफा २०(५) मा रहेको पाइन्छ । यसरी कानूनले निवेदकलाई सूचना पाउने हक दिँदादिँदै पनि विपक्षी कार्यालयबाट त्यसप्रकारको सूचना नदिई निज निवेदकलाई कानूनबमोजिम सूचना पाउने हकबाट समेत वञ्चित गरिएकोसमेत देखिन्छ । यसरी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(५) बमोजिम निवेदकलाई सफाइको मौकासमेत प्रदान नगरी निजले पेस गरेको कर विवरणभन्दा फरक पारी निजलाई मर्का पर्ने गरी उक्त

ऐनको दफा २०(४) को म्याद नघाई कर निर्धारण गरी निवेदकलाई दिएको कर निर्धारण मिति २०६८।१।१५ को पत्र र सोसम्बन्धी भए गरेका कार्यहरूलाई कानूनसम्मत मान्न नमिल्ने।

अतः बक्यौता मूल्य अभिवृद्धि कर ऐन, २०५२ तथा मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम लाग्ने थप दस्तुर र ब्याजसमेत गणना गरी राजश्व खातामा जम्मा गरी बैंक भौचर यो पत्र प्राप्त गरेको मितिले ७ दिनभित्रमा पेस गर्नु नभए मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २१ अनुसार कारबाही गरी बक्यौता असुलउपर गरिने भन्ने बेहोराको विपक्षीबाट जारी भएको पत्र उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । साथै विपक्षीहरूलाई कानूनबमोजिम निवेदक कम्पनीले गर्न पाउने कुनै पनि काममा अवरोध नगर्नु नगराउनु र रोक्का गरिएको खरिद बिक्री खातासमेत फुकुवा गर्न विपक्षी आन्तरिक राजश्व कार्यालय, काठमाडौंको नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः सरिता रिजाल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७५ साल जेठ १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०६७-CR-१२७२ र ०१११, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामबाबु महतो भन्ने रामबाबु प्रसाद सिंह र नेपाल सरकार वि. शिवजी भन्ने रामबाबु महतो*

प्रत्यर्थी प्रतिवादी रामबाबु महतो भन्ने रामबाबु प्रसाद सिंह सुरूमा फरार रही पछि अदालतमा हाजिर भई बयान गर्दा मिति २०५५।५।५ गते बिरामी परी अस्पतालमा भर्ना भएको र मिति २०५५।५।७ मा मात्र अस्पतालबाट डिस्चार्ज भएको भनी वारदातस्थलमा आफू उपस्थित नभएको भन्ने Alibi लिएको देखियो। अस्पतालको इमरजेन्सी दर्ता रजिस्ट्रर हेर्दा मिति २०५५।५।७ मा भएको दर्तामा १२९९ पछि १२९५ नं. मा प्रत्यर्थी प्रतिवादी रामबाबुप्रसाद सिंहको नाम उल्लेख गरेको देखियो। साथै माथिल्ला दर्ता नं. मा उल्लिखित हस्तलिखित र उक्त १२९५ मा उल्लिखित हस्तलिखितसमेत एक आपसमा सामान रूपमा मिलेको नदेखिई शङ्कास्पद रूपमा देखियो। यसबाट उक्त Alibi को प्रमाण सन्देहपूर्ण रहने।

सहप्रतिवादी विपिनकुमार महतोको हकमा यस अदालतसमेतबाट ज्यानसम्बन्धी महलको १७(२) नं. को कसुर गरेको देखिएको भनी ५ वर्ष कैद सजाय गर्ने फैसला भइसकेको अवस्था छ । निजै प्रतिवादीले दिएको बयानको आधारसमेतबाट निजलाई ज्यानसम्बन्धीको १७(२) नं. बमोजिम कसुरदार ठहऱ्याई भएको फैसला अन्तिम रहेको भएको अवस्थामा निज प्रतिवादी विपिनकुमार महतोको बयान बेहोरा प्रमाणमा ग्राह्य छैन भन्न मिल्ने देखिँदैन । अर्कोतर्फ जाहेरवालासमेतले आफ्नो जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरेको अवस्था देखिने।

प्रत्यर्थी / प्रतिवादी रामबाबु महतो भन्ने रामबाबु प्रसाद सिंहको श्रीमतीसँग मृतकको अनैतिक सम्बन्ध रहेको भन्ने मिसिलबाट देखिएको छ। यसबाट मृतकसँग निज प्रतिवादीको रिसइवी पनि रहेको देखियो। यसस्थितिमा प्रतिवादीसमेत मृतकलाई मार्न भनी सँगै गएको देखियो । जहाँसम्म यी प्रतिवादीले बन्दुकले हानेको भनी उल्लेख गरे तापनि लासको पोष्टमार्टम रिपोर्टबाट बन्दुकको गोलीको चोट रहेको देखिँदैन । मृतकको शरीरमा गोलीको चोट नरहेको र गोली प्रहारबाट मृतकको मृत्यु भएको भन्ने नदेखिएकोले वादी पक्षको मृतकलाई गोली प्रहार गरेको भन्ने दाबी पुष्टि भएको देखिएन । यस्तो अवस्थामा यी प्रतिवादीले ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिमको कसुरमा संलग्नता भएको देखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन

अदालत, जनकपुरको फैसलामा त्रुटि रहेको देखिने।

प्रस्तुत वारदातको जरिया यिनै प्रतिवादी शिवजी भन्ने रामबाबु महतोकी दिदी मेरी भाइबुहारी रहेकी र हामी दाजुभाइबीच अंशबन्डाको झगडा हुँदा मेरो मृतक छोरा जितबहादुरले निज रामबाबुकी दिदी (काकी) लाई कुटपिट गरेका थिए। सोही बखत निज रामबाबुले मेरो छोरा जितबहादुरलाई त्यसको बदला लिन्छु भन्ने धम्की दिई निजले रिसइवी राखेको भन्ने जाहेरवालाको बकपत्रबाट देखिएको छ। यी प्रतिवादीले सुरू अदालतबाट जारी भएको म्याद पुर्जीको म्याद र मुद्दा मुल्तबीमा रहेको अवस्थाको म्यादसमेत गुजारी फरार रहेकोसमेतको प्रमाण परिबन्धबाट यी प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, जनकपुरको फैसलामा अन्यथा भएको देखिएन। आफू अन्यत्र रहेको भन्ने तथ्य उल्लेख गरेकामा माथि उल्लेख भएअनुसार संदिग्ध भई शङ्कारहित प्रमाणको रूपमा ग्राह्य नभएको अवस्थामा निज कसुरदार होइनन् भन्न नमिल्ने।

तसर्थ विवेचित आधार र कारणबाट प्रतिवादी रामबाबु महतो भन्ने रामबाबुप्रसाद सिंहलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याएको पुनरावेदन अदालत, जनकपुरको फैसला मिलेको नदेखिँदा उल्टी भई निज प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १७(२) नं. बमोजिम ५ वर्ष कैदको सजाय हुने ठहर्छ। साथै साधक जाँचको लागि पेस भएको अर्का प्रतिवादी शिवजी भन्ने रामबाबु महतोलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरेको उक्त पुनरावेदन अदालत, जनकपुरको मिति २०६६।१२।२ को फैसला सो हदसम्म मिलेको देखिँदा निजको हकमा सदर हुने।

इजलास अधिकृतः टेकनाथ गौतम

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

## इजलास नं. १०

१

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६७-CR-०५८१, नकबजनी चोरी, *नेपाल सरकार वि. दिलबहादुर बस्नेतसमेत*

दशीको रूपमा चोरीको सामान निज प्रतिवादी दिलबहादुर बस्नेतले बोकेको झोलाबाट मात्रै बरामद भएको र प्रस्तुत चोरीको वारदात देख्ने चस्मदिद गवाहको अभाव रहेको अवस्थामा निज प्रतिवादी वारदातमा साबित भई गरेको बयान र त्यो साबिती अन्य प्रमाणबाट सत्य रहेको स्थापित भइरहेको अवस्थामा साबिती बयानलाई अन्यथा भन्नुपर्ने आधार र कारणसमेत नभएकोले निज प्रतिवादी दिलबहादुर बस्नेतको हकमा निजले मिति २०६५।८।२१ को दिन राति जाहेरवालीको घरको ढोकाको ताला फोडी मुलुकी ऐन, चोरीको १ नं. विपरीत ऐ. ३ नं. अनुसार चोरीको कसुर गरेको ठहर गरेको सुरूको फैसला सदर गरेको र चोरीको बिगो सम्बन्धमा जाहेरीमा नगद रू.१२,३२०।- चोरी गरेको भनी उल्लेख गरे तापनि वादी पक्षले जाहेरीमा उल्लिखित मात्रको नगद चोरी गरेको तथ्यलाई अन्य स्वतन्त्र प्रमाणबाट सत्य साबित गर्न सकेको अवस्था नदेखिई रहेको स्थितिमा मिसिल संलग्न नेपाल सुनचाँदी व्यवसायी संघको मिति २०६५।९।७ को सुनको तौल तथा मूल्य यकिन गरी पठाएको भन्ने पत्रानुसार हुन आउने जिन्सीको रू.१,५७,६५१।- र नगदतर्फ प्रतिवादीले स्वीकार गरेको नगद रू. ८,०००।- समेत गरी जम्मा चोरीको बिगो रू.१६५,६५१।- (एक लाख पैंसठ्ठी हजार छ सय एकाउन्न) कायम गर्ने गरी पुनरावेदन अदालत, तुल्सीपुर, दाङको मिति २०६७।३।१६ को फैसला अन्यथा भन्न मिल्ने नदेखिने।

एकातर्फ प्रतिवादीहरू डम्बरबहादुर खड्का,

हरि चौधरी र शंकर पुनले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार रही वारदातको समयमा अन्यत्र थिएँ भनी Alibi को जिकिर लिएकोमा सो कुरा आफ्नो साक्षीद्वारा पुष्टि गरेकोसमेत देखिन्छ भने अर्कोतर्फ प्रतिवादीहरूले अभियोग माग दाबीबमोजिमको कसुर गरेको कुराको पुष्ट्याईं वादी पक्षले ठोसरूपमा गराउन सकेको नदेखिएकोले शङ्काको सुविधा प्रतिवादीहरूले पाउने अवस्था रहने र अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि नभएको अवस्थामा अपराध अनुसन्धानकर्तासमक्ष भएको साबिती मात्रका आधारमा न्यायिक निष्कर्ष निकाल्न नमिल्ने नदेखिने।

ठेलामा सामान राखी बेच्ने प्रतिवादी कुन्नु गुप्ताले सुन बिक्री गर्ने पसल देखाई दिने र सुन बिक्री गर्न लगिदिएकोसम्म देखियो । निजले जानीजानी चोरीको सुनचाँदी बिक्री गर्न लगी दिएको देखिँदैन। यस अवस्थामा प्रतिवादीहरू डम्बर खड्का, हरि चौधरी, शंकर पुन र कुन्नु गुप्तालाई अभियोग मागदाबीबाट सफाइ दिने फैसला गरी पुनरावेदन अदालत, तुल्सीपुर, दाङको मिति २०६७।३।१६ को फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिन नआउने।

तसर्थ, चोरीको बिगो रू.१६५,६५१।- (एक लाख पैंसट्ठी हजार छ सय एकाउन्न) कायम गरी प्रतिवादी दिलबहादुर बस्नेतलाई मुलुकी ऐन, चोरीको महलको १ र ३ नं. को कसुर अपराधमा सोही महलको १४(१) नं. बमोजिम प्रस्तुत मुद्दामा तेस्रो पटक कायम गरी सजाय गरेको र अन्य प्रतिवादीहरू डम्बर खड्का, हरि चौधरी, शंकर पुन र कुन्नु गुप्तालाई आरोपित कसुरबाट सफाइ दिने गरी भएको पुनरावेदन अदालत, तुल्सीपुर, दाङको मिति २०६७।३।१६ को फैसलालाई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

इति संवत् २०७४ साल साउन २२ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७१-CI-०९११, निषेधाज्ञा, *गीता बस्नेत वि. भावनामैया तण्डुकार*

लेनदेनको विषय देवानी दायित्व (Civil Liability) भित्र पर्ने हुन्छ। यस्ता देवानी दायित्वबाट सिर्जित देवानी गल्तीहरू (Civil Wrongs) को सम्बन्धमा कानूनी हक अधिकार प्रचलनको लागि कानूनबमोजिम साधिकार निकायमा गई उपचार खोज्नुपर्ने हुन्छ। साथै कानूनबमोजिम बाहेक देवानी प्रकृतिको विषयमा जिल्ला प्रशासन कार्यालयलाई कारबाही गरी निवेदकहरूलाई पक्राउ गर्ने, थुनछेक गर्ने जस्ता कानूनी अख्तियारी (Legal Authority) प्रदान भए गरेको नदेखिने।

जिल्ला प्रशासन कार्यालयलाई लेनदेन जस्तो देवानी प्रकृतिको विषयमा निवेदन लिने तथा कारबाही गर्ने अधिकार प्रचलित कानूनले दिएको नदेखिँदा प्रत्यर्थी निवेदिका भावना मैया तण्डुकारलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा झिकाइएबाट निवेदिकाले निवेदनमा उल्लेख गरेबमोजिमको निजको कानून प्रदत्त हकको हनन हुन सक्ने आशङ्काको स्थिति रहेको देखिने।

तसर्थ, निवेदन मागबमोजिम लेनदेन जस्तो देवानी दायित्वको विषयमा निवेदिका तथा निजको परिवारलाई गैरकानूनीरूपमा धरपकड नगर्नु, कागज नगराउनु, थुनामा नराख्नु भनी निषेधाज्ञाको आदेश जारी गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।५।११ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: नन्दकिशोर प्रसाद यादव

इति संवत् २०७४ साल कात्तिक २८ गते रोज ३ शुभम्।

## इजलास नं. ११

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०७२९, कर्तव्य ज्यान, *नेपाल सरकार वि. बलिराम यादवसमेत*

मौकामा पक्राउ परेका सहप्रतिवादी राजाराम यादवले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा आफूसमेतले मृतक राजकुमार कुमाललाई कुटपिट गरेको भनी बयान गरेका भए पनि अदालतमा बयान गर्दा आफूले मृतकलाई १/२ थप्पड मात्र हानी घरतर्फ गएको हुँ भनी बयान गरेको देखियो । जाहेरवाला बुद्धु कुमालले अदालतमा बकपत्र गर्दा प्रतिवादीहरूले कुटपिट गरेको नदेखेको भनी उल्लेख गरेको पाइयो । प्रतिवादीहरूका साक्षीले अदालतमा उपस्थित भई बकपत्र गर्दा प्रतिवादीहरूको वारदातमा संलग्नता थिएन भनी उल्लेख गरी प्रतिवादीको अदालतको बयानलाई पुष्टि हुने गरी लेखाएको देखियो । वादी पक्षका गवाह ताराप्रसाद चापागाई र छविलाल न्यौपानेले मृतकले अत्यधिक रक्सी सेवन गरी साइकल चलाउँदा साइकलबाट खसी चोट लाग्न गएकोमा उपचारको क्रममा मृत्यु भएको हो भनी उल्लेख गरेबाट वारदातमा प्रतिवादीहरूको संलग्नता रहेको पुष्टि हुन नआउने ।

फौजदारी अपराध पुष्टि हुनको लागि आपराधिक मनसाय र आपराधिक कार्यको अनिवार्यता रहन्छ । कर्तव्य ज्यानजस्तो गम्भीर कसुरमा सजाय गर्नको लागि प्रतिवादीहरूको वारदातमा संलग्नता थियो र निजहरूको मृतकलाई मार्ने मनसाय थियो भनी निःसन्देह पुष्टि हुनुपर्ने ।

प्रतिवादी राजाराम यादवसँग मृतक बाटोमा ठोक्किएको र सोही विषयमा निजहरूबीचमा कुटपिट भएको कुरामा प्रतिवादी राजाराम यादव र वादी पक्षका बीचमा विवाद देखिँदैन । तर प्रतिवादीहरू बलिराम यादव, जयराम यादव, कैलाश यादव र गौरीलाल बनियासमेतलाई राजाराम यादवले लिई मृतकलाई बाटोमा भेटी कुटपिट गरेका भन्ने सम्बन्धमा वादी पक्षले पुष्टि गर्न सकेको अवस्था छैन । प्रतिवादीहरू अदालतमा इन्कार रहेको र जाहेरवालाले कुटपिट गरेको नदेखेको भनी अदालतमा बकपत्र गरेको अवस्था छ । प्रतिवादीहरूको मृतकसँग कुनै प्रकारको रिसइवी थियो भनी कहीँकतैबाट पुष्टि भएको पनि देखिँदैन । प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको भन्ने कुरा पनि पुष्टि हुन सकेको छैन । मौकामा प्रतिवादी राजाराम यादवले पोलसम्म गरेको आधारमा निज प्रतिवादीहरूलाई सजाय गर्न मिल्ने अवस्था रहँदैन । फौजदारी कसुरमा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने अन्यथा शङ्काको सुविधा प्रतिवादीले पाउने भन्ने कानूनको सर्वमान्य सिद्धान्तसमेत रहेको देखिन्छ । यस अवस्थामा यी प्रतिवादीहरूको वारदातमा संलग्नता रहेको भनी वादी पक्षले सप्रमाण पुष्टि गर्न सकेको नदेखिँदा अभियोग दाबीबाट सफाइ दिने गरी भएको जिल्ला अदालत, रूपन्देही र पुनरावेदन अदालत, बुटवलबाट भएको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नरहने ।

अतः विवेचित आधार र कारणबाट प्रतिवादीहरू बलिराम यादव, जयराम यादव, कैलाश यादव र गौरीलाल बनियालाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१०।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७०-CR-०९२५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. डिलु भन्ने दिलिप पुनमगर*

मृतक र प्रतिवादीबीचमा तिक्ततापूर्ण र तनावपूर्ण सम्बन्ध रहेको देखिएको छैन। प्रतिवादीले कान्छी श्रीमती विवाह गरेपछि छुट्टै बसे पनि कान्छी श्रीमती तर्फबाट ३ छोरी भएकोमा २०६७ सालमा कान्छी श्रीमतीले अर्को विवाह गरी गएपछि पुन: बुबा आमासँग मिसिई बसेको भन्ने देखिन्छ। हाल कान्छी श्रीमतीतर्फका ३ छोरीहरू र आफ्नो १ छोरासमेतको स्याहारसुसार गरी मृतक बसेको भन्ने पनि देखिएको छ। मृतकले आफ्नो कान्छी श्रीमतीतर्फका छोरीहरूको समेत पालनपोषण गरी बसेको अवस्था र मृतक र प्रतिवादी छुट्टाछुट्टै नै रहेको अवस्थामा मृतकलाई मार्नु पर्नाको कारण स्पष्ट खुल्न नआउने।

जाहेरवाला अर्थात् मृतकको दाइले प्रतिवादीले मृतकसँग सम्बन्ध राख्न खोजेको भनी मृतकले भनेकीमा आफूले अब कान्छी श्रीमती पनि नभएको अवस्थामा तिमीलाई साँच्चै माया दिन सक्छन् ख्याल गर भनी भनेको थिएँ भनी उल्लेख गरेकोसमेत देखिएको छ। मृतकको दिदी रूनमायाँ थापाले समेत मृतक बहिनीले श्रीमान् दिलिप पुनले कोठामा बोलाई सँगै सुताउने गरेका छन् भनी भनेकी थिइन् भनी प्रहरीमा कागज गर्दा उल्लेख गरेको देखिन्छ। त्यस्तै छिमेकी रेखा पुरीले पनि मृतक अमृताले आफूलाई श्रीमान् दिलिप पुनले कोठामा आई बोलाई आफ्नो कोठामा लगी करणी गरेका थिए गर्भ रह्यो भने के गर्ने होला भनी भनेकी थिइन् भनी घटना विवरण कागजमा उल्लेख गरेको देखिएको छ। यी कुराहरूबाट मृतक अमृता थापा र प्रतिवादी दिलीप पुनबीचको सम्बन्धमा बिस्तारै सुधार आउँदै गरेको भन्ने देखिन्छ। यसैको कारणबाट प्रतिवादीलाई कर्तव्य गरी मारे भनी मनोगत आधारमा विश्लेषण गर्नु कानूनी मूल्य मान्यताविपरीत हुन जाने।

वादी पक्षले प्रतिवादीको कर्तव्यबाट मृतकको ज्यान गएको भनी प्रमाणद्वारा पुष्टि गराउन सकेको अवस्था छैन। अभियोग दाबी लगाउनु र अभियोग स्थापित हुनु अलगअलग कुरा हुन्। फौजदारी कसुरअन्तर्गत अभियोग दाबी लिँदा सो दाबीलाई पुष्टि गर्ने यथेष्ट प्रमाणहरूको विद्यमानता हुनु अनिवार्य हुन्छ। केवल अनुमान वा अड्कलका भरमा अभियोगलाई स्थापित गर्दै जाने हो भने फौजदारी न्यायको मूल मर्म नै परास्त हुन गई समग्र न्याय प्रणालीप्रति नै वितृष्णा हुने हुन्छ। अभियोजन गर्ने वादी पक्षले ठोस सबुत प्रमाणबिना प्रतिवादीले मृतक विरूद्ध पहिले गरेका व्यवहार र मौकामा कागज गर्ने र अदालतमा आई बकपत्र गर्ने जाहेरवालासमेतका व्यक्तिहरूले प्रतिवादीले कर्तव्य गरी मारेको शङ्का लाग्छ भन्दैमा अनुमान र शङ्काको भरमा कसुरदार ठहर गर्नु फौजदारी कानून र न्यायका सिद्धान्तको प्रतिकूल हुन जाने।

कसुर कायम हुन परिस्थितिजन्य प्रमाण एकसँग अर्को गाँसिएर मालाकार कडीको रूपमा स्थापित हुनुपर्दछ। जुनबेलासम्म मृतक देखिएकी छन् सो समयसम्म एकदमै सामान्य र स्वाभाविक अवस्थामा रहेको देखिएकी छन्। प्रतिवादीसँग मृतकको कुनै तनावपूर्ण सम्बन्ध वा व्यवहार थियो भन्ने कसैको पनि अधिकथनबाट देखिएको छैन। अन्यत्र मारेको भए कुन स्थानमा मारेको हो सो स्थानमा देखिनु पर्ने चिह्नहरू फेला परेको अवस्था छैन। वादी पक्षले आफ्नो अभियोगलाई सप्रमाण शङ्कारहित तवरबाट पुष्टि गर्न नसकेको यस अवस्थामा शङ्काको सुविधा अभियुक्तले पाउने नै हुन्छ। प्रतिवादी र मृतकका बीचमा करिब १५ वर्षअघिदेखि दोस्रो विवाहको कारण सम्बन्धमा सुमधुरता नभएको भन्ने आधार लिई अनुमानका भरमा ज्यानजस्तो फौजदारी अपराधमा अदालत, आफैँले प्रमाणको सृष्टि गरी अभियुक्तलाई दोषी करार गर्नु विवेकसम्मत नहुनुको साथै न्यायको विपरीत हुन जाने हुन्छ। तसर्थ प्रतिवादीलाई अभियोग दाबीबमोजिम दोषी ठहर गरी सजाय निर्धारण गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत समेत हुने।

तसर्थ उपयुक्त आधार प्रमाणबाट यी प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. १३(३) नं. बमोजिमको अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६९।१२।४ मा भएको फैसला मिलकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विष्णुप्रसाद आचार्य

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-CR-१७४८, कर्तव्य ज्यान, *प्रहलादकुमार पासवान वि. नेपाल सरकार*

मौकामा भएको लासजाँच मुचुल्का तथा Autopsy Report बाट समेत मृतकको दायाँबायाँ दुवैतर्फ घाँटीमा Cut Injury देखिएको र Cause of Death Brain Hemorrhage due to physical assault भनी उल्लेख भएको छ। प्रतिवादीले झिरले लागेको भनी अदालतसमक्षको बयानमा उल्लेख गरे पनि मौकामा अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा बाबुले आमासँग झगडा गरेको कारणले घरबाहिर बरण्डामा रहेको खाटमुनि राखेको तरकारी काट्ने छुरी ल्याई घाँटीमा प्रहार गर्दा बुबा रगताम्मे भई लडेको भनी बयान दिएको देखिन्छ। Autopsy Report मा उल्लेख भएको चोटको प्रकृतिसमेत छुरीले लागेको चोटसँग मिल्ने देखिएको र वारदातको चश्मदिद व्यक्ति मृतककी छोरी काजोलकुमारी पासवानले प्रतिवादीले छुराले प्रहार गरी भागेका हुन् भनी अदालतमा बकपत्र गरेबाट प्रतिवादीले प्रहार गरेको छुराको चोटबाट नै भागेश्वर पासवानको मृत्यु भएको पुष्टि हुने।

भागेश्वर पासवानले मादक पदार्थ सेवन गरी घरमा आएर झगडा गर्ने गरेको भन्ने तथ्य जाहेरी दर्खास्त, प्रतिवादीको बयान, मृतककी श्रीमती अनिताकुमारी तथा छोरी काजोलको कागजबाट समेत खुल्न आएको छ। वारदातको दिनसमेत मृतकले किस्ता तिर्न राखेको रकम लगेर तास खेल्नुका साथै मादक पदार्थ सेवन गरेर आएको र घरमा आएर आमासँग झगडा गरेको देखी प्रतिवादी प्रहलादकुमार पासवानले धारिलो हतियार छुरीले घाँटीमा दुई पटक प्रहार गरेको भन्ने देखिएको छ। छुरीजस्तो जोखिमी हतियारले घाँटीमा दायाँबायाँ दुवैतर्फ प्रहार गरेको पाइएबाट यसलाई भवितव्य वा आवेशप्रेरित हत्याको कसुर भनी ठहर गर्नु कानूनअनुकूल हुने देखिएन। ज्यानसम्बन्धी महलको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मनासिब नै देखिने।

मृतक र प्रतिवादी एकाघरका बाबुछोरा नाताका मानिस देखिन्छन्। निजहरूबीच ज्यान मार्नुपर्नेसम्मको पूर्वरिसइवी झैझगडा केही देखिँदैन। मृतकले मादक पदार्थ सेवन गरी घरमा आई श्रीमती अनिता पासवान तथा प्रतिवादीसमेतका घर परिवारसँग झैझगडा गर्ने गरेको भन्ने देखिन्छ। सीमित आय आर्जन गरी दैनिक गुजारा चलाउनु पर्ने अवस्थाका मानिसले किस्ता तिर्नको लागि राखेको रू. ५००।– समेत मृतकले झिकेर लगी सोही पैसाले मादक पदार्थ सेवन गरेर साँझमा घरमा आई आमासँग झगडा गरेको देखेपछि प्रतिवादीलाई रिस उठ्नु स्वाभाविक छ। त्यसैले घरमै भएको छुरी निकाली बाबुलाई प्रहार गरेको देखिन्छ। मृतकबाट स्वयम् प्रतिवादी, निजकी आमा तथा बहिनीसमेत पीडित हुनु परेको अवस्था देखिएको छ। प्रतिवादीले मौकामा तथा अदालतमा बयान गर्दा आफूले गरेको कसुर स्वीकार गरी न्यायिक प्रक्रियामा सहयोग गरेकोसमेत देखिएको छ। तसर्थ वारदातको रूप, प्रकृति र परिस्थितितिर्फ दृष्टिगत गर्दा ऐनबमोजिम ठहरेको जन्मकैदको सजाय चर्को पर्ने देखिएकाले

पुनरावेदन अदालत, विराटनगरबाट अ.बं.१८८ नं. बमोजिम १२ वर्ष कैद गर्ने गरी राय व्यक्त गरी पठाएको भए पनि प्रतिवादीलाई १० वर्ष मात्र कैद सजाय गर्दा न्यायको मक्सद पूरा हुने।

अतः उल्लिखित आधार,कारण र प्रमाणबाट मृतक भागेश्वर पासवानले मादक पदार्थ सेवन गरेर घरमा आई प्रतिवादीको आमा (मृतकको श्रीमती) सँग झगडा गरेको देखेपछि प्रतिवादी प्रहलादकुमार पासवान तत्काल आवेशमा आई धारिलो हतियार छुरीले घाँटीमा प्रहार गरेको कारणबाट निज भागेश्वर पासवानको मृत्यु भएको पुष्टि भएकाले प्रतिवादी प्रहलादकुमार पासवानलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम कसुरदार ठहऱ्याई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको मिति २०७२।९।२८ को फैसला मनासिब देखिँदा सदर हुने ठहर्छ। साथै अ.बं. १८८ नं. बमोजिम घटी सजाय हुनुपर्ने भनी व्यक्त भई आएको राय मनासिब देखिँदा निजलाई १०(दश) वर्ष कैद सजाय मात्र हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल भदौ १९ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६६-CI-०४५४ र ०६६-CI-०८८४, घर भत्काई चलन चलाई पाऊँ, *राजेश खड्कासमेत वि. हीरा शाह र हीरा शाह वि. राजेश खड्कासमेत*

अदालतबाट भई आएको नक्सा मुचुल्का हेर्दा न.नं. ५ र १३ का जग्गा एउटै कित्ताभित्र रहेको र नक्साको स्वरूप हेर्दा कि.नं. ४४४ ले वादी र प्रतिवादीको जग्गालाई छुट्याएको नभई सो बाटो वादी प्रतिवादीहरूको जग्गाको दक्षिणतर्फ पूर्वपश्चिम फैलिएको देखिन्छ । सो बाटोको जग्गाले वादी प्रतिवादीको जग्गालाई नछुट्याई दुवैको जग्गाको दक्षिण सिमानालाई छोई पूर्वपश्चिम फैलिएको देखिन्छ । उक्त वादी प्रतिवादीबीचमा कि.नं.४४४ को बाटो नभई न.नं. ५ र १३ को विवादित जग्गा रहेको देखिन आउँछ । न.नं. १३ को जग्गा आफ्नो नभएको भनी प्रतिवादीले स्वीकार गरेकै देखिन्छ । प्रतिवादीले आफ्नो कि.नं. १६६३ को जग्गा नपुग भएको भन्नसमेत सकेको देखिँदैन। २०४३ सालमा वादीले खरिद गरेको जग्गा यो हो भनी प्रतिवादीहरूले नक्सा मुचुल्कामा देखाउन सकेकोसमेत देखिँदैन। पुनरावेदन अदालत, तुलसीपुरले ठहर गरेको क्षेत्रफल मिलेन पुगेन भनी प्रतिवादीहरूले पुनरावेदनपत्रमा जिकिर लिन सकेको पनि देखिएन। विवादित जग्गाको क्षेत्रफलतर्फ प्रतिवादीहरूले पुनरावेदन जिकिर लिन सकेको नदेखिँदा सोतर्फ विचार गर्न नपर्ने।

वादीले सुरूमा दाबी लिँदा ६ हात जग्गामा प्रतिवादीहरूले खिचोला गरेको भन्ने दाबी लिई फिराद दायर भएकोमा पुनरावेदन तहमा आई टाइपको भूलले १६ हात लेखिनुपर्नेमा ६ हात लेखिन गएकोले सो भूल सच्याई १६ हात जग्गा नै खिचोला गरेको ठहऱ्याई पाउँ भनी यस अदालतमा पुनरावेदन जिकिर लिएको देखिन्छ। सुरूमा ६ हात खिचोला गरेको दाबी लिई पुनरावेदन तहमा गई दाबीमा नै सारभूत फरक पर्ने गरी पुनरावेदन जिकिर लिएको देखिँदा वादीको पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

तसर्थ, उल्लिखित आधार र कारणबाट न.नं. ५ को जग्गा प्रतिवादीले बाटो भनी जिकिर लिए पनि नक्सा मुचुल्काअनुसार वादीको कि.नं.१३५० अन्तर्गत रहे भएको देखियो। सो न.नं. ५ वादीकै कायम हुने र न.नं. १३ को जग्गा प्रतिवादीले आफ्नो भनी दाबी नगरे तापनि नक्सा मुचुल्काबाट न.नं. १३ को लम्बाई १० मिटर र ९.५० मिटर चौडाइ १ मिटर भएको ५ वर्ग मिटर क्षेत्रफलको जग्गा प्रतिवादीले मिची खिचोला

गरी घर बनाएको देखिएकोले नक्साको मूल्याङ्कन र विश्लेषण गरी सो घरको अंश वादीले भत्काई हटाई उक्त जग्गाको खिचोला मेटाई चलन चलाई पाउनेसमेत ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुर दाङको मिति २०६५।१०।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल पुस ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६७-CI-११७७, अंश, *थिरबहादुर सुनारसमेत वि. प्रतिमान सुनार*

सुरू जिल्ला अदालतमा प्रतिउत्तर फिराउँदा, तायदाती पेस गर्दा र अ.बं.१३३ नं. बमोजिम कागज गर्दा नै प्रतिवादी प्रतिमानले जागिर खाई प्राप्त निजी आर्जनको रकमबाट खरिद गरेको कुरा उल्लेख गरेको देखिन्छ। प्रतिवादीको उक्त जिकिर यथार्थ हो, होइन ? भन्ने सम्बन्धमा थप स्पष्ट हुनका लागि पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६६।३।२३ मा आदेश भएबमोजिम सुर्खेत शिक्षा क्याम्पसबाट यथार्थ विवरण खुलाई पठाइदिएको कागज प्रमाण ग्रहण गर्न बाधा देखिँदैन । यो मुद्दा पर्नुभन्दा अघि कार्यालयहरूको रेकर्डमा रहेका तथ्यहरू अन्यथा प्रमाणित नभएसम्म साँचो रूपमा रहेको मान्नु पर्ने हुन्छ। कार्यालयमा रहेको अभिलेखलाई प्रमाणमा लिन मिल्ने नै हुन्छ । सो प्रमाण नयाँ तयार गरेको नभई अभिलेखको उतार रहेको र प्रतिवादीले प्रतिउत्तर फिराउँदासमेत जिकिर लिइरहेको हुँदा सो प्रमाण अ.बं.७७ नं. विपरीत मान्न नमिल्ने।

सुर्खेत क्याम्पस (शिक्षा) को च.नं.८५ मिति २०६६।५।९ को पत्रबाट पनि मिति २०३५।११।१ देखि २०३९।९।५ सम्म कुचिकार र पियन पदमा रही कार्य गरेको, दुर्गम स्थान भत्तासहित तलब खाइपाई आएको भन्ने उल्लेख भएको देखिँदा प्रतिवादीले जागिर खाएको भन्ने पुष्टि भएको पाइयो । विवादित कि.नं.६२ को जग्गाको मूल्य रू.६२५०।– मा खरिद भएको देखिन्छ । यस अवस्थामा जागिरको तलब भत्ताबाट उक्त जग्गा खरिद गर्न सक्ने नै देखिन आउने।

पुनरावेदक वादी थिरबहादुर सुनारकै श्रीमती सरस्वती सुनारले हिरबहादुर सुनार वादी भएको अंश मुद्दामा यी प्रत्यर्थी प्रतिवादी प्रतिमान सुनारलाई आफैँ कमाई गरी अलग बसेको भनी बयान गरिदिएबाट पनि प्रतिवादीले आफैँ कमाई गरी प्राप्त रकमबाट कि.नं.६२ को जग्गा खरिद गरेको तथ्य पुष्टि हुने।

यसर्थ, विवेचित तथ्य, कागज प्रमाण र कानूनी व्यवस्थाका आधारमा कि.नं.६२ को जग्गा प्रतिवादी प्रतिमान सुनारको निजी आर्जनबाट खरिद भएको पुष्टि हुन आएकोले सो कि.नं.६२ को जग्गा प्रत्यर्थी प्रतिवादी प्रतिमान सुनारको निजी आर्जनको भई बन्डा नलाग्ने भनी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६६।१२।४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: विनोदकुमार बनिया

इति संवत् २०७५ साल जेठ २८ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७१-CR-१२२१, ०७२-CR-०२३२, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. कान्ति राना गुरूङ, मेखबहादुर गुरूङ वि. नेपाल सरकार*

प्रतिवादीको कोठाबाट राहदानी, रकम लेनदेन गरेका भौचर, तमसुकका फोटोकपिसहितका सामान बरामद भएको भन्ने बरामदी मुचुल्काको मिसिल संलग्न रहेको देखिन्छ। प्रतिवादी मेखबहादुर गुरूङले अनुसन्धानको क्रममा उक्त कागजमा भएको सहिछाप मेरो होइन दबाब दिई सहिछाप गराएका हुन् भनेका छन्

भने वैदेशिक रोजगार न्यायाधिकरणमा रकम लिएको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ । प्रतिवादीले आफूसँग वैदेशिक रोजगार व्यवसायको लागि अनुमति लिएको छु समेत भन्न सकेको देखिँदैन । मिसिल संलग्न IME का रकम पठाएका भरपाईहरूमा प्रतिवादीको नाम उल्लेख भएको देखिन्छ । यति धेरै संख्याका जाहेरवालाले प्रतिवादीलाई उजुर गर्नुपर्नेसम्मको अन्य आधार र कारणहरूसमेत देखिँदैन । प्रतिवादीको कोठाबाट जाहेरवालाहरूसँग लिएका रकमको भरपाईहरू तथा जाहेरवालाहरूको पासपोर्टहरूसमेत बरामद भएको देखिन्छ । जाहेरवालाहरूको पासपोर्टहरू यी प्रतिवादीसँग रहनुपर्ने अन्य कुनै कारणसमेत मिसिलबाट देखिँदैन । यी वस्तुहरू प्रतिवादीको कोठामा रहनुको आधार कारण प्रतिवादीले उल्लेख गर्न सकेको देखिएन । प्रतिवादीले बरामदी मुचुल्कामा सही गरेको र उक्त बरामदी मुचुल्कालाई अन्यथा भन्न सकेकोसमेत नदेखिने ।

मिसिल संलग्न भरपाईहरू, जाहेरवालाको बकपत्र, बरामदी मुचुल्का र प्रतिवादीको बयानसमेतको आधारमा प्रतिवादी मेखबहादुर गुरूङले इजाजत नलिई जाहेरवालाहरूलाई रोजगारको लागि विदेश पठाइदिन्छु भनी रकम लिई विदेश नपठाई आरोपित कसुर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम तजबिज कैद ३ वर्ष र २ लाख जरिवानासमेत गर्ने गरेको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब नै देखिन आउने ।

प्रतिवादी कान्ति गुरूङले जाहेरवालामध्येको मैना गुरूङलाई गरिदिएको मिति २०६९।१२।११ को कागज हेर्दा मैना गुरूङ आगे भई ऋणी कान्ति राना गुरूङ उल्लेख भई घर व्यवहार व्यापार व्यवसाय सञ्चालनको लागि २ लाख रकम लिएको भन्ने बेहोरा देखिँदा सो कागज वैदेशिक रोजगारको नभई छुट्टै प्रयोजनको तमसुक देखिन आयो । निजले आरोपित कसुर गरेमा इन्कारी भई बयान गरेको र वैदेशिक रोजगारको कसुरको पुष्टि हुने अन्य प्रमाण मिसिल संलग्न रहेकोसमेत देखिएन । निजको सो कागजको बेहोरा निजको इन्कारी बयानबाट पुष्टि भएको देखिँदा निजलाई अभियोग दाबीबाट सफाइ दिएको फैसला मिलेकै देखियो र निजले गरेको कागजमा उल्लिखित रकम २ लाख अभियोग दाबीमा उल्लेख गरेको बिगो रकममा कट्टा हुने नै देखिने ।

तसर्थ, उल्लिखित आधार कारणबाट प्रतिवादी मेखबहादुर गुरूङबाट जाहेरवालाहरूको हर्जानासहितको बिगो भराई प्रतिवादी मेखबहादुर गुरूङलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम ३ वर्ष कैद र २ लाख जरिवाना तथा प्रतिवादी प्रिष्टिना भन्ने कान्ती राना गुरूङले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०७१।७।३ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः केदारनाथ पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७४ साल माघ २२ गते रोज २ शुभम् ।

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०७३-CR-०६२५, गलत लिखत लेखी लेखाई उजुरीकर्तालाई दु:ख हैरानी दिई हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. बाबुराम पाण्डेसमेत*

वैदेशिक रोजगार विभागमा परेका उजुरीका सम्बन्धमा प्रतिवादी बाबुराम पाण्डेलाई अनुसन्धान अधिकृत तोकिई तिलु घले, सपना श्रेष्ठ, ओमभक्त मैनालीसमेत कारबाहीको सिलसिलामा बयान गराएको देखिन्छ । मिति २०७०।१०।२७ मा टिकाराम उप्रेतीले कारबाही गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी वैदेशिक रोजगार विभागमा दिएको निवेदनमा कारबाहीकै क्रममा प्यासिफिक ओभरसिज कन्सल्ट प्रा.लि. सञ्चालक तिलु घले र वारेस ओमभक्त मैनालीबीच उजुरी

फरफारक गर्ने विषयमा मिति २०७०।११।२१ मा छलफल भई निजहरूले रकम लिनादिना भइसकेको हुँदा प्रा.लि.विरूद्धको उजुरी फरफारक गराई पाउन सनाखत सहिछाप गरी उजुरी फिर्ता लिएपछि मिति २०७०।१२।२४ मा कारबाही तामेलीमा राखिएको अवस्था देखिन्छ । उल्लिखित बेहोराका आधारमा ओमभक्त मैनालीलाई अनुसन्धानको क्रममा बुझेको कार्यलाई अन्यथा भन्न मिलेन। वैदेशिक रोजगार ऐन, २०६४ को दफा ६१ ले अनुसन्धान तथा तहकिकात गर्ने कानूनी अधिकार प्रतिवादी अनुसन्धान अधिकृत बाबुराम पाण्डेलाई प्रदान भएकै देखिन आउँछ। यस्तो अवस्थामा अनुसन्धान तहकिकातका सम्बन्धमा कानूनी रूपमा पाएको अधिकार प्रयोग गरी गरेको काम कारबाहीलाई गलत लिखत तयार गरी भ्रष्टाचार गरेको भनी मान्न पनि नमिल्ने।

वैदेशिक रोजगार विभागमा प्यासिफिक ओभरसिजको तर्फबाट प्रतिवादी तिलु घले र पीडितका वारेस ओमभक्त मैनालीका बीचमा छलफल भई निजहरूले रकम लिनादिना गरी उजुरी फरफारक गराई पाउन सहमत भई उजुरी फिर्ता लिने भनी सनाखतसमेत गरी दिएको आधारमा उजुरीको टुङ्गो लगाइएको देखिन आउँछ। प्रतिवादी तिलु घलेले यति रकम प्रतिवादी बाबुराम पाण्डेलाई दिई बदनियतपूर्वक कारबाही गरेको भन्ने कुरा पुष्टि गर्ने खम्बिर प्रमाणको अभाव रहेको देखिन्छ। आरोपको पुष्टि वस्तुनिष्ठरूपमा हुनु पर्दछ । प्रतिवादीहरूले परस्परमा रकम दिनु लिनु गरेको, काम कारबाही गर्न प्रलोभनमा परेको, कारबाहीको लागि उत्प्रेरित गरेको भन्ने कुरासमेत मिसिल संलग्न प्रमाणबाट प्रमाणित हुन सकेको देखिन आएन । यस्तो अवस्थामा अनुमानको आधारमा कसैलाई दोषी करार गर्नु न्यायोचित नहुने।

तसर्थ विवेचित आधार कारणबाट प्रतिवादी बाबुराम पाण्डेले वैदेशिक रोजगार विभागमा गरेको आदेश, सो आदेशउपर उजुरीकर्ताको कुनै निवेदन नपरेको, प्रतिवादीको अनुसन्धानको क्रममा र यस अदालतमा भएको बयान बुझिएका व्यक्ति सपना श्रेष्ठ र टिकाराम उप्रेतीले अदालतसमक्ष गरेको बकपत्र प्रतिवादी बाबुराम पाण्डेलाई वैदेशिक रोजगार विभागमा कार्यरत रही यस विवादमा अनुसन्धान अधिकृतको जिम्मेवारी तोकिएको तथ्यको आधारमा बाबुराम पाण्डेले गराएको मिलापत्रसमेतको कार्य कानूनी व्यवस्थाको प्रतिकूल रहेको देखिन आएन । गलत लिखत तयार गरेको भन्ने कुरासमेत पुष्टि हुन नआएको अवस्थामा यी प्रतिवादी तिलु घलेउपरको दाबीसमेत माथि विवेचित मिसिल संलग्न प्रमाणबाट पुष्टि नभएकोले प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय गर्नुपर्ने अवस्था देखिन नआउने।

अतः प्रतिवादीमध्येका बाबुराम पाण्डे अनुसन्धान अधिकृत तोकिएको देखिएको, निजले अनुसन्धानको क्रममा तिलु घले, सपना श्रेष्ठ तथा ओमभक्त मैनालीसमेतलाई बयान गरी तारेखमा राख्ने आदेश गरी सपना श्रेष्ठ तथा ओमभक्त मैनाली तारेखमा रहेको देखिन आएको र उजुरवाला टिकाराम उप्रेतीसमेतले क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी वैदेशिक रोजगार विभागमा निवेदन दिई निवेदक तथा मेनपावर कम्पनीबीच मिलापत्र प्रतिवादी बाबुराम पाण्डेले गराएको कार्यलाई अभियोग दाबीअनुरूप गलत लिखत तयार गरेको भन्न मिलेन, साथै अर्का प्रतिवादी तिलु घलेले सो कार्यमा मतियारको रूपमा कार्य गरेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन नआएको आधारबाट प्रतिवादीहरू बाबुराम पाण्डे र तिलु घलेले आरोपित कसुरमा सफाइ पाउने ठहऱ्याई विशेष अदालत, काठमाडौंले मिति२०७३।३।२ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः टेकराज जोशी

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०६८-WO-०४५८, उत्प्रेषण / परमादेश, *जयराज पन्त वि. पुनरावेदन अदालत, महेन्द्रनगर, कञ्चनपुरसमेत*

कञ्चनपुर जिल्ला अदालतको उक्त नापी दर्ता बदर मुद्दाको फैसला हेर्दा वादीलाई ०,६७८ वर्गमिटर जग्गा दिलाई ठहर फैसला भएको देखिँदैन । सुरू अदालतको फैसला फरक पर्न सक्ने देखिन आएको अवस्थामा मुलुकी ऐन, अ.बं. २०२ नं. को प्रयोजनार्थ झगडिया झिकाउनु पर्ने हुन्छ। सोअनुरूप पुनरावेदन अदालत, महेन्द्रनगरले झगडिया नझिकाई फैसला गरेको देखियो । झगडिया नझिकाई वादी दाबी पुग्न नसक्ने ठहरी सुरू अदालतबाट भएको फैसला सदर हुने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट फैसला भएको देखिँदा पुनरावेदन अदालतले समेत सम्पूर्ण रूपमा वादीको दाबी पुग्न नसक्ने गरी फैसला गरेको मान्नु पर्ने देखिने ।

फैसलाबमोजिम दाबी पुगेको वा जिती पाएको अवस्थामा मात्र दाबी पुगेको वा जिती पाएको पक्षले फैसला कार्यान्वयनका लागि दरखास्त दिन मिल्ने ।

फैसलामा ठहरेबमोजिम मात्र फैसला कार्यान्वयन गर्नुपर्छ । नापी दर्ता बदर मुद्दामा भएको सुरू र पुनरावेदन अदालत, दुवैको फैसला हेर्दा दुवै अदालतबाट वादीको दाबी पुग्न नसक्ने भनी फैसला भएको देखिन्छ । वादीको जग्गा पुगी रहेकोसमेतका आधारमा वादी दाबी पुग्न नसक्ने ठहरी फैसला भएको अवस्थामा त्यस्तो फैसला कार्यान्वयन गरी रहनु पर्ने अवस्था नै रहँदैन । फैसलाविपरीत भएको आदेश कार्यान्वयन गर्न मिल्ने हुँदैन । अदालतको फैसलाविपरीत विपक्षीहरूबाट कार्यान्वयनको कार्य भए गरेको देखिँदा विपक्षीहरूको कार्यलाई उचित मान्न मिल्ने नदेखिने ।

अतः विवेचित आधार र कारणबाट अदालतबाट भएको फैसलाभन्दा बाहिर गई विपक्षीहरूद्वारा गरिएको कित्ताकाटसमेतका काम कारबाही मुलुकी ऐन, दण्ड सजायको महलको ४३ र ४४ नं. विपरीत रहेको देखिन आयो । तसर्थ पुनरावेदन अदालत, महेन्द्रनगरको मिति २०६७।०९।०१ को विवादित आदेश, सोबमोजिम लेखिएका पत्रलगायत सो आदेश कार्यान्वयनका सन्दर्भमा मोहन दमाईसमेतका नाममा जग्गा दर्ता दा.खा. गर्ने तथा कित्ताकाटसमेतका विवादित काम कारबाहीहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ । साथै निवेदक जयराज पन्तका नाममा पूर्ववत् जग्गाको दर्ता कायम गरी दिनु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ३ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई,** ०७१-CR-१४३५, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. रिठु तामाङसमेत*

मिसिल संलग्न रहेको घाउ जाँच केस फारामबाट पीडितको टाउको, हात र औंलामा घाउ चोट परेको भन्ने देखिन्छ । उक्त घाउ चोट ज्यान मर्न सक्नेसम्मको गम्भीर प्रकृतिको भएको भन्ने कुरा घाउ जाँच केस फारामबाट देखिन नआउने ।

पीडित आइत तामाङले अदालतसमक्ष समेत बकपत्र गर्दा प्रतिवादी रिठु तामाङले खुकुरी प्रहार गरी घाइते बनाएको हो भनी बकपत्र गरेको देखिन्छ । निज पीडितले प्रतिवादी रिठु तामाङले ज्यान मार्ने उद्देश्यले खुकुरी प्रहार गरेको हो भनी भन्न सकेको पाइएन । प्रतिवादी रिठु तामाङले खुकुरी प्रहार गर्दा पीडितले त्यसको प्रतिकार गरेको कारण प्रहार गर्न छोडेको भनी

भन्न सकेको देखिँदैन । पीडितको कथनलाई हेर्दा प्रतिवादी रिठु तामाङले आइत तामाङउपर खुकुरी प्रहार गरी, पछि आफैँले प्रहार गर्न छोडी गोठको कर्सातर्फ गई लुकी भनी मौकामा कागज गरी दिएको पाइन्छ । कुनै तेस्रो पक्षको हस्तक्षेपका कारण प्रहार गर्न छोडेको भन्ने मिसिल संलग्न कागजातहरूबाट देखिन आएन । प्रतिवादी रिठु तामाङले पीडित आइत तामाङलाई ज्यान मार्ने मनसायले खुकुरी प्रहार गरेको भन्ने देखिँदैन । निज प्रतिवादीले पीडितउपर प्रहार गर्दा निज कराउने बित्तिकै प्रहार गर्न छाडी लुक्न गएको भन्ने स्वयम् पीडितको मौकाको कागजबाट देखिन आउने ।

प्रतिवादीहरूको बयान, पीडित आइत तामाङको मौकाको कागज र अदालतसमक्षको बकपत्र, पीडितको घाउ जाँच केस फारामसमेतका मिसिल प्रमाणबाट विवादित वारदातको प्रकृति मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं. अनुसारको देखिन नआई सोही ऐनको कुटपिटको महलअन्तर्गत पर्ने वारदात देखिन आयो । तसर्थ प्रत्यर्थी प्रतिवादीहरू रिठु तामाङ र तुला सार्की भन्ने लक्ष्मण रूम्बा तामाङउपरको ज्यान मार्ने उद्योगतर्फको आरोपित कसुर पुष्टि हुन सकेको नदेखिँदा प्रत्यर्थी प्रतिवादीहरूले सो ज्यान मार्ने उद्योगको अभियोग दाबीबाट सफाइ पाउने र सरोकारवालाले मुद्दा सकार गरेमा प्रस्तुत मुद्दा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम कुटपिटमा परिणत हुने ठहऱ्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।०६।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विकास श्रेष्ठ

इति संवत् २०७४ साल मङ्सिर ४ गते रोज २ शुभम् ।

३

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७२-CR-१३४५, वैदेशिक रोजगार कसुर, *दुर्गाराज न्यौपाने वि. नेपाल सरकार*

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा मैले वैदेशिक रोजगार सञ्चालन गर्ने इजाजत लिएको छैन । मेरो बुबा पुस्तकराज न्यौपाने "युनिभर्सल इन्टरनेसनल" संस्थाको सञ्चालक सदस्य रहेको र मेरोसमेत कन्सल्टेन्सी व्यवसाय भएकोले हामीबाट पैसा असुल गर्न सकिन्छ कि भनेर जाहेरवालालको भाइ सोन गुरूङले दश लाख मागेकोमा सो तिर्न नसकेकोले म र मेरो परिवारलाई मार्ने, काट्ने धम्की दिएको कारण लिखत गरिदिएको हुँ भनी सो कागज गरेको कुरालाई स्वीकार गरी बयान गरेको देखिन्छ । उक्त मिति २०६६।०८।०७ को लिखतमा परेको कारणीको सहिछाप यिनै प्रतिवादी दुर्गाराज न्यौपानेको हो भन्ने कुरामा विवाद देखिँदैन । यी प्रतिवादीले मार्ने, काट्ने धम्की दिएका कारण कागज गरेको भनी बयानमा उल्लेख गरे पनि सो कागजउपर करकाप मुद्दा दायर गरेको भनी जिकिर नलिएको र मिसिलबाट समेत करकाप मुद्दा चलेको भन्ने नदेखिने ।

प्रतिवादीले कन्सल्टेन्सी सञ्चालन गरेको भएपनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको कुरा स्वीकार गरी बयान गरेको हुँदा यस तथ्यमा विवाद देखिँदैन । वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० मा "यस ऐनबमोजिम इजाजत पत्र नलिई कसैले पनि वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न पाउने छैन" भन्ने व्यवस्था रहेको पाइन्छ । दफा १० मा रहेको उक्त प्रावधानले इजाजत पत्र नलिई वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न निषेध गरेको देखिन्छ । यसबाट मिति २०६६।०८।०७ मा लिखत गरी प्रतिवादीले गैरकानूनी तवरबाट वैदेशिक रोजगारको कारोबार गरेको देखिन आएको छ । प्रतिवादीले सो कागज निष्क्रिय पारी अर्को करारको कागज गरिसकेको भनी जिकिर लिए पनि प्रस्तुत मुद्दामा कसुर ठहर भएकै कारण पछि गरेको करारको कागजबमोजिम चलेको मुद्दाको अभियोगपत्र खारेज भएको सन्दर्भमा निजले निष्क्रिय पारेको भनी

लिएको जिकिर सान्दर्भिक देखिन नआउने।

प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्ने अनुमति नलिएको, वैदेशिक रोजगारमा पठाइदिन्छु भनी कागज गरेको, जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउन नसकेको र जाहेरवालाको रकमसमेत फिर्ता नगरेको अवस्था हुँदा प्रतिवादीलाई कसुरदार ठहर गरी वैदेशिक रोजगार न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिने।

अतः विवेचित आधार प्रमाणबाट प्रतिवादी दुर्गाराज न्यौपानेलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम १।७।० (एक वर्ष सात महिना) कैद र रू.१,५०,०००।– (एक लाख पचास हजार) जरिवाना हुने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०७०।११।२६ मा भएको फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: ढाकाराम पौडेल

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७४ साल चैत २८ गते रोज ४ शुभम्।

## इजलास नं. १४

१

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७०-CR-१५६५, डाँका, *नेपाल सरकार वि. हेम्जो भन्ने सुरज टुडुसमेत*

प्रतिवादी हेम्जो भन्ने सुरज टुडु अदालतसमक्ष कसुरमा इन्कार रहेको भए पनि अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुरमा साबित भई डाँका गरेको रकममध्ये रू.२०,०००।- आफ्नो भागमा परी लिए खाएको स्वीकार गरेको नै देखिन्छ। अदालतसमक्ष कसुरमा साबित रहेका अर्का प्रतिवादी वीरबहादुर राईले अदालतसमक्ष बयान गर्दा हेम्जो भन्ने सुरज टुडुसमेत भई डाँका गरेको हो भनी निजलाई समेत पोल गरी बयान गरेको आधार कारणसमेतबाट प्रतिवादी कसुरदार होइन भन्न मिल्ने पनि नदेखिने।

प्रतिवादीमध्ये वीरबहादुर राई सँग साथबाट रू.२,५००।- मौकामा पक्राउ पर्दा बरामद भएको देखिए पनि प्रतिवादी सुरज टुडु र वीरबहादुर राईले मौकामा बयान गर्दा डाँका गरेको रकम बाँडफाँड गर्दा आफूहरूले आफ्नो भागमा परेको रू.२०,०००।- लिए पाएको भनी स्वीकार गरेको र मानबहादुर राजवंशीले सितल मुर्मु र विजय मुर्मुले रू.१५,०००।- दिई आफूले लिएको भन्ने पुष्टि हुन आएको हुँदा उक्त उल्लेख भएअनुसारको रकम नै निज प्रतिवादीहरूले डाँका चोरी गरेको बिगो कायम हुने देखिन आउने।

पुनरावेदन अदालतबाट कसुरदार ठहर भएउपर प्रतिवादीहरूको पुनरावेदन परेको नपाइँदा निजहरूलाई भएको सजायबारे थप बोल्नु परेन। वादी नेपाल सरकारको पुनरावेदन मूलतः पटक कायम गरेको विषयमा र बिगो कायम गरी सजाय गरेको विषयमा रहेको पाइन्छ। अभियोग दाबीमा प्रतिवादी वीरबहादुर राईलाई दोस्रोपटक र प्रतिवादी हेम्जो भन्ने सुरज टुडुलाई तेस्रो पटक डाँका चोरी गरेकोमा मुलुकी ऐन, चोरीको १४(४) नं. अनुसार पटके कायम गरी सजायसमेत गरिपाउँ भनी दाबी लिएकोमा ठहरेको कसुरको आधारमा पटके कायम भई र बिगोको हकमा पनि स्वीकार गरेको बिगोको आधारमा सजाय गर्ने र बिगो भराउने गरिएको पाइँदा त्यसलाई अन्यथा भन्नु पर्ने देखिन नआउने।

अतः उल्लिखित आधार कारणसमेतबाट प्रतिवादीहरू रोहन भन्ने मनबहादुर राजवंशी, सुरेन भन्ने वीरबहादुर राई र हेम्जो भन्ने सुरज टुडुमध्ये मनबहादुर राजवंशी र वीरबहादुर राईलाई दोस्रोपटक र हेम्जो भन्ने सुरज टुडुले तेस्रोपटक डाँका गरेको देखिँदा मुलुकी ऐन, चोरीको १४(४) नं. बमोजिम निज प्रतिवादीहरू मनबहादुर राजवंशीले बिगो रू.१५,०००।- (पन्ध्र हजार) तथा वीरबहादुर राई र हेम्जो भन्ने सुरज टुडुले रू.२०,०००।– (बीस हजार

रूपैयाँ) का दरले खाएको भनी स्वीकार गरेको बिगो जनही भराउने र सोको डेढी प्रतिवादी मनबहादुर राजवंशीलाई रू.२२,५००।– (बाइस हजार पाँच सय रूपैयाँ) तथा प्रतिवादीहरू वीरबहादुर राई र हेम्जो भन्ने सुरज टुडुलाई रू.३०,०००।– (तीस हजार रूपैयाँ) का दरले जनही जरिवाना र प्रतिवादीहरू मनबहादुर राजवंशी र वीरबहादुर राईलाई जनही ९ (नौ) वर्ष र प्रतिवादी हेम्जो भन्ने सुरज टुडुलाई १२ (बाह्र) वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।०७।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम्।

२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सपना प्रधान मल्ल,** ०७०-CR-१५७३, डाँका, *नेपाल सरकार वि. हेमप्रसाद कडरियासमेत*

अभियोगको आधारमा पटक कायम नभई कसुरदार कायम भई फैसला भएको आधारमा पटक कायम हुने हो । त्यस्तैगरी बिगोको हकमा बरामद भएको बिगोको आधारमा वा खाएको भनी स्वीकार गरेको आधारमा बिगो भराउने र जरिवाना गरिने हो । सफाइ पाएका प्रतिवादीहरूको हकमा निजहरू कसुरमा इन्कार रही बयान गरेका, निजहरूको नाम किटान गरी जाहेरीमा उल्लेख गर्न नसकेको, निजहरूको साथबाट कुनै दशीका मालवस्तुहरू बरामद हुन नसकेको भन्नेसमेत आधारमा प्रतिवादीमध्ये उत्सव भन्ने दिपेन कोइराला, उपहार भन्ने सुमन तामाङ, सन्तोष भन्ने हेमप्रसाद कडरिया र सुरेन भन्ने वीरबहादुर राईले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको देखिन्छ । सो इन्साफलाई अन्यथा भन्न सकिने कुनै सबुद प्रमाण वा तर्क नेपाल सरकारबाट प्रस्तुत हुन सकेको देखिएन । यस स्थितिमा पुनरावेदन अदालत, इलामको फैसलालाई अन्यथा भन्नु पर्ने नदेखिने।

अतः उल्लिखित आधार कारणहरूबाट प्रतिवादीहरू हेमप्रसाद कडरिया, सुमन तामाङ, दिपेन कोइराला र वीरबहादुर राईले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा कसुर गरेमा इन्कार रही बयान गरेका, प्रतिवादी मानबहादुरले अदालतसमक्ष बयान गर्दा आफू कसुरमा साबित भए पनि उल्लिखित प्रतिवादीहरूलाई पोल गर्न नसकेको, वादी पक्षबाट निज प्रतिवादी कसुर वारदातमा संलग्न रहेको भन्ने पुष्टि गर्न नसकेको र निजहरूबाट डाँका चोरी गरेको दशीका मालवस्तु फेला पर्न नसकेकोबाट कसुरदार हुन भनी भन्न मिल्ने पनि देखिन नआएबाट निजहरूको हकमा फैसला मिलेकै देखियो। त्यस्तैगरी प्रतिवादीहरू मनबहादुर राजवंशीले पहिलो पटक र सुरज भन्ने हेम्जो टुडुले दोस्रो पटक डाँका गरेको हुँदा मुलुकी ऐन, चोरीको १४(४) नं. बमोजिम निज प्रतिवादीहरूले खाएको बिगो जनही रू.४,०००।– (रू.चार हजार) का दरले बिगो भराउने र सोको डेढी रू.६०००।– (रू. छ हजार) का दरले जरिवाना तथा प्रतिवादी मनबहादुर राजवंशीलाई कैद वर्ष ६(छ) र प्रतिवादी सुरज भन्ने हेम्जो टुडुलाई ९(नौ) वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।७।११।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: डोलनाथ न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल भदौ २८ गते रोज ५ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६७-CI-०१०५, निर्णय दर्ता बदर, *हरिशंकर थापामगर वि. हरिप्रसाद जोशीसमेत*

साबिक कि.नं. ४० को हालको कि.नं. ५२ र

कि.नं. २९८ को जग्गाको फिल्डबुकमा जग्गाधनी महल तथा मोही महलमा पर्ती जनिएको र अन्य महल खाली रहेको देखिन्छ। विवादित कि.नं.५२ र कि.नं.२९८ को जग्गासमेतका विभिन्न कित्ता जग्गा केदारेश्वर महादेव गुठीका नाममा दर्ता गरिपाउँ भनी २०३४ सालमा निवेदन दिएकोमा उक्त जग्गा दर्ता गर्ने सिलसिलामा गुठी संस्थानले मिति २०३४।१२।१६ मा हकदाबीसम्बन्धी १५ दिने सार्वजनिक सूचना प्रकाशित गरेकोमा उक्त सूचनाको म्यादभित्र वादीसमेतका अन्य कोही व्यक्तिको दाबी विरोध परेको देखिँदैन । उक्त जग्गा केदारेश्वर महादेव गुठीका गुठियार क्षेत्रबहादुर पुरीका नाउँमा मिति २०३५।६।५ मा दर्ता गरिदिने ठहरी गुठी संस्थानबाट निर्णय भई मालपोत कार्यालय, काठमाडौंबाट श्री केदारेश्वर महादेव गुठीका नाउँमा दर्ता गर्ने गरी मिति २०३५।७।२ मा निर्णय भएको देखिन्छ । उक्त निर्णय भएको लामो समयपछि २०५० सालमा बिर्तावालले रैकर परिणत नगरेकोले रैकर परिणत गरी दर्ता गरिपाउँ भनी निवेदन दिएको देखिन्छ । यसरी लामो समयपछि रैकर परिणत गरिपाउँ भनी साबिक लगत नं.५८ बानेश्वरटार पद्मध्वज थापाको नाउँमा दर्ता भएको बिर्तामा भिड्ने भनिएको देखाइएको जग्गाको क्षेत्रफल र साबिक कि.नं.४० को जग्गाको क्षेत्रफल मिल्न भिड्न आएको पनि देखिएन । यस्तो अवस्थामा साबिक कि.नं.४० को जग्गा उक्त साबिक लगत नं.५८ को जग्गा हो भनी मान्न मिल्ने वस्तुनिष्ठ अन्य प्रमाण वादीले दाखिल गर्न सकेको पनि नदेखिने ।

साबिक कि.नं. ४० को जग्गा कित्ताकाट भई हाल कायमी कि.नं.५२ र कि.नं.२९८ को जग्गामध्ये कि.नं. ५२ को जग्गा गुठी जनिई दर्ता भइसकेको देखिए तापनि उक्त कि.नं.५२ को जग्गा दर्ता हुनुपूर्व २००८ सालदेखि नै वादीका हजुरबुबाले भोगचलन गर्दै आएको भनी लेखिई दिएको र २०२३ सालमा पक्की घर बनाई बस्दै आइरहेको, मतदाता नामावलीमा घर नं. र नेपाल विद्युत् प्राधिकरणमा ग्राहक नं. उल्लेख गरी घर उपभोग गर्दै आएको भनी सुरू जिल्ला अदालतबाट मिति २०६५।११।१९ मा भएको नक्सा सर्जमिन मुचुल्कामा बसेका व्यक्तिहरूले लेखाई दिएको देखिन्छ । उक्त कि.नं. ५२ को जग्गामा वादीका पुर्खादेखि बसोबास गरी आएको हो भन्ने फिराद दाबीलाई प्रतिवादीहरूले खण्डन गर्न सकेकोसमेत नदेखिने ।

कुनै व्यक्तिले लामो समयदेखि अर्थात् चिरकालदेखि भोग गरी रहेको कुनै सम्पत्ति वा जमिन आफ्नै सम्पत्ति वा जमिनसरह भोग गरेमा त्यस्तो सम्पत्ति वा जमिनमा निजको भोगाधिकार रहेको मानिने हुँदा वादीका हजुरबुबा तथा बाबुका पालादेखि अविच्छिन्न रूपमा भोग गर्दै आएको उक्त कि.नं.५२ को जग्गामा निजको भोगाधिकारसमेत रहेको मान्नुपर्ने ।

कि.नं. ५२ को जग्गामा वादीका अघिल्ला दुई पुस्तादेखि घर निर्माण गरी भोग गरिरहेको देखिएबाट चिरकाल भोगको नाताले कि.नं.५२ को जग्गामा भोगाधिकार देखिन्छ । तर कि.नं.२९८ को जग्गामा वादीले भोग गरेको भन्ने कुनै ठोस प्रमाण दाखिल गर्न नसकेको र भोगाधिकार तथा जग्गामा हक स्वामित्व रहेको कुरा कहीँकतैबाट विवादरहित तवरले पुष्टि प्रमाणित नभएको देखिएबाट नेपाल सरकारको नाउँमा दर्ता भई २०३५।६।५ मा गुठी संस्थानको नाउँमा दर्ता हुने निर्णय गरी मालपोत कार्यालय, काठमाडौंबाट मिति २०३५।७।२ मा भएको निर्णय उल्टी गरी वादीको नाउँमा दर्ता हुने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला उल्टी हुने ठहऱ्याएको फैसला उक्त कि.नं.२९८ को हकमा मिलेकै देखिन आउने ।

तसर्थ, दाबीको कि.नं. ४० कित्ताकाट भई हाल कायम भएको कि.नं.५२ को जग्गामा वादीले घरसमेत बनाई बसोबास गरी आएको देखिएकोले उक्त जग्गा छुट गुठीमा दर्ता गर्ने गरी भएको गुठी संस्थानको मिति २०३४।६।५ को निर्णय बदर गरी मालपोत कार्यालयको मिति २०३५।७।२ को टिप्पणी निर्णय, उच्चस्तरीय आयोगले रोक्का राख्ने गरी भएको निर्णय

आदेशलगायतका निर्णय आदेश बदर भई कि.नं. ५२ को जग्गा वादी हरिशंकर थापाका नाउँमा दर्ता गरी निजले प्रमाणपुर्जासमेत पाउने ठहर गर्नुपर्नेमा सो नगरी सम्पूर्ण जग्गा गुठी संस्थानको नाउँमा यथावत् कायम राख्ने ठहरी पुनरावेदन अदालत, पाटनबाट भएको फैसला सो हदसम्म नमिली केही उल्टी हुने र कि.नं.२९८ को जग्गा गुठी संस्थानकै नाममा कायम रहने ठहरी भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

इति संवत् २०७५ साल साउन २१ गते रोज २ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CI-०१०४, निर्णय दर्ता बदर दर्ता, *हरिशंकर थापामगर वि. वीरेन्द्र थपलियासमेत*
- ०६८-CI-१०२१, छुट जग्गा दर्ता, *हरिशंकर थापामगर वि. मालपोत कार्यालय, डिल्लीबजार*

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-१०९४, निकासा खुलाई बाटो कायम गरिपाउँ, *हेराकाजी महर्जनसमेत वि. इन्सान महर्जन*

मिसिल संलग्न रहेको पुनरावेदक / प्रतिवादी हेराकाजी महर्जन जग्गाधनी जनिएको दर्ता स्रेस्ता हेर्दा उल्लिखित कि.नं.१६३ र १६५ को जग्गा बाटो प्रयोजन भनी उल्लेख भएको देखिन्छ भने प्रत्यर्थी / वादीको कि.नं.५१ को जग्गा सोही बाटो जनिएको कि.नं.१६३ र १६५ सँग जोडिएको देखिन्छ। नक्सामा समेत बाटो जनिएको सो कि.नं. १६३ र १६५ को बाटोबाटै धेरै पहिलादेखि नै आफू आफ्नो कि.नं. ५१ को जग्गामा आवतजावत गर्ने गरिरहेको भन्ने प्रत्यर्थी / वादीको दाबी रहेको छ भने सो जग्गामा जाने अन्य बाटो नक्साबाट नदेखिएको तथा त्यस्तो बाटो छ भनी पुनरावेदक पक्षले समेत स्पष्ट देखाउन नसकेको हुँदा सोही बाटोबाटै प्रत्यर्थी / वादीले आफ्नो कि.नं. ५१ को जग्गामा आवतजावत गरिरहेको भन्ने नै देखियो। अन्य वैकल्पिक बाटो नदेखिएको अवस्थामा साबिकदेखि नै प्रत्यर्थी / वादीले आफ्नो कि.नं. ५१ को जग्गामा जान प्रयोग गरिरहेको बाटोलाई हाल आएर प्रयोग गर्न रोक लगाउनु विवेकसम्मत हुने नदेखिने।

प्रत्यर्थी / वादीले कि.नं. ५१ को जग्गामा आवागमन गर्न अन्य बाटो नक्साबाट नदेखिएको अवस्थामा सो जग्गामा आउन जान साबिकदेखि नै प्रयोग गर्दै आएको बाटोलाई यथावत् रूपमै प्रयोग गर्न पाउँ भनी प्रत्यर्थी / वादीले माग गरेकोलाई अन्यथा भन्न मिल्ने देखिएन। साथै साबिकदेखि नै बाटोको रूपमा प्रयोग र प्रचलनमा रहेको र नक्सामा समेत बाटो जनिएको जग्गाबाट प्रत्यर्थी / वादीले आफ्नो कि.नं.५१ को जग्गामा आवागमन (ओहोर-दोहोर) गर्दा प्रतिवादी / पुनरावेदक पक्षले थप कुनै दायित्व बेहोर्नुपर्ने तथा निजहरूलाई कुनै हानि नोक्सानी पर्नेसमेत नदेखिँदा हाल प्रयोग गरिरहेको कि.नं. १६३ र १६५ को बाटो प्रत्यर्थी / वादीले प्रयोग गर्दा आफ्नो सम्पत्तिसम्बन्धी हकमा असर पर्छ भन्ने प्रतिवादी / पुनरावेदकको दाबीलाई मनासिब र औचित्यपूर्ण भन्न नसकिने।

तसर्थः विवेचित तथ्य आधार र कारणसमेतबाट प्रस्तुत मुद्दामा प्रत्यर्थी / वादीको कि.नं.५१ को जग्गामा जोडिएको कि.नं.१६३ र १६५ को बाटो वादीले समेत प्रयोग गर्न पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।५।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल चैत २१ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०६७-CI-११७० र ०६७-CI-

१३३०, जग्गा खिचोला, *विजयकुमार राय वि. बेचनकुमार राय र बेचनकुमार राय वि. विजयकुमार राय*

कि.नं. ७०४ को विवादित जग्गा कि.नं. ७०३ मा मिसाइएको भन्ने फिरादीको दाबी भएकोमा सोतर्फ हेर्दा उक्त जग्गामध्ये न.नं. ४ को जग्गा उत्तर, दक्षिण, पूर्व र पश्चिममा क्रमशः ०.२०, ०.२०, ६१, ६१ भई जम्मा क्षे.फ. ०-०-०.७२ रहेको भन्ने देखिन्छ भने न.नं. ५ को जग्गा उत्तर, दक्षिण, पूर्व र पश्चिममा क्रमशः ०.८०, ०.८०, ६१, ६१ भई जम्मा क्षे.फ. ०-०-२.८८ रहेको भन्ने देखिन्छ । उक्त न.नं. ४ र ५ बाहेक न.नं. १ मा कि.नं. ७०३ को जग्गा रहेको र अदालतबाट भई आएको नक्सा हेर्दा उक्त न.नं. १ मा ०-०-७.९७ जग्गा रहेको देखियो । त्यसैगरी कि.नं. ७०४ अन्तर्गतको न.नं. २ र ३ मा हेर्दा न.नं. २ मा ०-१-२.६८ र न.नं. ३ मा ०-१-१८.७३ गरी जम्मा ०-३-१.४१ जग्गा रहेको देखिएबाट कि.नं. ७०४ को जग्गा स्रेस्तामा भएकोभन्दा कमी देखिई खिचोला गरेको देखिने।

अदालतबाट भई आएको नक्सा हेर्दा वादीले फिरादमा उल्लेख गरेजस्तै कि.नं. ७०४ को पूर्वतर्फ न.नं. ५ मा ८० से.मी. चौडाई भई उत्तर दक्षिण लामो भइरहेको देखिन्छ । न.नं. ४ को जग्गाभन्दा पूर्वमा रहेको र विवादितसमेत बनेको न.नं. ५ को जग्गा वादीले फिरादपत्रमा उल्लेख गरेकै अवस्थाको देखिनुका साथै उक्त न.नं. ५ को केही जग्गा नजोड्ने हो भने न.नं. १ मा रहेको जग्गाको क्षेत्रफलबाट मात्र स्रेस्ताअनुसार कि.नं. ७०३ को जग्गा नपुग्ने हुँदा न.नं. ५ को ०-०-२.८८ जग्गामध्ये पश्चिमबाट ०-०-०.३७ जग्गासमेत कि.नं. ७०३ अन्तर्गत पर्ने प्रतिवादीकै जग्गा हो भन्ने देखियो । तसर्थः उक्त न.नं. ५ को जग्गामा समेत खिचोला ठहर गरिपाउँ भन्ने वादीको फिराद दाबी तथा पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

प्रतिवादीको कि.नं. ७०३ मा ०-०-१० जग्गा रहेकोमा न.नं. १ मा ०-०-७.९१ रहेको देखिन्छ भने वादीले फिरादपत्रमा उल्लेख गरेको तथा न.नं. ५ मा पर्ने जग्गाको क्षेत्रफल ०-०-२.८८ समेतबाट निजको कि.नं. ७०३ को जग्गाको क्षेत्रफल ०-०-१० पूरा हुने देखियो । न.नं. ४ को ०-०-०.७२ जग्गामा समेत निजले कब्जा भोग गरी खिचोला गरेको भनी पुनरावेदक / वादीले दाबी लिएको र निजको कि.नं. ७०४ को जग्गाको जम्मा क्षेत्रफल ०-३-२१/२ भनी उल्लेख भएकोमा न.नं. २ र ३ मा ०-३-१.४१ जग्गा देखिई स्रेस्तामा भएको जग्गाको क्षेत्रफलभन्दा कम देखिएकाले न.नं. ४ को जग्गासमेत सो जग्गामा पर्ने देखिएबाट उक्त न.नं. ४ को जग्गामा प्रतिवादीले खिचोला गरेको देखिँदा न.नं. ४ को जग्गामा खिचोला गरेको ठहर गरेको फैसला उल्टी गरी न.नं. ४ को जग्गा म प्रतिवादीको कायम गराई पाउँ भन्ने प्रतिवादीको तर्फबाट गरिएको पुनरावेदन जिकिरसमेत औचित्यपूर्ण देखिन नआउने।

अतः उल्लिखित तथ्य, आधार र कारणसमेतबाट न.नं. ४ को ०-०-०.७२ जग्गामा प्रतिवादीले खिचोला गरेको देखिँदा उक्त न.नं. ४ को ०-०-००.७२ जग्गामा प्रतिवादीको खिचोला मेटाई वादीले चलनसमेत पाउने ठहऱ्याई सुरु जिल्ला अदालतबाट भएको फैसला कायमै राखी कि.नं. ७०३, न.नं. ५ को ०-०-२.८८ जग्गामध्ये पश्चिमबाट ०-०-०.३७ जग्गा प्रतिवादीले खिचोला गरेको भनी सुरूले गरेको निर्णय सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई न.नं. ५ को क्षे.फ. ०-०-२.८८ मध्ये पश्चिम तर्फबाट ०-०-०.३७ जग्गामा वादी दाबी पुग्न नसक्ने ठहर्छ भनी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६६।५।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

इति संवत् २०७४ साल चैत २१ गते रोज ४ शुभम्।

**इजलास नं. १६**

१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६८-CI-१५३३, लेनदेन, *शिवप्रसाद अर्याल वि. जयराम ताम्राकार*

एउटै कार्यालयमा कार्यरत दुई कर्मचारीबीच आपसी लेनदेन गर्दा तमसुक नबनाई कागजमा टिपोट गरी घरायसी कामको लागि लेनदेन व्यवहार गरेको कुरा वादीले पेस गरेको लिखत कागजबाट देखिन्छ । उक्त लिखतमा प्रतिवादी स्वयम्ले ऋण रकम लिएको कुरा स्वीकार गरी हस्ताक्षर र ठाउँ काठमाडौं कुमारीपाटी, मिति २०५७।३।०९ गते नोट विभाग, रजि १९४, घरको फोन नं. ५२५४८७ समेत उल्लेख गरेको देखिएबाट पनि यिनै प्रतिवादीले वादीसँगबाट उक्त रकम लिएको भन्ने प्रस्ट देखिन आएकोले उक्त कारोबार मुलुकी ऐन, लेनदेन व्यवहारको २ नं. अन्तर्गत पर्ने व्यवहार भएको भन्ने देखिन आउने ।

प्रतिवादीले वादीसँग गरेको कारोबारको ब्याज असुल पनि नभएको भाखा पत्र पनि नगराएकोमा दश वर्षपछि नालिस नलाग्ने भन्ने सन्दर्भमा लेनदेन व्यवहारको महलको २ नं. बमोजिमको हदम्याद अर्थात् १० वर्षभित्र नालेस गर्नुपर्ने भन्ने कानूनी व्यवस्था भएकोले र वादीले मिति २०५७।३।०९ मा कारोबार भई र सोको १० वर्षभित्र अर्थात् २०६६।४।१८ मा नै जिल्ला अदालतमा फिराद दर्ता गरेको देखिएकोले पनि प्रतिवादीले जिकिर लिएको लेनदेन व्यवहारको ४० नं. को हदम्याद २ वर्षभित्र नालिस गर्नुपर्ने भन्ने कुरामा सहमत हुन सकिएन । यस अवस्थामा वादीको फिराद खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण देखिन आउने ।

तसर्थ, उल्लिखित आधार र कारणसमेतबाट वादीले प्रतिवादीबाट घरायसी कामका लागि रकम लिएको देखिएको, रकम लिनुदिनु गरी गरेको कागजलाई प्रतिवादीले स्वीकार गरेको र लिएको रकम तिरेको नदेखिएको अवस्थामा लेनदेन व्यवहारको २ नं. बमोजिमको म्यादभित्र वादीको फिराद परेको देखिँदा वादीले प्रतिवादीबाट लिखतबमोजिमको रकम भरिपाउने ठहऱ्याएको सुरू ललितपुर जिल्ला अदालतको मिति २०६७।०७।०९ को फैसला मनासिब देखिँदा सोही फैसला सदर गर्नुपर्नेमा वादीले ऐनको हदम्यादभित्र दाबी नगरेको भनी वादी दाबी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।११।२ को भएको फैसला मिलेको नदेखिँदा उल्टी भई वादी दाबी पुग्ने ।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७३ साल कात्तिक ८ गते रोज २ शुभम् ।

२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री डम्बरबहादुर शाही,** ०६८-WO-१३०२, उत्प्रेषण / परमादेश र प्रतिषेध, *चन्द्रबहादुर चोङ्याङसमेत वि. शिक्षा मन्त्रालय, केशरमहलसमेत*

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारअन्तर्गत दफा ११ को उपदफा (२) (१) मा गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको देखिन्छ भने यसैअन्तर्गत खण्ड ज. मा "आधारभूत र माध्यमिक शिक्षा" समेत उल्लेख भएको देखिन्छ । ऐनको यसै खण्डअन्तर्गत सामुदायिक विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन एवम् विद्यालयको नक्साङ्कन, समायोजनलगायतका कार्यसमेत उल्लेख भएको देखिएबाट प्रस्तुत रिटमा उठाइएको विषय अब आएर स्थानीय तहले निर्णय गर्नुपर्ने विषयअन्तर्गत पर्ने देखिन्छ । स्थानीय तहले आफूले निर्माण गरेको

नीति, नियमको परिधिमा रही विद्यालय स्थापना, सञ्चालन, नियमन तथा नक्साङ्कनलगायतका कार्य गर्ने र विद्यालयले अनुमति पाए नपाएको तथा पाउने नपाउने ? पूर्वसर्त पूरा भए नभएकोलगायत निवेदकहरूले प्रस्तुत निवेदनमार्फत उठाएका विषयसमेत सम्बोधन गर्न सक्ने नै देखिने ।

निवेदकहरूलाई विद्यालय सञ्चालन नगर्न पत्राचार गर्ने जिल्ला शिक्षा कार्यालयका कतिपय अधिकार कटौती भई स्थानीय तहमा कानूनमार्फत नै प्रत्यायोजन भइसकेका र कतिपय अधिकार प्रयोग गर्ने गरी स्थापित शिक्षा विकास तथा समन्वय इकाइको समेत भूमिका परिवर्तन भइसकेको सन्दर्भमा सोही कार्यालयसमेत उपरको प्रस्तुत निवेदनको विषयमा हाल यस इजलासबाट बोलिरहनु उपयुक्त हुने नदेखिने ।

अत: निवेदकहरूले प्रस्तुत रिट निवेदनमार्फत जुन निकायका विरूद्ध मागदाबी लिएका हुन् उक्त मागदाबीको विषय नै हाल आएर यी निकायले सम्बोधन गर्ने नभई स्थानीय निकायले सम्बोधन गर्नुपर्ने प्रकृतिको देखिई प्रस्तुत रिटको औचित्य नै समाप्त भइसकेको हुँदा प्रस्तुत रिट निवदेन खारेज हुने ।

इजलास अधिकृत: सुभाशचन्द्र दाहाल

इति संवत् २०७५ साल भदौ १४ गते रोज ५ शुभम् ।

- यसै लगाउको ०६९-WO-०८३२, उत्प्रेषण / परमादेश र प्रतिषेध, *शिवराज राजवंशी वि. शिक्षा मन्त्रालयसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-WO-१०६३, उत्प्रेषण, *दिपेन्द्रप्रसाद पटेल वि. नरेश राउत कुर्मीसमेत*

दाबीको कि.नं. ६० तथा कि.नं. २९४ जग्गाहरू मालपोत कार्यालयको मिति २०४९।५।१५ को निर्णयानुसार स्व. रामसुन्दर बैरागीको नाउँबाट निजको मृत्युपश्चात् निजको चेला (छोरा) नाता पर्ने विपक्षी दिनेश दास बैरागीका पिता जग्रनाथ दास बैरागीको नाउँमा एकलौटी नामसारी भएको, सो जग्गाको फिल्डबुकमा उक्त जग्गाको जग्गाधनीमा रामसुन्दर दास बैरागी जनिई किसानको बेहोरामा यो जग्गा पिपरिया मठका सुन्दरदाश बैरागीको हो । रघुनन्दन दासको मृत्यु भई रामसुन्दर दासको नाउँमा दर्ता भएको भन्ने बेहोरा उल्लेख भएको तथा जिल्ला प्रशासन कार्यालय, रौतहटबाट मिति २०४८।८।४ मा जारी भएको नाताको प्रमाणपत्रमा जिल्ला रौतहट लौकाहा गा.वि.स. वडा नं. ३ स्थित मठका महन्त रामसुन्दर दास बैरागीको मृत्युपछि रेखदेख गर्ने भनी विपक्षी दिनेश दास बैरागीका पिता जग्रनाथ दास बैरागी शिष्य चेला रहेकाले मृतकसँग गुरू चेलाको नाता प्रमाणित गरिदिएको छ भन्ने बेहोरा उल्लेख भएको देखिँदा दाबीको जग्गा पिपरिया मठ गुठीको भई सो गुठीका साबिक महन्त रामसुन्दर दास बैरागीको मृत्युपश्चात् निजको शिष्य (चेला) को रूपमा रहेका जग्रनाथको नाउँमा नामसारी भएको देखिन्छ । मिति २०४८।८।४ मा जिल्ला प्रशासन कार्यालयले गुरू चेलाको नाता प्रमाणित गरिदिएको र मालपोत कार्यालयमा मिति २०४९।५।१५ मा हक नामसारीसमेत भएको अवस्था देखिँदा यो जग्गा सार्वजनिक मठकै सम्पत्ति भन्ने देखिने ।

गुठी धार्मिक, परोपकारी भावना एवम् सामाजिक शैक्षिक क्षेत्रको हितको दृष्टिकोणबाट राखिने गरिन्छ । यस्तो गुठीको जग्गा कसैले दर्ता गरी निजी रूपमा प्रयोग गर्न मिल्ने हुदैन । गुठीको मान्यता र उद्देश्यविपरीत गुठीको जग्गा खण्डीकरण गर्न वा अन्य कुनै अमुक उद्देश्यले प्रेरित भई गुठीको अस्तित्वलाई नै लोप हुने गरी वा साबिकदेखि चली आएको गुठीलाई नै नामेट पार्ने क्रियाकलाप गर्दा गुठीको मूल उद्देश्य नै

प्रयोजनविहीन बन्न जाने देखिने।

गुठीको उद्देश्यलाई प्रतिकूल असर नपर्ने गरी गुठियारले गुठीको सम्पत्तिउपर आफ्नो दायित्वसम्म बोध गर्नसम्म मिल्ने देखिए तापनि गुठीलाई नै मास्ने वा गुठीको मान्यता र प्रयोजनविपरीत हुने कुनै काम कारबाही गर्न गुठियार स्वतन्त्र हुने देखिँदैन। गुठीको सम्पत्तिको संरक्षण र गुठियारको हितको संयुक्तता नै गुठीको मुख्य मर्म हुन्छ। गुठीको सम्पत्ति क्षयीकरण गुठीको उद्देश्यभित्र पर्न सक्तैन। आफूखुसी गुठीको जग्गा बिक्री गर्ने वा लिलाम गराउने कार्यले गुठीको आधारभूत प्रयोजन समाप्त हुन जाने हुन्छ। गुठीअन्तर्गतको जग्गा रैकरको जग्गा जस्तो गुठियारको हकवालामा स्वतः सर्ने पनि नहुने।

पिपरिया मठ गुठिका साबिक महन्त रामसुन्दर दास बैरागीको मृत्युपश्चात् निजको शिष्य (चेला) को हैसियतले विपक्षी दिनेश दास बैरागीका पिता जग्रनाथको नाउँमा नामसारी भएको दाबीको जग्गा निजको निजी भन्ने देखिँदैन। मालपोत कार्यालयको निर्णयले नै विवादित जग्गाहरू जग्रनाथको निजी रहेछ भनी मान्न मिल्ने देखिँदैन। उक्त जग्गाहरू निश्चित प्रयोजनका लागि प्रयोग हुने गुठीको सम्पत्ति मान्नु पर्ने देखिने।

मठ पाउने महन्तले मठ नपाउँदै अघि आर्जेको जग्गा जमिन घर खेत तथा मठ पाएपछि पनि मठ पाउनेले आफ्ने जिउले आर्जेको जति जग्गा जमिन घर खेत मात्र खरिद बिक्री गरी लिन दिन हुने देखिन्छ। त्यस्तो सम्पत्ति आर्जन गर्नेको जिउ छउन्जेल मात्र निजले बेचबिखन र लिखत गरिदिएमा लिन दिन हुन्छ। त्यस्तो महन्तको मृत्युपश्चात भने त्यस्तो सम्पत्ति हकदारले नपाई मठको हुने देखिन्छ। सोपछिका महन्तले पनि त्यस्तो सम्पत्ति कसैलाई बेचबिखन र लिखत गरिदिन पाउँदैन। लिए दिएको भए बदर हुने व्यवस्था गरिएको पाइने।

दाबीको कि.नं. ६० र ९४ को जग्गा गुठीको भन्ने देखिएको सो जग्गा पिपरिया मठ गुठीका साबिक महन्त रामसुन्दर दाश बैरागीको मृत्युपश्चात् निजको शिष्य (चेला) को हैसियतले विपक्षी दिनेश दास बैरागीका पिता जग्रनाथको नाउँमा नामसारी भई आएको भन्ने देखिन्छ। सम्पत्तिको प्रकृतिले नै उक्त जग्गा गुरू रामसुन्दर दास बैरागीको नाउँमा रहेको पिपरिया मठ गुठीको सम्पत्ति निजको मृत्युपश्चात् निजका चेला जगन्नाथ दास बैरागीको नाउँमा आएको हुँदा निज जगन्नाथ दास बैरागीको छोरा दिनेश दास बैरागीले सो जग्गा बेच्ने तथा बन्धक राख्ने कार्य गर्न मिल्ने नदेखिने।

धार्मिक प्रयोजनको लागि छुट्ट्याइएको गुठीको जग्गा मुलुकी ऐन, गुठीको महलको १० नं. र ११ नं. मा भएको कानूनी व्यवस्थाअनुसार उपर्युक्त सम्पत्ति निजी सम्पत्तिसरह कसैलाई बेचबिखन हक हस्तान्तरण गर्न मिल्ने नदेखिएको अवस्थामा जग्रनाथको छोरा नाताका विपक्षी दिनेश दास बैरागीले लिएको ऋणमा रोक्का राख्न र बिगो भरिभराउ गर्नसमेत नमिल्नेमा दाबीको कि.नं. ६० र कि.नं. २९४ को जग्गा फुकुवा गर्ने गरेको रौतहट जिल्ला अदालतको मिति २०६८।३।२९ को फुकुवा गर्ने आदेश बदर गरी पुनः रोक्का राख्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।५।२९ मा भएको आदेश तथा वादी विपक्षी नरेश राउत कुर्मी तथा प्रतिवादी विपक्षी दिनेश दास बैरागी भएको लेनदेन मुद्दामा उक्त जग्गा बिगो भरिभराउमा देखाई रौतहट जिल्ला अदालतबाट मिति २०६८।१२।२८ मा गरेको डाँक लिलामलगायतका सम्पूर्ण काम कारबाही तथा पत्राचारसमेत गैरकानूनी देखिँदा उत्प्रेषणको आदेशले बदर हुने।

इजलास अधिकृत: शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल चैत ७ गते रोज ४ शुभम्।

**इजलास नं. १९**

१

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-WO-०३६३, उत्प्रेषण, *कोपिला चुडाल वि. प्रहरी प्रधान कार्यालय, नक्सालसमेत*

प्रहरी निरीक्षक पदमा खुल्ला प्रतियोगिताबाट छनौट भएकाहरूलाई प्रहरी निरीक्षक आधारभूत तालिम (PGDPS तालिमसमेत) गराइने र तल्लो दर्जाबाट जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनबाट प्रहरी निरीक्षकको पदमा बढुवा भएका प्रहरी निरीक्षकहरूलाई प्रहरी निरीक्षक (अल्पकालीन आधारभूत तालिम) गराउने गरिएको र प्रहरी निरीक्षकले खुल्ला प्रतियोगिताबाट समयमा छनौट हुन नसकेको अवस्थामा नियमित तुल्याउनका लागि त्रिभुवन विश्वविद्यालयले तोकेको योग्यता पूरा गरेका प्रहरी कर्मचारीहरूलाई उक्त (PGDPS) कोर्ष गराउँदा रिट निवेदकले उक्त कोर्ष सम्पन्न गरेको हो भन्ने प्रहरी प्रधान कार्यालयसमेतको लिखित जवाफ रहेको पाइन्छ। उल्लिखित जवाफ तथा खुला प्रतियोगिताबाट प्रहरी निरीक्षक पदमा छनौट हुँदा आफ्नो समूहसँगै PGDPS समावेश प्रहरी निरीक्षक आधारभूत तालिम नगरेको तथ्य स्वयम् निवेदिकाबाट नै खुलिरहेको अवस्थामा प्रहरी नियमावली, २०७१ को नियम २१ को उपनियम (३) बमोजिम प्रहरी निरीक्षक पदको जेष्ठता तथा योग्यताक्रम कायम भइसकेको भनी निवेदिकाले प्रहरी निरीक्षक (अल्पकालीन आधारभूत) तालिम मात्र लिनुपर्ने हो भन्ने अवस्था इङ्गित गर्दैन। साथै यो वा त्यो मात्र तालिम आफूलाई लिइनु पर्ने भनी निवेदिकाले दाबी गर्न नपाउने।

प्रहरी संगठन र त्यसमा आवद्ध जुनसुकै तहको प्रहरी कर्मचारीहरूको कार्यकौशल तथा सीप क्षमता अभिवृद्धि गर्ने कार्यमा सरोकार राख्ने सम्बन्धित निकायकै महत्त्वपूर्ण भूमिका हुन्छ। तालिमले अवश्य नै प्रहरी सेवामा कार्यरत कर्मचारीहरूको सुरक्षा, सीप, कार्यकौशल एवम् कार्यदक्षता बढाउने र वृत्ति विकास गर्ने कार्यमा सघाउँछ। यिनै पक्षहरूलाई नै मनन गरी साबिक तथा प्रचलित प्रहरी ऐन तथा नियमावलीमा तालिमसम्बन्धी परिच्छेद छुट्टै नै राखी तालिमका विभिन्न स्वरूप तथा प्रकृतिहरू निर्धारण गर्ने दायित्व सम्बन्धित निकायमा नै सुम्पिएको देखिन्छ। साथै प्राय: जसो अवस्थामा तालिमकै आधारमा पनि बढुवाका सम्भाव्य सर्तहरू ऐन तथा नियमावलीमा तोकिएको देखिन्छ। अत: यस्तो अवस्थामा प्रहरी संगठनले नै निश्चित तहका प्रहरी निरीक्षकहरूका लागि गराउँदै आएको PGDPS समावेश प्रहरी निरीक्षक आधारभूत तालिमको कार्यलाई निवेदिकासमेतले भेदभाव भएको भनी अन्यथा भन्न सक्ने अवस्था नरहने।

मिति २०७३।८।२ मा हुने भनिएको UN Pre-SAAT परीक्षामा समेत भाग लिने अवसरबाट वञ्चित गराइएको हो वा होइन भन्ने विषयमा हेर्दा संयुक्त राष्ट्र संघअन्तर्गत विभिन्न मिसनहरूमा UNPOL, Global Vacancy द्वारा छनौट हुने Professional & Higher Level तथा MSA Level को रूपमा खटिने प्रहरी कर्मचारीहरूको छनौट, काम, कर्तव्य, अधिकार, सुविधा, सुपरीवेक्षण, नियन्त्रण, सजाय तथा पुरस्कार कार्यविधिसम्बन्धी निर्देशिका, २०६९ को दफा २.१.१(ज) मा संयुक्त राष्ट्र संघअन्तर्गत तोकिएको विभिन्न मिसनहरूमा भाग लिन प्रहरी आधारभूत तालिम अनिवार्य रूपमा हासिल गरेको हुनुपर्ने भनी योग्यता कायम भएको अवस्था देखिन्छ। अर्कोतर्फ UN Mission को Pre-SAAT परीक्षा नै सम्पन्न भइसकेको भनी दुवै पक्षको बहसको क्रममा खुल्न आएको हुँदा यस विषयको औचित्यमा प्रवेश गरी थप बोलिरहनु पर्ने अवस्था देखिन नआउने।

अत: उपर्युक्त तथ्यहरूको विश्लेषण, कानूनी व्यवस्थाको व्याख्या र विवेचनासमेतको आधारमा

रिट निवेदकले गरेको प्रहरी अधिकृत (प्र.स.नि.) आधारभूत तालिम र Post Graduate Diploma In Police Sciences (PGDPS) कोर्षले खुल्ला प्रतियोगिताबाट छनौट भएका प्रहरी निरीक्षकहरूको लागि निर्धारण गरिएको Post Graduate Diploma In Police Sciences (PGDPS) समावेश प्रहरी निरीक्षक आधारभूत तालिम एउटै भएको वा सोसरहको रहेको नदेखिएको तथा UN Pre-SAAT परीक्षा मिति २०७३।८।२ मा सम्पन्न भइसकेको देखिँदा उक्त परीक्षाको विषय नै हाल निष्प्रयोजन देखिएबाट निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिएको हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: नन्दकिशोर प्रसाद यादव

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल कात्तिक ३० गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री बमकुमार श्रेष्ठ**, ०७३-CR-१७५४, कर्तव्य ज्यान, *सागर अधिकारी वि. नेपाल सरकार*

मिसिल संलग्न प्रतिवादीहरू सागर अधिकारी र विष्णु अधिकारीले दिएको संयुक्त निवेदन हेर्दा मृतक शालिकराम अर्यालको पसलमा निजसँग वादविवाद झैझगडा भई दाउराको चिरपटले मृतक शालिकराम अर्याललाई हान्दा निज घाइते भएपछि त्यहाँबाट हामी भागी गयौँ। उनको मृत्यु भएपछि गाउँमा नआई भागी लुकी बसिरहेको अवस्थामा हाम्रो खोजखबरलाई तिव्रता दिएको भन्ने जानकारी भई थाहा पाएपछि निवेदनसाथ उपस्थित हुन आएका छौँ भन्ने उल्लेख भएको र सो निवेदनसाथ वारदात घटनामा आफूहरूको उपस्थिति र घटनामा भएको क्रियाकलापसमेतलाई स्वीकार्दै आएको अवस्थाले प्रतिवादीहरूको घटना वारदातमा संलग्नता भएको भन्ने कुरा स्थापित भई पुष्टि भएको देखिन आउने।

प्रतिवादी सागर अधिकारीले अदालतमा बयान गर्दा आरोपित कसुरमा इन्कार भई बयान गरेपनि सहअभियुक्त प्रतिवादी विष्णुप्रसाद अधिकारीले वारदात भएको स्वीकार्दै प्रतिवादी सागर अधिकारीले ढाडमा हान्छु भनी छोडेको चिरपटको प्रहार संयोगवश मृतकको टाउकोमा लाग्न गई मृतक शालिकरामको मृत्यु भएको हो भनी अदालतमा बयान गर्दासमेत लेखाएको देखिनु, अनुसन्धान अधिकारीसमक्ष आरोपित कसुरमा प्रतिवादी सागर अधिकारी साबित भई बयान गर्नु र निजले बयान गर्दा उल्लेख गरेको तथ्य प्रतिवादीहरूमध्येकै विष्णुप्रसाद अधिकारीको भनाईले समर्थित भई पुष्टि भएको देखिनु, घटनाको प्रत्यक्षदर्शी सीता अर्यालले आफ्नो मौकाको कागजको बेहोरालाई समर्थन गर्दै प्रतिवादी सागर अधिकारीले प्रहार गरेको चिरपटको चोटको कारण मृतकको मृत्यु भएको हो भनी स्पष्ट लेखाई दिनु र सो कुरा मृतकको मृत्युको कारणसँग तादाम्यता राखी मेल खानु, घटना वारदातमा आफ्नो संलग्नता देखाई सो कुरालाई स्वीकारी प्रतिवादी निवेदनसाथ सम्बन्धित कार्यालयमा स्वस्फूर्त आफैँ उपस्थित हुनुसमेतका मिसिल संलग्न सम्बद्ध प्रमाणहरूद्वारा मृतक शालिकराम अर्यालको मृत्युसम्बन्धी घटनामा प्रतिवादी सागर अधिकारीसमेतको संलग्नता रहेको भन्ने कुरा स्पष्ट देखियो । विवेचित उल्लिखित आधार एवम् प्रमाणहरूबाट प्रतिवादी सागर अधिकारीले आरोपित कसुर गरेको ठहर गरी उच्च अदालत, पाटनबाट भएको इन्साफ अन्यथा नदेखिने।

टाउकोजस्तो संवेदनशील स्थानमा चोट लागेको कारणबाट नै मृतकको मृत्यु भएको भन्ने देखिन आएको अवस्था एकातर्फ देखिन्छ तापनि मृतकउपर चिर्पट प्रहार गर्नुअघि सामान्य झैझगडासम्म भएको स्थिति र अवस्थासमेतलाई विचार गर्दा र घटनामा संलग्नता भएको कुरालाई स्वीकार्दै प्रतिवादी स्वयम् उपस्थित भएको देखिँदा प्रतिवादी सागर अधिकारीलाई अ.बं. १८८ नं. बमोजिम कम सजाय

कैद वर्ष १२(बाह्र) तोकी राय जाहेर गरेको भएपनि माथि उल्लेख भएको अवस्था र स्थितिसमेतलाई विचार गर्दा प्रतिवादी सागर अधिकारीलाई कैद वर्ष ८(आठ) तोक्दा पनि न्यायको मक्सद पूरा हुने नै देखिएकोले प्रतिवादी सागर अधिकारीलाई कैद वर्ष १२(बाह्र) तोकेको हदसम्म उच्च अदालत, पाटनको राय सच्याई कैद वर्ष ८ (आठ) गर्दा मनासिब हुने ।

अतः उल्लेख भई विवेचना भएको आधार कारण र प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादी सागर अधिकारीको हकमा अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सजाय हुने ठहर गरी सुरू नुवाकोट जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरी उच्च अदालत, पाटनबाट मिति २०७३।१०।१० मा भएको फैसला मिलेको नै देखिएकोले सदर हुने ठहर्छ । मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम प्रतिवादी सागर अधिकारीको हकमा कैद वर्ष १२ (बाह्र) तोकी राय जाहेर गरेको सन्दर्भमा घटनाको प्रकृति, मृतकलाई छोडिएको प्रहारको अवस्था, पूर्वरिसइवीको अभाव र प्रतिवादी उपस्थित भई न्याय निरूपणको कार्यमा पुऱ्याएको सघाउसमेतका माथि वर्णित भई उल्लेख भएको आधार र कारणसमेतलाई दृष्टिगत गरी प्रतिवादी सागर अधिकारीलाई कैद वर्ष ८(आठ) तोक्दा पनि न्यायको मक्सद पूरा हुने नै देखिँदा उच्च अदालत, पाटनबाट मिति २०७३।१०।१० मा फैसला गर्दा कैद वर्ष १२ (बाह्र) तोकी राय जाहेर गरेको सो हदसम्म सच्याई प्रतिवादी सागर अधिकारीलाई कैद वर्ष ८ (आठ) हुने।

इजलास अधिकृत: दिपेन्द्र तिवारी

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७५ साल जेठ २९ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री डम्बरबहादुर शाही**, ०७३-CR-०७५९, कर्तव्य ज्यान, *दिपक चौधरी वि. नेपाल सरकार*

मृतक हासिराम चौधरीलाई आफूले फरूवाको बिँडले टाउकोमा हानेको कारणले निजको मृत्यु भएको कसुरमा प्रतिवादी पनि साबित भएको र निजले आफू र मृतकबीचमा पूर्वरिसइवी नरहेको र आफूलाई मृतकले गाली गलौज गरेको कारणले तत्काल उठेको रिस थाम्न नसकी फरूवाको बिँडले मृतकलाई हानेको भनी लिएको जिकिर सम्बन्धमा साक्षी सबुत पनि केही दिन नसकेको अवस्था हुँदा हासिराम चौधरीलाई मार्ने भनी मनसाय राखी पूर्णतयारीका साथ मृतक हासिरामले पहिल्यैदेखि गाली गरेको रिसइवी लिई राति सुत्न लागेको समयमा सिरानीमा राखेको फरूवाको बिँडले टाउकोमा प्रहार गरी छुट्याउन गएका गजलाल चौधरीसमेतलाई कुटपिट गरेको र निजको कुटाईको कारणबाट नै हासिराम चौधरीको मृत्यु भएको पुष्टि हुन आयो । यस्तो अवस्थामा पुनरावेदक प्रतिवादीहरूलाई ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी मिति २०७२।१०।१७ मा भएको पुनरावेदन अदालत, तुलसीपुरको फैसलालाई अन्यथा भन्न सकिने नदेखिँदा ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको फैसला उल्टी गरी आरोपित कसुरबाट सफाइ पाउँ भन्ने पुनरावेदक प्रतिवादी दिपक चौधरीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: विवेचित आधार र कारणहरूबाट पुनरावेदक प्रतिवादी दिपक चौधरीलाई अभियोग मागदाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वश्वसहित जन्मकैद सजाय गर्ने गरी भएको दाङ जिल्ला अदालतको मिति २०७२।०६।२४ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७२।१०।१७ को फैसला मिलेकै देखिँदा सदर

हुने।

इजलास अधिकृतः शिवप्रसाद पराजुली

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७५ साल वैशाख ४ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री पुरूषोत्तम भण्डारी र मा.न्या.श्री टंकबहादुर मोक्तान**, ०७२-CI-१६५२, दोहोरो दर्ता स्रेस्ता सुधार, *मालपोत कार्यालय, सुनसरी वि. बन्हु चौधरी*

आफ्नो नाममा दर्ता कायम रहेको र आफूले तिरो तिरी निरन्तर भोगसमेत गर्दै आएको उल्लिखित जग्गा नेपाल सरकारको नाममा समेत दर्ता भई दोहोरो दर्ता देखिएकोले उक्त कि.नं.१ को क्षे.फ. ०-६-१५ को जग्गा नेपाल सरकारको नामको दर्ता कट्टा गरी मेरो नाममा दर्ता गरिपाउँ भनी प्रत्यर्थी / वादीले मालपोत कार्यालयमा निवेदन दिएकोमा निवेदकले उल्लेख गरेको जग्गा निवेदक र नेपाल सरकारको नाममा समेत दर्ता भई दोहोरो दर्ता स्रेस्ता कायम हुन आएको देखिएकोले उक्त जग्गाको नेपाल सरकारको नामको दर्ता बदर गरी व्यक्ति विशेषको नाममा दर्ता कायम गरिदिने अधिकार यस कार्यालयलाई नभएको भन्ने आधारमा प्रत्यर्थी / वादी बन्हु चौधरीको नामको दर्ता मालपोत कार्यालय, सुनसरीले खारेज गरिदिएको देखिन्छ। सरकारको निर्णयअनुसार गठित साधिकार निकायले प्राप्त गरेको अधिकारक्षेत्रभित्र रही बसोबास प्रशासनबाट निर्णय गरी बसोबासको लागि वितरण भएको र सोही वितरणबाट प्राप्त गरी दर्तासमेत गराई बसोबास गरिरहेकोमा पुनः सरकारको अर्को निकायबाट बदर गरी बसोबास प्रशासकबाट निर्णय गरी दिएकोलाई बदर गर्नु औचित्यपूर्ण देखिँदैन भने यस्तो कार्यबाट सरकारी निकायमाथि अविश्वास बढ्न जाने।

बसोबास प्रशासकजस्तो तत्कालीन समयको सुकुम्बासी तथा बसोबास नभएका व्यक्तिहरूसँग सम्बन्धित समस्या समाधान गर्न सरकारद्वारा गठित आधिकारिक निकायको निर्णयले प्रत्यर्थी / वादी बन्हु चौधरीलाई दाबीको जग्गा हस्तान्तरण गरी सोही निकायको निर्णयको आधारमा निवेदकका नाममा दर्ता स्रेस्ता बनी उक्त दर्ता स्रेस्ता कायम रही रहेको र निजले नै कानूनबमोजिम तिरो तिरी भोग गर्दै आएको जग्गालाई बिना कुनै आधार र कारण सम्बन्धित जग्गाधनी (बन्हु चौधरी) लाई बुझ्दै नबुझी निजलाई थाहा जानकारी नै नदिई दोहोरो दर्ता भएको भन्ने आधारमा मात्र उक्त जग्गाको प्रत्यर्थी / वादी बन्हु चौधरीको नामको दर्ता खारेज गरी नेपाल सरकारको नामको दर्ता कायम रहने गरी मिति २०५१।२।२६ मा मालपोत कार्यालय, सुनसरीबाट भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्तको प्रतिकूल भएको देखिन आउने।

सुकुम्बासी तथा बसोबास नभएका व्यक्तिहरूको समस्या सरकारसँग सम्बन्धित समस्या भएकोले उक्त समस्या समाधान गर्न सरकारले सरकारी वा सार्वजनिक प्रकृतिको जग्गालाई उपयोगमा ल्याउन सक्ने नै देखिँदा बसोबास प्रशासक जस्तो तत्कालीन समयको आधिकारिक निकायको निर्णयले प्रत्यर्थी / वादी बन्हु चौधरीलाई हस्तान्तरण गरिसकिएको जग्गालाई औचित्यपूर्ण कारण बिना पुनः नेपाल सरकारको नाममा दर्ता गर्न मिल्ने नदेखिने।

अतः उल्लिखित आधार र कारणसमेतबाट जिल्ला सुनसरी भादगाउँ सिनवारी गा.वि.स. वडा नं.८ कि.नं.१ को ०-६-१५ को जग्गामा बन्हु चौधरीको दर्ता खारेज हुने र नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम हुने गरी मालपोत, कार्यालय, सुनसरीबाट मिति २०७१।०९।०९ मा भएको निर्णय बदर गरी उक्त जग्गाको दर्ता स्रेस्ता प्रत्यर्थी / वादी बन्हु चौधरीको नाममा कायम रहने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।९।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गीता श्रेष्ठ

इति संवत् २०७४ साल फागुन १६ गते रोज ४ शुभम्।

## एकल इजलास

१

**मा.न्या.श्री दीपककुमार कार्की,** ०७५-WO-०२१३, उत्प्रेषण, *खड्कलाल घर्ती वि. उच्च अदालत, पोखरा, बागलुङ इजलास बागलुङसमेत*

DNA परीक्षण प्रमाण बुझ्ने प्रक्रियाको एउटा क्रम हो । मुद्दाको विवादको निराकरण गर्नका लागि DNA लगायतका प्रमाण बुझ्न जिल्ला अदालत स्वतन्त्र रहन्छ । जिल्ला अदालतको प्रमाण बुझ्न पाउने अधिकारमा माथिल्लो अदालतबाट नियन्त्रण गर्ने बन्देज लाउन वा त्यस्तो स्वतन्त्रतामा हस्तक्षेप गर्न पनि मिल्दैन । DNA परीक्षण गर्ने आदेश गर्दैमा गोपनीयताको अधिकार हनन भयो भन्न मिल्दैन । निज विपक्षी यी निवेदकका छोरा हुन् वा होइनन् भन्ने नाता कायम मुद्दामा प्रमाणको मूल्याङ्कनबाट निर्णय हुन सक्ने अवस्था छँदैछ । यसरी प्रमाण बुझ्ने क्रममा बागलुङ जिल्ला अदालतबाट भएको आदेश सदर हुने गरी उच्च अदालत, पोखरा, बागलुङ इजलासबाट भएको आदेश अन्यथा नदेखिने ।

तसर्थ, विवेचित आधार कारणबाट बागलुङ जिल्ला अदालतबाट मिति २०७५।२।१० मा भएको आदेश उच्च अदालत, पोखरा, बागलुङ इजलासबाट मिति २०७५।३।२८ मा सदर भएकोमा सो आदेशमा कुनै त्रुटि देखिन नआएकोले निवेदकको निवेदन जिकिरसँग सहमत हुन सकिएन । सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४०(४) बमोजिम गरे बिराएजस्तो (Prime facie case) देखिएको अवस्थामा विपक्षीहरूबाट लिखित जवाफ लिनुपर्ने हुन्छ । तर प्रस्तुत प्रसङ्गमा त्यसप्रकारको अवस्था विद्यमान रहेको देखिन आएन । अतः यसमा विपक्षीहरूबाट लिखित जवाफ लिई रहन परेन । मातहतको अदालतमा विचाराधीन रहेको मुद्दाको काम कारबाहीमा असर पर्ने गरी रिट जारी गर्नुपर्ने अवस्था देखिएन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः इशा सुवेदी

इति संवत् २०७५ साल भदौ १३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७५-WH-००५१, बन्दीप्रत्यक्षीकरण, *सबिना राउत खड्का वि. महानगरीय परिसर, टेकुसमेत*

टंकबहादुर खड्कालाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १९ (४) तथा मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को दफा ९ बमोजिम पक्राउ पुर्जी दिई, थुनुवा पुर्जी, स्वास्थ्य परीक्षण गराई जरूरी पक्राउ पुर्जी स्वीकृत लिई निज टंकबहादुर खड्कालाई म्याद थपका लागि उच्च अदालत, वाणिज्य इजलास ललितपुरमा उपस्थित गराई मिति २०७५।०६।२३ गतेबाट नै लागू हुने गरी पहिलो पटक दिन ७ को म्याद थप प्रदान भई अनुसन्धान कार्य जारी रहेको मिसिल फाइलको अवलोकन तथा प्रत्यर्थीहरूको लिखित जवाफबाट स्पष्ट रहेको अवस्थामा विपक्षीलाई अधिकारप्राप्त निकायबाट कानूनबमोजिम म्याद थप लिई हिरासतमा राखी अनुसन्धान गरेको कानूनबमोजिम रीतपूर्वककै भए गरेको देखिँदा २०७५।३।३२ को जाहेरीको आधारमा पक्राउ गरेको र २०७५।६।२३ मा नै पक्राउ पुर्जी, थुनुवा पुर्जी, म्याद थपको अनुमति लिएकोमा लिखित जवाफको क्रममा अघिपछि भएको आधारमा मात्र बदनियत र गैरकानूनी थुना भन्न नमिल्ने । निवेदकको निवेदनमा उल्लेख भएबमोजिमको हक अधिकारको हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणीको आदेश जारी हुने अवस्था नदेखिँदा प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने ।

इजलास अधिकृतः जयराम श्रेष्ठ

इति संवत् २०७५ साल कात्तिक ०५ गते रोज २ शुभम् ।